## प्रकाशनबारे जानकारीः

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ द्वैमासिक प्रकाशन हो। ६८ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यो ऐतिहासिक पत्रिका सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो। तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ।

२. लेख रचना सोझै नेपाल प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदि विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथामिकतामा राखिनेछ। यसका साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ। समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ। पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नं. अनिवार्य यस नेपाल प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अङ्कदेखि नेपाल प्रहरीको वेबसाइटः www. nepalpolice.gov.np र nepol.cd मा राखिँदै आएको हुँदा सम्पूर्ण महानुभावहरूमा जानकारीको लागि अनुरोध गरिएको छ।

**- प्रहरी द्वैमासिक प्रकाशन**

**सम्पर्क**
**नेपाल प्रहरी प्रधान कार्यालय**
जनसम्पर्क शाखा, नक्साल काठमाडौँ
फो नं.: ०१-५७१९८२८, एक्सटेन्सन : १९३
इमेल : phqprs@nepalpolice.gov.np/phqprs@gmail.com
वेवसाइट : www.nepalpolice.gov.np

प्रहरी PRAHARI
असार-साउन २०८३

ISSN 26616122

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ | वर्ष ६८, अंक २ | असार-साउन २०८३



# प्रहरी

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

मे.अ.द.न. ६४/१५८

## द्वैमासिक प्रकाशन

वर्ष : ६८ अंक : २ २०८३ असार–साउन



**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि.अबि नारायण काफ्ले

**सल्लाहकार**
प्र.व.उ.दीप शम्शेर ज.ब.रा.

**प्रधान सम्पादक**
प्र.उ. हरिहर नाथ योगी

**सम्पादक**
प्र.ना.उ. मिन बहादुर कुँवर क्षेत्री
प्र.नि.रन्जु के.सी
प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**
प्रा.प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**
प्रा.प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**
एम.एस. प्रिन्टिङ्ग सोलुसन

**छपाइ प्राविधिक**
प्र.व.ना.नि. गोपाल ब.थापा
प्र.ह लक्ष्मी बोगटी
प्र.ज. चुडामणी भट्ट

**प्रकाशक**
**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**


## ✍ सम्पादकीय...

**विपद् व्यवस्थापनमा आपसी समन्वय आवश्यक**

नेपाल जस्तो भौगोलिक रूपमा जोखिमपूर्ण देशमा वर्षेनी प्राकृतिक विपद्का घटनाहरू भइरहन्छन् । मानव जीवनमा प्राकृतिक विपद्हरू भयानक, जोखिमपूर्ण र खतरनाक हुन्छन् । प्रत्येक वर्ष मनसुन सुरु हुनासाथ देशभर विभिन्न विपद्का घटनाले अनेकौं चुनौती थप्ने गरेका छन् । असार/साउन जस्तो वर्षातको समयमा बाढी पहिरो, डुबान तथा अन्य समयमा आगलागि, भूकम्प, चट्याङ्ग हावाहुरी लगायतका प्राकृतिक प्रकोपका घटनाले वर्षेनी ठूलो मात्रामा धनजनको क्षति हुने गरेको छ । प्राकृतिक प्रकोपजन्य विपद्लाई रोक्न, थेग्न तथा सामान्यतया पूर्वानुमान गर्न सकिदैन । तथापि प्रकोप जोखिम नियन्त्रण, न्यूनीकरण र व्यवस्थापन भने गर्न सकिन्छ ।

यस वर्ष पनि मनसुनजन्य विपद्का घटनाहरूमा जनधनको क्षति हुन नदिन एवम् उद्धार कार्यलाई प्रभावकारी बनाउन नेपाल प्रहरी लगायत अन्य सरोकारवाला निकायहरूले आवश्यक पूर्वतयारी सम्पन्न गरि उद्धार कार्यमा सक्रिय भइरहेको छ । नेपाल सरकारले सम्भावित जोखिम रहेका क्षेत्र, खोलानाला, नदी र पानीको बहाब उच्च हुन सक्ने राष्ट्रिय राजमार्ग, स्थानीय सडक सञ्जालमा विपद्को गाम्भीर्यता बमोजिम आवश्यकता अनुसार सवारी साधन सञ्चालनमा रोक लगाउन ७७ वटै

जिल्ला सुरक्षा समितिलाई निर्देशन दिएको छ। सो बमोजिम अविरल वर्षा भएको रात्री समयमा राजमार्गहरूमा यातायातमा रोक पनि लगाइएको छ । अवरोध भएका राजमार्ग/सडक तत्काल सञ्चालन गर्न आवश्यक पर्ने हेभी इक्युपमेन्ट चालक सहित चौबिसै घण्टा तयारी अवस्थामा राखिएको छ। खोज, उद्धार तथा राहतमा प्रयोग हुने न्यूनतम सामग्रीहरू तयारी अवस्थामा राख्न र सडक अवरुद्ध भई सवारी साधनहरू चल्न नसक्ने परिस्थितिमा कम्तीमा १५ दिनको लागि खाद्यान्न अभाव नहुने व्यवस्था मिलाउन सडक विभाग, सात वटै प्रदेश र ७ सय ५३ वटै स्थानीय सरकारलाई तयारी हालतमा राखिएको छ।

जल तथा मौसम विज्ञान विभागको मौसम तथा बाढी पूर्वानुमान महाशाखालाई मनसुन अवधिभर सातै दिन चौबिसै घण्टा सञ्चालन गर्ने व्यवस्था गरिनुको साथै खोज तथा उद्धार सामग्रीको अभाव हुन नदिन निजी क्षेत्र, संघ, संस्था, नागरिक समाज लगायतसँग सहकार्य गरी ड्रोन एशोसियशन, नेपाल एशोसियशन अफ र्‍याफ्टिङ्ग एजेन्सिज् लगायतलाई अनुरोध गरिएको छ। विपद् सम्बन्धी घटना गुनासा, सूचना तथा उद्धार सम्बन्धी सेवालाई थप, छिटो, सहज र प्रभावकारी बनाउने उद्धेश्यले विपद् हटलाइन नम्बरलाई सरलीकरण गरी (१२३४) जिल्लास्तरसम्म विस्तार गरिएको छ।

त्यसैगरी नेपाल प्रहरीले विपद् व्यवस्थापनमा प्रभावकारी जनशक्ति परिचालन र कुशल उद्धारका लागि आवश्यकता अनुसार अन्य सम्बन्धित निकायहरूसँग समन्वय गरि विशेषतः मनसुनजन्य विपद् हुनसक्ने जोखिमयुक्त क्षेत्र र सुरक्षित स्थानको जिल्लागत रूपमा पहिचान गरेसँगै विपद्को प्रकृति अनुसार उद्धार सामाग्रीहरूको मर्मत सम्भार गरी तयारी अवस्थामा राखेको छ। विपद्को अवस्थामा तत्काल परिचालन हुने गरी विपद् विशष्टिकृत कार्यालयहरू नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्रमा २ प्लाटुन र प्रदेश प्रहरी विपद् व्यवस्थापन गुल्ममा १/१ प्लाटुन उद्धार टोली २४ सै घण्टा उपकरण सहित तैनाथ रहेका छन् भने नेपाल प्रहरी प्रधान कार्यालय, काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी एवम् प्रदेश प्रहरी कार्यालयहरू, सबै जिल्ला प्रहरी कार्यालयका साथै चौकी स्तरसम्मका प्रहरी एकाइहरूमा समेत गरी विपद् प्रतिकार्यका लागि १०,०८५ जना तत्काल परिचालित हुनसक्ने गरी तयारी हालतमा रहेका छन् ।

सङ्क्षेपमा, विपद्का घटनाबाट हुने मानवीय तथा भौतिक क्षतिलाई नियन्त्रण, न्यूनीकरण र व्यवस्थापन गर्न सरकार, सरोकारवाला निकाय र आमनागरिक सबैले सचेतना अपनाउदै आपसी समन्वय गरी अगाडि बढ्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ मृत्युकालीन घोषणाको प्रमाणिक महत्व | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | १ |
| ♦ न्यायिक समानता र न्यायमा पहुँच | ✍ डा टीकाराम पोखरेल | १६ |
| ♦ भ्रष्टाचार जन्य कसुरमा स्टिङ अपरेसन.. | ✍ प्र उ मोहन कुमार थापा | ३६ |
| ♦ हदम्याद | ✍ पूर्व प्र ना उ भोजराज पाण्डेय | ५२ |
| ♦ सडक सुरक्षा र जिम्मेवार यातायात......... | ✍ प्र व ना नि बिष्णु थापा | ९२ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ माली | ✍ बाबुराम न्यौपाने 'उत्स' | ८ |
| ♦ बादल मुनिको देश | ✍ युवराज नयाँघरे | ९ |
| ♦ तरकारीको स्वाद | ✍ मुरारीराज मिश्र | १५ |
| ♦ अन्तर्दृष्टि | ✍ गङ्गा कर्माचार्य पौडेल | ३१ |
| ♦ केरा जस्तो | ✍ डा प्रेमराज सिलवाल | ४९ |
| ♦ सम्वाद | ✍ ईश्वर पोखरेल | ५६ |
| ♦ विश्व प्रसिद्ध 'स्ट्याच्यु अफ लिबर्टी'मा..... | ✍ घनबहादुर थापा | ५७ |
| ♦ मानव जीवनको अमृतः पानी | ✍ त्रिचन्द्र प्रतीक्षा | ६३ |
| ♦ नाकभित्र सिन्का | ✍ यशु श्रेष्ठ | ६५ |
| ♦ आर्थिक विकासका निम्ति औधोगिक..... | ✍ रत्न प्रजापति | ६९ |
| ♦ जीवनको तराजु | ✍ दशराज शाक्य | ७५ |
| ♦ धर्ती र आकाशको सामिप्यता | ✍ देवकी के. सी | ७७ |
| ♦ बिहेभोज | ✍ रामप्रसाद धिताल | ८० |
| ♦ पर्या-पर्यटन के हो र किन ? | ✍ राजेशमान के. सी | ८१ |
| ♦ त्यो सहयात्रा | ✍ विनोद नेपाल | ८४ |
| ♦ पैताला | ✍ बिन्दु अधिकारी ढकाल | ९६ |
| ♦ नेपालमा सार्वजनिक सेवा प्रवाहको.......... | ✍ गम्भीर बहादुर हाडा | १०१ |

## गीत / कविता /गजल


| | | |
|---|---|---|
| ♦ गीत | ✍ अर्जुन बाबु तिवारी 'गोरख' | ३० |
| ♦ गीत | ✍ इन्दिरा चापागाई | ३९ |
| ♦ मृत्यु | ✍ प्र स ह टिकाराम दुलाल | ४८ |
| ♦ नयाँ वर्ष | ✍ पदम दाहाल | ६२ |
| ♦ युवाको परिश्रम | ✍ शान्तिराम भट्टराई 'शारभ सिन्धु' | ६८ |
| ♦ फूलको बास्ना | ✍ प्र स ह गोविन्द राज ओझा | ७६ |
| ♦ शुभ रङ हाम्रो सिम्रीक | ✍ ध्रुवनारायण जोन्छैं | ७९ |
| ♦ गीत | ✍ दिपकराज विश्वकर्मा | ८३ |
| ♦ व्यस्तताको मजा | ✍ स प्रा गोबिन्द बहादुर कुँवर | ९१ |
| ♦ परिवेश सम्झन्छु | ✍ लक्ष्मी पोखरेल | १०० |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरु | संकलन : प्र व ना नि संगीता कार्की | १११ |
| ♦ रसबस | संकलन : प्र ज अभिन गुरुङ | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | संकलन : प्र व ना नि प्रमोद उपाध्याय पण्डित | ११२ |


**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# मृत्युकालीन घोषणाको प्रमाणिक महत्त्व



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी°

## १. पृष्ठभूमि

न्याय प्रदान गर्नु भनेको सत्यको खोजी गर्नु हो । सत्यको खोजी गर्नु त्यति सहज र सरल कार्य हुँदैन । सही, सत्य पहिचानका लागि न्यायसम्पादन कर्ताले प्रमाणको भर पर्नु पर्दछ । त्यसकारण प्रमाणलाई न्यायकर्ताको आँखाको रुपमा लिइन्छ । निर्णयको लागि न्यायिक निकायमा प्रस्तुत भएको विवाद समाधानका लागि मात्र नभई आफ्नो भनाइ ओजपूर्ण बनाउनका लागि समेत प्रमाणको संकलन, प्रस्तुतीकरण र मूल्याङ्कन अति महत्वपूर्ण हुन्छ ।

न्याय प्रदान गर्ने कार्य प्रमाणबाट पुष्टि भएको कुरालाई वैधानिकता दिने वा घोषणा गर्ने कार्य हो । विवादित विषयको सत्य, यथार्थको पहिचानका लागि प्रमाणको अपरिहार्यता भएको हुँदा प्रमाण सम्बन्धी व्यवस्था, प्रक्रियालाई आधुनिक कानुनी व्यवस्थामा अत्यन्तै प्राथमिकतामा राखिएको पाइन्छ । प्रमाण सम्बन्धी कानुनी व्यवस्थाको आवश्यकता, महत्व महसुस भई विशेष ऐनको रुपमा २०३१ सालमा प्रमाण ऐन जारी भएको हो ।

प्रमाण भनेको विवादित तथ्यलाई समर्थन वा खण्डित गर्न प्रस्तुत गरिने तथ्य वा वस्तु हो । अदालत वा न्यायिक निकाय समक्ष प्रस्तुत विवादित विषयलाई पुष्टि वा खण्डन गर्नका लागि प्रस्तुत गरिने तथ्य, साक्षी वा चिजवस्तु नै प्रमाण हो । विवादमा स्थापित वा पुष्टि गर्न प्रस्तुत गरिएको विषयलाई स्थापित वा प्रमाणित गर्न प्रस्तुत गरिने तथ्य, चिज वस्तु र साक्षीसमेतलाई प्रमाण भनिन्छ ।

यतिमात्र नभएर यसभित्र कतिपय संयोग वा परिस्थितिसमेत पर्दछन् । प्रमाण भनेको विवादका पक्षहरूले आफूले अदालतबाट स्थापित गर्न चाहेको तथ्यको सत्यता स्थापित गर्न वा सो तथ्य अर्को पक्षले लिएको दावी वा जिकिर भन्दा सम्भाव्यताका हिसाबले श्रेष्ठ छ भन्ने कुरा अदालतलाई मनाउन वा विश्वास दिलाउन प्रस्तुत गर्ने भौतिक चिज वस्तु र

• सहन्यायाधिवक्ता ।

साक्षी तथा तर्कसम्मत निष्कर्षमा पुग्न मद्दत गर्ने परिस्थिति हो ।[1]

**२. मृत्युकालीन घोषणाको परिभाषा**

मर्न लागेको मानिसले आफ्नो मृत्युको आभाष भई सकेपछि आफ्नो मृत्युको कारण वा आफ्नो मृत्यु हुने परिस्थितिको बारेमा व्यक्त गरेको भनाइ (Statement) लाई प्रमाण कानुनको दुनियाँमा मृत्युकालीन घोषणा भनिन्छ ।[२] मृत्युकालीन घोषणा स्वभावले सधैं सुनिजान्ने प्रमाणको रूपमा अदालतमा प्रस्तुत हुन्छ । मृत्युकालीन घोषणालाई सुनिजान्ने प्रमाणको अपवादको रूपमा प्रमाणमा ग्राह्य हुने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा ११ ले गरेको छ । जस अनुसार-"कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ" । मृत्युकालीन घोषणा जसको मृत्यु मुद्दामा ठहर गर्नु पर्ने कुरा वा सम्बद्ध कुराको रूपमा प्रश्नगत रूपमा रहेको छ सो व्यक्तिले आफू मर्न लागेको अवस्थामा मर्नुभन्दा अगावै होस छँदै आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको हुनु पर्दछ । तर अर्काको मृत्युको सम्बन्धमा वा आफ्नो मृत्युको कारणदेखि बाहेक अरू कुनै कुरा व्यक्त गरेको भए त्यसलाई मृत्युकालीन घोषणा भनिँदैन । यदि कुनै पनि प्रकृतिको मुद्दामा सो व्यक्तिको मृत्यु र मृत्युको कारण प्रश्नगत रूपमा रहेको छ भने सो कुरा प्रमाणमा ग्राह्य हुन्छ । सुक्ष्म रूपमा मृत्युकालीन घोषणा भन्नाले मरणासन्न अवस्थामा पुगेको व्यक्तिले आफ्नो मृत्युको कारणका सम्बन्धमा मृत्यु पूर्व गरेको बयान हो । त्यस्तो बयान निजको होस् रहेको अवस्थामा व्यक्त गरेको र निजको बयान निजकै मृत्युको कारणका सम्बन्धमा गरेको हुनु पर्दछ ।[३]

नेपाल सरकार वि. अजीज मुसलमान समेत भएको कर्तव्य ज्यान मुद्दामा[४] सर्वोच्च अदालतले देहाय बमोजिम सिद्धान्त प्रतिपादन गरेको छ :

◆ कुनै कागज मृत्युकालीन घोषणा हो वा होइन निर्क्यौल गर्न घोषणाकर्तालाई आफू मृत्युको सन्निकट रहेको आभास

१.रेवतीराज त्रिपाठी, प्रमाण, सबुद तथा सबुदको भारको सिद्धान्त तथा देवानी र फौजदारी मुद्दामा प्रमाणको भार, अभियोजन जर्नल, (२०७६), वर्ष २, अंक १, महान्यायाधिवक्ताको कार्यालय, पृ. ९५ ।

२. डा. श्रीप्रकाश उप्रेती, फौजदारी न्यायः सिद्धान्त र प्रयोग, (२०७७), पैरवी बुक हाउस प्रा.लि., पृ. १४९ ।

३. प्रा. डा. रजितभक्त प्रधानाङ्ग, सोमकान्ता भण्डारी, मृत्युकालीन घोषणाको धारणा, कानुनी व्यवस्था र यस सन्दर्भमा सर्वोच्च अदालतबाट भएका निर्णयहरू, नेपाल कानुन व्यवसायी परिषद् बुलेटिन, वर्ष २३ पूर्णांक २२ (२०७७), नेपाल कानुन व्यवसायी परिषद्, ललितपुर, पृ. २७ ।

४. ने.का.प. २०६७, अंक ४, नि.नं. ८३५४, पृ.६३० ।

भएकै हुनुपर्ने मानेको छ । सिद्धान्ततः आफू पक्कै मर्ने अवस्थामा पुगेको आभास घोषणाकर्तालाई भएको सम्बन्धित कागजबाट देखिएको छ भन्ने स्थापित भएपछि मात्र त्यसका अन्तरवस्तुमा प्रवेश गर्न मिल्ने ।

◆ मृतकको कथन मृत्युकालीन घोषणा हुनका लागि घोषणाकर्ता कति समयभित्र मर्न पर्छ भन्ने सीमारेखा तोकिएको हुँदैन । तर, सो कथन र मृतकको मृत्युका बीच मृत्युका अन्य कारण र अवस्था विद्यमान हुन भन्न नहुने ।

◆ प्रमाण ऐनको दफा ११ को सीमामा परेन भन्दैमा कुनै लिखित अभिव्यक्ति प्रमाण शून्य हुँदैन । प्रमाण ऐनका अन्य कुनै व्यवस्था अन्तर्गत त्यो प्रमाण हुन सक्दछ भने त्यसको न्यायिक मूल्याङ्कन हुन सक्ने ।

**३. मृत्युकालीन घोषणालाई प्रमाणमा लिनु पर्नाका कारणहरू**

प्रमाण मौखिक, लिखित वा दशीको रुपमा रहेको हुन्छ । मौखिक प्रमाण अन्य प्रमाण भन्दा कमजोर मानिन्छ । त्यसकारण मौखिक प्रमाण प्रत्यक्ष हुनु पर्ने मानिन्छ। सामान्यतया सुनिजान्ने प्रमाणलाई प्रमाणमा लिइदैन । कुनै व्यक्तिले देखे, सुनेको वा अनुभव गरेको कुरा अर्को व्यक्तिले अदालतमा गई व्यक्त गर्दछ भने सुनिजान्ने प्रमाण हुन्छ । प्रमाण कानुनमा सुनिजान्ने प्रमाण प्रमाण होइन (Hearsay evidence is no evidence) भन्ने महत्त्वपूर्ण सिद्धान्तको रुपमा रहेको छ । सुनिजान्ने प्रमाणलाई प्रमाणयोग्य प्रमाण मानिदैन । यस्तो प्रमाण अनुमानमा आधारित हुने, एउटा व्यक्तिले भनेको कुरा अर्कोले सुनी सुनेको आधारमा अर्को व्यक्तिमा सर्दै जाने प्रकृतिको हुने भएकोले यसको मौलिकतामा परिवर्तन, थपघट वा परिमार्जन हुन सक्ने सम्भावना रहन्छ । त्यसकारण सामान्यतयाः सुनी जान्ने प्रमाणलाई प्रमाणमा लिइदैन । त्यस अवस्थामा सतर्कतापूर्वक प्रमाणमा लिइन्छ । सुनी जान्ने प्रमाणलाई प्रमाणमा नलिनुका कारणहरू देहाय बमोजिम रहेका छन् :

◆ मौखिक प्रमाण प्रत्यक्ष हुन पर्दछ,

◆ सही रुपमा नसुनेको हुन सक्छ,

◆ पहिलो व्यक्तिसँग जिरह गर्न पाइदैन,

◆ सुनेको कुरा बाहेक थप कुरा दिन सक्दैन

◆ पहिलो व्यक्तिले सो कुरा भन्दै नभनेको पनि हुन सक्छ,

◆ पहिलो व्यक्तिको चालढाल, हाउभाउ हेर्न पाइदैन,

माथि उल्लिखित कारणबाट सिद्धान्ततः सुनीजान्ने प्रमाणलाई प्रमाण लिइदैन । तर सुनीजान्ने प्रमाण प्रमाण होइन भन्ने सिद्धान्त निरपेक्ष रुपमा रहेको छैन । यसलाई केही अपवादात्मक रुपमा ग्रहण गर्ने प्रचलन गरेको छ । जसलाई हाम्रो प्रमाण ऐनले पनि स्वीकार गरेको छ । जुन

निम्न बमोजिम रहेका छन्ः

(१) मौकामा व्यक्त गरेको कुरा, दफा १०,

(२) मृत्युकालीन घोषणा, दफा ११,

(३) खास अवस्थाका व्यक्तिले व्यक्त गरेको खास खास कुराहरू, दफा १२

प्रमाण ऐन, २०३१ पूर्व मृत्युकालनीन घोषणाका सम्बन्धमा नेपाल कानुनमा केही उल्लेख गरिएको थिएन। प्रमाण ऐन, २०३१ ले स्पष्ट रूपमा मृत्युकालीन घोषणा भनी नामाकरण नगरी सो ऐनको दफा ११ मा "कुनै मरेको व्यक्तिले आफू मर्न लागेको अवस्थामा मृतकले आफ्नो मृत्यु हुन पूर्व आफ्नो मृत्युको कारणका सम्बन्धमा कुनै व्यक्ति वा अधिकारीका सामुन्नेमा होस छँदै व्यक्त गरेको कुरा हो । मृतकले भनेको कुरा सुन्ने व्यक्तिले अदालत सामु व्यक्त गर्दछ भने त्यो प्रमाणमा लिन सकिन्छ । यस्तो प्रमाण अनुमानमा आधारित हुने, एउटा व्यक्तिले भनेको कुरा अर्कोले सुनी सुनेको आधारमा अर्को व्यक्तिमा सर्दै जाने प्रकृतिको हुने भएकोले यसको मौलिकतामा परिवर्तन, थपघट वा परिमार्जन हुन सक्ने सम्भावना रहन्छ। तर मृत्यकालीन घोषणालाई यस सिद्धान्तको अपवादको रुपमा लिइन्छ। मृतक मर्ने हुँदा दोस्रो व्यक्तिको भनाइ नै कसुर प्रमाणित गर्ने वा मृतकको मृत्युको कारण थाहा पाउने माध्यम हुने हुँदा यसलाई प्रमाणमा लिने गरिएको हो। प्रमाण ऐन, २०३१ मा "**कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ**" भन्ने कानुनी व्यवस्था गरिएको छ ।[५] मरणासन्न अवस्थामा पुगेको व्यक्तिको ओठमा सत्यको बास रहेको हुन्छ (Truth sits upon the lips of dying person) भन्ने मानिने हुँदा यसलाई प्रमाणमा ग्रहण गरिन्छ।

सुनिजान्ने प्रमाणको अपवादको रूपमा रहेको मृत्युकालीन घोषणालाई प्रमाणको रूपमा ग्रहण गर्दा अति संवेदनशील रूपमा लिनु पर्दछ । यो प्रमाण आफैमा मृतकको मौखिक भनाइमा आधारित रहेको हुन्छ। साथै भन्ने व्यक्तिको मृत्यु भइसकेको हुने र सो भनाइ सुन्ने व्यक्तिले अदालतमा उपस्थित भई बकपत्र गर्दछन्। आफैमा मौखिक प्रमाणको प्रामाणिक मूल्य लिखित र दसी प्रमाणको तुलनामा कम हुने साथै सुन्ने व्यक्तिले अदालतमा आई बकपत्र गर्ने हुँदा न्यायकर्ताले अति नै संवेदनशील रूपमा लिनु पर्दछ । मृत्युकालीन घोषणालाई प्रमाणमा लिँदा निर्दोष व्यक्ति फस्न सक्ने र प्रमाणमा ग्रहण नगर्दा सो घटनाबाट असर पर्ने व्यक्तिको मृत्यु हुने, सो घटना अरुले देखेको वा थाहा पाएको नहुने हुँदा अन्य प्रमाणको अभावमा कसुरदारले

५. प्रमाण ऐन, २०३१ को दफा ११।

सजाय नपाउने र दण्डहीनताले प्रश्रय पाउने अवस्था पनि हुन सक्छ । यी दुई अवस्थालाई विचार गरी प्रचलित कानुनका आधारमा मृत्युकालीन घोषणालाई प्रमाणको रूपमा ग्रहण गरी न्यायिक निष्कर्ष निकाल्ने गरिएको छ ।

मृत्युकालीन घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्युको कारणका सम्बन्धमा उल्लेख गरेको कुरा सुन्ने व्यक्तिले अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्थामा प्रमाणमा ग्राह्य मानिन्छ । साथै सो प्रमाणलाई अन्य प्रमाणबाट समर्थित गरेको अवस्था हुनु पर्दछ । यो आफैमा सुनिजान्ने प्रमाण भएको हुँदा प्रमाण कानुनमा अपवादको अवस्था हो । मृत्यु हुने व्यक्ति मरिसकेको हुने र निजले आफ्नो मृत्युको कारण होस छँदै व्यक्त गरेको कुरा प्रमाणमा लिँदा त्यसलाई सतर्कतापूर्वक लिने गरेको देखिन्छ । प्रमाण ऐनमा मृत्युकालीन घोषणालाई प्रमाणमा लिन सकिने उल्लेख भए पनि यसका कार्यविधिका बारेमा विस्तृत उल्लेख नभएको हुँदा अदालती व्याख्यालाई आधार लिनु पर्ने अवस्था रहेको छ ।

मृत्युकालीन घोषणालाई सुनिजान्ने प्रमाणको अपवादको रूपमा प्रमाणमा ग्राह्य गरिएको हुन्छ । ती कारण तथा आधारहरू निम्न प्रकार छन्ः–

(क) सर्वप्रथम मृत्युको नजिक पुगेको मानिसमा सांसारिक माया, ममता, मोह, पक्षपात, ईर्ष्या, द्वेषको भावना एवं मनकामना साधारणतया रहँदैन । मरणासन्न अवस्थामा रहेको मानिसमा सच्चाई तथा इमान्दारी जस्ता प्रवृत्ति र भावनाहरू जागृत भएका हुन्छन् ।[६] मर्नु अघि मानिस झुठ्ठो बोलेर मर्न चाहँदैन । यस अवस्थामा ऊ सत्यवादी भएर नै मर्न चाहन्छ । मानवीय तथ्य र वास्तविकतालाई ख्यालमा राखी मृत्युकालीन घोषणालाई प्रमाणमा ग्राह्य गरिन्छ ।

(ख) दोस्रो कुरा, साधारणतया मानिसको हत्या गर्नुपर्ने खालका अपराधहरू पूर्व सोच विचार गरी, पूर्व तयारी एवं योजना बनाई गर्ने हुन्छ । पूर्व सुनियोजित रूपमा गरिने अपराध गर्दा अभियुक्तहरूले वारदातको छनोट र समयको चयन गर्दा सकभर सो वारदात घटेको देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिमा मात्र मृतक व्यक्ति हुने ठाउँ र समयमा गर्ने हुन्छ । यसैले मृतक एक्लो मात्र सो अपराध देख्ने वा थाहा पाउने व्यक्ति हुन सक्छ । आफू मर्न लागेको कारण वा आफ्नो मृत्युको घटनाक्रमबारे मात्र सो मर्न लागेको व्यक्तिले व्यक्त गर्न सक्दछ र ऊ नै आफ्नो मृत्युको कारणबारे जान्न, थाहा पाउने नजिकको साक्षी हो । तसर्थ निजले आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त

६. प्रस्तावित प्रमाण विधेयक मस्यौदा र प्रतिवेदन, पृ. २१ ।

गरेको कुरा प्रमाणका रूपमा ग्राह्य नगरिने हो भने न्यायको उद्देश्य नै विफल हुन्छ । यसैले पनि, मृत्युकालीन घोषणालाई प्रमाणमा ग्राह्य गरिन्छ ।[७]

(ग) तेस्रो, 'Nemo moriturus proesumuntur' अर्थात् मानिसले मर्न लागेको अवस्थामा आफ्नो सृष्टिकर्ता ईश्वरलाई झुठ्ठा वा असत्य कुरा बोलेर भेट गर्न चाहँदैन भन्ने प्राचीन रोमन सूत्रको आधारमा पनि यसलाई प्रमाणमा ग्राह्य मानिन्छ । अर्को शब्दमा मानिस धार्मिक वा आध्यात्मिक कारणले गर्दा पनि मर्नु अघि झुठ्ठो बोलेर मर्न चाहँदैन र सत्य कुरा बोलेर मर्नुपर्छ भन्ने भावना निजमा जागृत भइरहेको हुन्छ । यसैले गर्दा पनि मृत्युकालीन घोषणा प्रमाणमा ग्राह्य गरिन्छ ।

(घ) 'Truth sits upon the lips of dying person' अर्थात् मरणासन्न अवस्थामा पुगेको व्यक्तिको ओठमा सत्यको बास रहेको हुन्छ भन्ने अंग्रेजी सिद्धान्तको आधारमा पनि यसलाई भर गर्न सक्ने भएको मानी प्रमाणमा ग्राह्य गरिन्छ ।

यी माथि उल्लिखित आधार तथा कारणहरूले गर्दा स्वभावले सुनिजान्ने प्रमाण भए तापनि मृत्युकालीन घोषणालाई अपवादको रूपमा प्रमाणमा ग्राह्य गरिन्छ ।

**४. मृत्युकालीन घोषणा प्रमाणमा ग्राह्य गर्न आवश्यक शर्तहरू**

मृत्युकालीन घोषणालाई सुनिजान्ने प्रमाणको अपवादको रूपमा सबै कानुनी व्यवस्थामा प्रमाणमा ग्राह्य गरिन्छ । तर, यसलाई ग्राह्य गर्न कानुनले निर्धारण गरिने बन्देजका शर्तहरूमा एक अर्कामा अन्तरहरू छन् । तसर्थ, यहाँ नेपाली प्रमाण कानुनमा निर्धारण गरिएका शर्तहरूलाई विवेचना गर्दै आवश्यकता अनुसार भारतीय तथा बेलायती प्रमाण कानुनसँग तुलना गरिएको छ । मृत्युकालीन घोषणा ग्राह्य हुन निर्धारण गरेका शर्तहरू मध्ये कुनै एकको अभाव भएमा त्यसलाई प्रमाणमा ग्राह्य गर्न सकिँदैन । सर्वोच्च अदालतले जीतेन्द्र कार्की वि. नेपाल सरकार[८] भएको मुद्दामा मृत्युकालीन घोषणा प्रमाणमा ग्राह्य हुनका निम्ति निश्चित शर्तहरू पूरा भएको हुनु पर्ने उल्लेख गरेको छ :

(क) मृत्युकालीन घोषणालाई प्रमाणको रूपमा पेस गर्दाको अवस्थासम्ममा सो घोषणा गर्ने व्यक्तिको मृत्यु भई सकेको हुनु पर्ने,

(ख) घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्यु पूर्व घोषणा गरेको हुनु पर्ने,

(ग) घोषणा आफ्नो मृत्युको कारण वा परिस्थितिसँग सम्बन्धित हुनु पर्ने,

(घ) घोषणा गर्ने व्यक्तिले आफू बाँच्न

७.रजितभक्त प्रधानाङ्ग, मृत्युकालीन घोषणा : एक चर्चा, नेपाल कानुन परिचर्चा, वर्ष ९ अंक २, पृ. ३४ ।

८. नेकाप २०७६ अंक ७, नि.नं. १०३१२, पृ. १४७२ ।

सक्छु कि भन्ने आशा त्यागिसकेको हुनु पर्ने,

(ङ) मर्ने व्यक्तिले आफ्नो वास्तविक ज्ञानको आधारमा स्वेच्छिक रूपमा गरिएको घोषणा हुनु पर्ने,

(च) मर्ने व्यक्तिले आफू होसमा हुँदा नै सो घोषणा गरेको हुनु पर्ने,

(छ) घोषणा गर्ने व्यक्ति मानसिक रूपले सबल रहेको हुनु पर्ने,

(ज) घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्युको कारणको बारेमा एक भन्दा बढी फरकफरक घोषणा गरेको हुन नहुने,

(झ) मृत्युकालीन घोषणा सुन्ने व्यक्ति अदालतमा साक्षीको रूपमा उपस्थित हुनको निम्ति योग्य हुनु पर्ने, र

(ञ) मृत्युकालीन घोषणा मौकामा व्यक्त भई अदालतमा आएर पुष्टि गरिएको हुनु पर्ने ।

**५. मृत्युकालीन घोषणा सम्बन्धमा सर्वोच्च अदालतको फैसला**

जीतेन्द्र कार्की वि. नेपाल सरकार[९]

घटना विवरण कागज गर्ने व्यक्तिहरूले किटानी साथ मृतकलाई कोही कसैले कुटेको भनी स्पष्टसँग नलेखाएको तर अदालतमा उपस्थित भई बकपत्र गर्दा निजहरूले प्रतिवादीले कुटी मारेको हो भनी मृतकले भनेको थिए भनी उल्लेख गरेको अवस्थामा मौकाको भन्दा फरक बेहोरा बकपत्रमा लेखाएको अवस्थामा सो कुरालाई मृत्युकालीन घोषणा मानी प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नमिल्ने सम्बन्धमा सर्वोच्च अदालतले शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेतको आधारमा कर्तव्य ज्यान जस्तो जघन्य अपराधमा प्रतिवादीलाई कसुरदार ठहर गरी सजाय गर्न मिल्ने देखिन आएन भन्दै मृत्युकालीन घोषणा प्रमाणमा ग्राह्य हुनका निम्ति निश्चित शर्तहरू पूरा भएको हुनु पर्ने उल्लेख गरेको देखिन्छ :

(क) मृत्युकालीन घोषणालाई प्रमाणको रूपमा पेस गर्दाको अवस्थासम्ममा सो घोषणा गर्ने व्यक्तिको मृत्यु भई सकेको हुनु पर्ने,

(ख) घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्यु पूर्व घोषणा गरेको हुनु पर्ने,

(ग) घोषणा आफ्नो मृत्युको कारण वा परिस्थितिसँग सम्बन्धित हुनु पर्ने,

(घ) घोषणा गर्ने व्यक्तिले आफू बाँच्न सक्छु कि भन्ने आशा त्यागिसकेको हुनु पर्ने,

(ङ) मर्ने व्यक्तिले आफ्नो वास्तविक ज्ञानको आधारमा स्वेच्छिक रूपमा गरिएको घोषणा हुनु पर्ने,

(च) मर्ने व्यक्तिले आफू होसमा हुँदा नै सो घोषणा गरेको हुनु पर्ने,

(छ) घोषणा गर्ने व्यक्ति मानसिक रूपले

९.नेकाप २०७६ अंक ७, नि.नं. १०३१२, पृ. १४७२ ।

सबल रहेको हुनु पर्ने,
(ज) घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्युको कारणको बारेमा एक भन्दा बढी फरकफरक घोषणा गरेको हुन नहुने,
(झ) मृत्युकालीन घोषणा सुन्ने व्यक्ति अदालतमा साक्षीको रूपमा उपस्थित हुनको निम्ति योग्य हुनु पर्ने, र
(ञ) मृत्युकालीन घोषणा मौकामा व्यक्त भई अदालतमा आएर पुष्टि गरिएको हुनु पर्ने । ♦♦♦

लघुकथा

# माली



✍ **बाबुराम न्यौपाने 'उत्स'**

"प्रिया ! हिँड तिमी र म ब्रमाण्डको सयर गर्न जाउँ ।" महादेवले पार्वतीलाई अंकमाल गर्दै भने । घुम्न जाने रहरमा पार्वतीका गुलाफी ओठमा खुसीले मधुर मुस्कान फुल्यो । दुबैजना विश्व ब्रमाण्डको सयर गरेर साँझ कैलाश पर्वत फर्किए ।

"प्रभु, यत्रो भीमकाय ब्रमाण्डको यात्रा गर्दा पृथ्वी जस्तो अर्को सुन्दर ग्रह कतै भेटिएन । मानिस जस्ता पौरखी प्राणी पनि कतै देखिएनन् त ‼ तर....." ‼ पार्वतीले आफ्नो शिर महादेवको छातीमा अड्याउदै भनिन् । "भन प्रिया ‼ के तर...।" महादेव जिज्ञासु बने।

"यस्तो अद्भुत ग्रहमा बसोबास गर्न पाएर पनि मानिसले पृथ्वीको उछित्तो काढिरहेका छन् । आश्चर्यजनक प्रगति गरेर पनि आपसमा लडेर मरिरहेका छन्, विध्वंस मच्चाइरहेका छन् । किन यस्तो प्रभु ?"

महादेवको अनुहारमा गम्भीर भाव छायो ।

"वैभवशाली पृथ्वी सिँगार्न र संरक्षण गर्न मानिसलाई जिम्मा लगाएको हो तर ऊ मैमत्ता बनिरहेको छ । कल्याणी धरतीको पोल्टामा बारुदको विस्फोटक रास थुपार्दैछ । प्रदूषणको पहाड उठाउँदैछ । मान्छेले कर्मको फल भोग्नै पर्छ ।" महादेवले पार्वतीका मुलायम हात सुम्सुम्याउँदै भने ।


"प्रभु ! म पृथ्वीबासीलाई एउटा सन्देश पठाउँछु है ! अझै त पूरै बिग्रीसकेको छैन ।" महादेवले स्वीकृतिमा आँखीभौं माथि उचाले ।

सम्पूर्ण पृथ्वीको चारैतिर आकाशवाणी फैलियो ।

"बेलैमा होस पुऱ्याउ ! मानिस पृथ्वीको मालिक होइन, माली हो ।"

नियात्रा

# बादल मुनिको देश



✍ युवराज नयाँघरे

पोको पारेँ झोला !

रूपेश भाइले संसार डुलाएर ल्याइदिएथे सञ्जयका कुटीमा । बिहानै निस्केका उनले खबर गरेथे- 'दाइ, झोला पोको पारिराख्नु है । म आइपुग्छु । अनि जाउँला एयरपोर्ट ।'

लु, भने-भने जस्तो गरेँ । घाम तेर्छिएपछि भाइ आए । अनि हामी बाटो लाग्यौ ।

ओहो, पाइलै नसर्ने गाडीको चटारो छ । यै पाराले पुगिएला त एयरपोर्ट । मेरो हवाइजहाज यी गाडीका पाङ्ग्राले छेक्ने भए त ? मनमा उर्खुलमाउलो उर्लियो ।

अकल्याण्डको मूल सहर छोड्दै घिस्रिरहेका छौँ बेलुकी पाँच बजेसम्म नपुगे त मेरो हबिगत हुन्छ त । ओहो, नाघ्न मिल्ने यी गाडीका ताँती फड्केर जानु हुन्थ्यो ।

'नआत्तिऊँ दाइ, पुगिएला ।' सञ्जयले थामथुम पार्न छोडेका छैनन् ।

मेरा ओठ थर्थराएको, कान रात्तिएको, गाला रन्किएको, आँखा बल्भिएको र परेली उफ्रिएको देखेर उनी पनि अत्तालिएका हुँदा हुन् । मनको डर पोखिने बाटो नि कति धेरै ।

सहर नाघ्दै-नाघ्दै गइरहेका छौँ । ताँती जोडिने, फुस्किने र फेरि गुजुल्टिने भइरहेको छ । चिप्ले किरा पाइला सार्न हामी पनि लागि परेका छौं ।

अकल्याण्ड सहरको पुछारतिरको समुद्र लमतन्निएर आँखा सामु आउँछ । निलो सागरमा घाम, छायाँ र लहर कुदाकुद गरेको देखिरहेको छु । हरेकका फरक वेगिँदा चित्र छन्- नजिकिएको साँझको अँध्यारोबाट जोगिन तिनको लम्कीझम्की हो कि यो ।

समुद्रको किनारै किनारमा छौं ।

'सफा, सुकिलो र सुग्घर बाटोमा यो कति धेरै भिड ।' गनगन हुँदैछ आँखा र मनको ।

मैले अत्तालिई-अत्तालिई सहनु छ । सहु-सहु, सहु बाबु सहनै नसके पनि कविता गुञ्जिए- समका ।

यस्तै छटपटी, रनभुल र उफानमा घिस्रिरहेका छौं ।

'भाइ, साँच्चै समयमा पुगिन्न कि ?' मेरा ओठमा फुस्किरहने यत्ति शब्द

हुन् । भाइ पनि अत्तालिन थालेका छन् ।

'अरबौं मान्छेमा मात्र तिमी एक्लो । त्यो अरबौंको समस्या सुल्झे जस्तो समाधान नि आउने छ ।'

'सहयोग गर्ने, अप्ठेरोमा औंलो तान्न सघाउने अरबौं भित्रैबाट एक जना आउने छ ।'

मनमा कताकति एउटा आशा पनि छँदैछ । हो त्यो एउटा मान्छे अहिलेलाई सञ्जय भएको छ ।

यसो कुइनेटो जस्तो बाटोदेखि सडकको भिड पातलियो ।

समुद्र कोल्टियो । निलो आकास र सेता बादलमा फूलबुट्टे छिर्काछिर्की पूर्वपट्टि खुबै देखिरहेको छ । विमानस्थल जाने गाडी छुटिदा छन् । अगाडि अर्को राजमार्गीतिर गाडीको हूल बांगियो । हामी पातलिएको लस्करमा मिसिएका छौं ।

बाटोमा ठूला-ठूला पाङ्ग्रा भएका ५-६ ओटा साइकल थिए । ती बेतोडले हुँइकिने, थामिने र वेगिने गरिरहेथे । यी यहाँका 'डन' रे यस्ता कर्कश स्वर फलाकेर वेगिने ग्याङहरूलाई यता सरकारलाई हल्लाउने आँट गर्छ रे ।

अकल्याण्ड सिटी हस्पिटल छेउमा भेटिएका भारतीय विद्यार्थीको हूलमा कुरा सुनेथैं- 'हेर केटा हो, यिनको तागत चर्को छ । यहाँको सरकार पनि थरथरी हुन्छ बेला-बेला । नजिक नपर्नु है ।'

अर्को जुल्फे फिजी मूलको भारतीयले भनेथ्यो- 'यी बारूला हुन् । टोक्छन् है ।'

भाइले भनिरहँदा म अस्तिका कुरा सम्झन पुगेछु ।

सुनेथैं- 'यहाँको प्रहरीले पनि यी डनको जत्थालाई खासै तह लाउन सकेको छैन ।'

खसखस मेट्न भाइलाई सोधैं- 'के गर्नु दाइ, पुलिसले उल्टै कुटाइ खान्छन् अपराधीबाट । पुलिसले हात चलाउन मिल्दैन । मानव अधिकार उच्च भएको देश हो यो ।'

'कानुन त उदार छ । पुलिस नै घाइते भएर लछारपछार पारिन्छन् यहाँ अपराधीबाट । प्रहरीले चोर, फटाहा र दुष्टका हप्कीदप्की सुनिरहनु पर्छ । किनभने कानुनले बाँधिएको छ प्रहरी, अपराधीले यी सबै बार भत्काइसकेको हुन्छ ।'

दिनभरि घुम्दा पनि पुलिस नदेखेपछि पामिस्ट्रान नर्थमा गोपाल भाइले मलाई सुनाएथे ।

हुन पनि मैले न्युजिल्याण्ड बसुन्जेल एकै दिन पनि पुलिसको छायाँसम्म देखिनँ । एउटा घोर अनौठो, छक्क, विष्मय लागेथ्यो । पामिस्ट्रान नर्थको पुलिस स्टेशनमै जाँदा पनि देख्न पाइएन । कुनै कार्यालय, बजार, अस्पताल, विमानस्थल, चोक वा मलतिर पनि

पुलिसको दर्शन पाइएन।

बाटो मोडिएर पूर्व लाग्यो। फेरि पश्चिम हुँदै दक्षिणतिर अब तन्कियो बाटो। त्यतै वेगियौ हामी।

झोला झारेर विमानस्थलमा पुग्यौं। बाटाभरि पाङ्देन, दोचा, टोपी लाएका शेर्पिनीहरू देखे। म फर्की फर्की हेर्दै थिए। हिलारीको देशमा शेर्पाहरू पाहुना भए कि रैथानिन पुगे। त्यता खोजी गरूँला आउँदा दिनमा। सुनेको छु- सयौं परिवारलाई न्युजिल्याण्ड एडमण्ड हिलारीले बसोबास गराएका छन्।

सञ्जयकी सानी छोरी थिइन्। ती छुनुमुनु, चञ्चल र हृदयमा उज्यालो फुलाइरहेकी सानी नानी देखेर अबको बाटो भारी नहुने ठान्दै थिए म। जति मन हलुँगो उत्ति निर्बाध हुन्छ बाटो।

त्यसपछि हामी अँगालियौ। हात मिलाएर छुट्टियौ। सञ्जयले २-४ तस्बिर किलिक्याएर भने- 'छोटो मिठो सत्कार, घुमघाम, बसाइ भयो। हजुरलाई बिदाइ गर्ने बाहेक अरू सबै मिठो रह्यो।'

हात हल्लाउँदै गर्दा भाइले भनिरहे- 'घुमघामभन्दा मिठो कुराकानी, गफगाफभन्दा मिठो सम्झना। भाइभन्दा मिठो कल्पना, फेरि कहिले भेट होला भन्ने कल्पना...। हो दाइ सबै मिठो।'

म कति धेरै भावुक भएँ।

भाइ बोलिरहे- 'फेरि भेट्नु पर्छ। नियमित सम्पर्कमा रहिरहनु पर्छ। पुगेपछि एउटा शब्द घर भित्रिएर लेखन नबिर्सनु ल।'

यति भनेर उनी हराए बाहिरको भिडमा। म भित्रिए। भिड, घन्चमन्च, ताँती र हूलहाल। सुटकेस, झोलाको लस्कर। पासपोर्ट, टिकट लर्कन। त्यही लस्करमा उभिएँ म। एक्लो, पूरै एक्लो, हरेक स्थितिले एक्लो।

आफ्ना हितैषी र भरपर्दाहरूसँग छुटेपछि मन भयो धमिलो। हो, अँधेरो। पूरै चकमन्न। हो, एक्लो-एक्लो।

सबै चेकजाँच सकियो। तर मनमा एउटा डर थियो- गेट नभेटाउँला कि ? यो मेरो एक्लो डुलाई त्यस्तो खेप थियो। अंक, नाम र उल्लास भुलेर गेट बिर्सला कि ? यो तराना नि छँदैछ।

'झोलाको सामान बढी हुने त होइन ?' अर्को शंकाले चिमोट्न छोडेको छैन।

भाइले टिकट थमाएर भनेथे- '१६ एल गेटतिर जानु है।'

आँखा नाच्न थाले। यताउता हरेक कुरा नयाँ छन्। नौला लाग्छन्, नवीन भएर देखिन्छन्। पाइला घिसारे पनि मन हाकिरहेकै।

सुरक्षा जाँच, सामान तौल, टिकट सोधपुछ सबै सकेपछि यो भिडमा पसेथें। गेट खुलेको छैन। वाईन, पर्फ्युम, केक बेच्ने सुन्दरीहरू। ती पनि पर्फ्युमभन्दा

कम महकिदो छैनन् र ? ती पनि वाईनभन्दा कम मादक छैनन् र ? ती पनि केकभन्दा कम भरिपूर्ण छैनन् र ?

यता, उता गर्छु । जति गरे पनि गेट खुलेको छैन । हात-हातमा वाईन बोकेर चिनियाँ, भारतीय र युरोपेली तरूनीहरू टाँस्सिनै खोज्छन् । केक बेचिरहेका युरोपेलीहरू रूपसी घोप्टिरहेकै छन् पसलका र्‍याकमा । ए माओरी रूपसी, तिमी हत्केलामा एउटा पपकर्न लिएर उभ्यौत । म किन्छु । सामुन्ने त मेरा आँखाले यो देशकी आदिवासी कन्या खोजिरहेकै छ ।

भारतीय र चिनियाँ तरूनी तैछाडमैछाड गरिरहेका छन् वाईनका लाम्चा बोतल बोकेर । ओहो, कति धेरै मेरा छिमेकीहरू ।

देशै ठूलो-मान्छे धेरै छन् मान्छेले ।

१६ एल गेट हेर्न छेउसम्म पुग्छु । ए, बि, सि, डि, वर देखियो । एल छैन । सानो छ भन्थे अकल्याण्डको विमानस्थल । हत्तेरिका, यत्रो ठूलो छ ।

'कसरी सानो, किन सानो ?'

'ठूलो चैं कत्रो हुन्छ त ?' मनमा तर्क बितर्कले किचघान गर्न छोडेको छैन ।

चकलेट, कफी ब्याग अनेक कोसेलीको लर्कोमा मन पुर्‍याउँछु । सजाएर बेच्नेहरूको हरेक कुरा नशालु छन् । हुन त कम्पनीले यो नशालु नबनाए खरिद गर्ने त्यत्तिकै किन झुम्मिदा हुन् ?

म त खल्ती छाम्छु- अस्ट्रेलियन सय डलर छ ।

एउटा गल्ती गरैं- दिर्घमाया दिदीले ५ को न्युजिल्याण्ड डलर दिनुभा थियो । त्यहाँ एडमण्ड हिलारीको तस्बिर अंकित थियो । मैले सानी भुरीलाई दिएँ । अर्कै नोट दिनु पर्ने कस्तो गल्ती गरैं । पाँच डलरभन्दा पनि अहिले सय डलरको खिन्न भो मन ।

ड्युटी फ्रीमा सयमा रातो पोछुटुकाको फूल जतातते सजाइएथ्यो । न्युजिल्याण्डको यो चिनो, यो कोसेली र यो सम्झनाको घारीमा म डुबिरहेको छु निरन्तर... निरन्तर... ।

सम्बन्ध र प्रेम गाँस्न, आत्मीयता र हार्दिकता गाँस्न, स्नेह र नाता गाँस्न धेरै समय कहाँ पाइन्छ र ? सञ्जयकी सानी छोरी, गोपालकी सानी छोरी, यतिखेर सम्झिरहेको छु । मनभरि ती नाचिरहेका, उफ्रिरहेका, ट्याउट्याउ बोलिरहेका र तिनको छुनुमुनुपनाले चिमोटिरहेको छ ।

तलपट्टि जहाजको ताँती छ । इमिरेट्स, क्वान्टम, चाइना एयर, एयर न्युजिल्याण्डका विशाल जहाज छन् । रंगीबिरंगी ती विमान कोही गुडिरहेका, कोही थन्किइरहेका र कोही सामान लादिरहेका देखिन्छन् ।

'यी मध्येका म उड्ने कुनमा होला ?' आँखाले पछ्याउन छोडेन

जहाजलाई ।

गेट र ड्युटी फ्री कक्ष आउजाउ गरिरहन्छु । हलुका झोला छ । गुड्ने बाटो भएकाले हिँडिरहन मन गरेको छ । निकैपछि भित्तामा देखियो- गेट फेरिएको सूचना । '१८ मा जानु है' यसो भनेको भनेकै गऱ्यो भित्ताको माइकले पनि ।

अब ढुक्क छ । गेट १८ मा एउटा डुलन्ते ।

२३ नोभेम्बर, २०२३ ।

फाट्टफुट्ट मान्छे आउन थाले । अब बिस्तारै थुप्रिन थाले । चिनियाँ, भारतीय, युरोपेली, फिजी, अरेबिकहरू झन् बढ्ता ।

केटाकेटीलाई छुकछुक गर्न कुनै आफ्नै घर, आँगन र मैदान नचाहिने । एउटा अरबी आफ्नै चढ्दोबढ्दो बैंसकी छ- बूढो छ सय मुजे । बैंसेका चार छोरी छन् । एउटा छोरो छ- चञ्चले ।

तरूनी छोरीहरूका अनुहारमा जोबन बरू मुर्झाएको छ । फुल्दो, खुल्दो र चढ्दो रूपकी छ समय रूप खुल्न नाता नचाहिने । बैंस चहकिन नाता नचाहिने ।

छोरो छ अति छुकछुके- कति बेला घुँडा सड्काएर रून थालेछ । बूढो बाबुले त्यो बेला यसरी हेऱ्यो जोडीलाई ।

'आफ्नो ज्यान खयाल गरी राम्रिएर बसिस । छोराको वास्ताव्यस्ता तैले गरिनस् नक्कली ।'

सायद यही अर्थ हुँदो हो उसको आँखा तराई ।

म फेरि पनि चिसिएँ ।

निकैपछि ओइरिए मान्छेका हूल ।

अनि लर्को बिस्तारै अन्तिम चेक जाँचमा फस्यौं । मैले पानीको बोतल हुऱ्याएँ, बिस्कुटको पोको हुत्याएँ, चकलेटका कन्चाकुन्ची मिल्काएँ ।

अब अर्को देशमा जाँदा त्यताको नीति नियम नमानी भो त ।

जहाजमा मेरो सिट पुछारमै रहेछ । अब ओर्लिने बाहेक अरू चिन्ता गर्नु थिएन मैले । म ओर्लिसक्दा मेरो झोला समात्ने सानी छोरी, अरू भाइहरू आइसक्थे । मैले यो तीन घण्टा सन्चोले बस्नु बाहेक अरू कुनै बित्दो थिएन ।

मैले सयौं चोटि संसार घुमे पनि यो जहाज तुरून्तै उडेर तस्कान समुद्र छिचोल्ने थिएन । मैले मात्र चुपचाप, धैर्य र शान्तिसँग पर्खनुको विकल्प थिएन ।

पर्खेरै मन बाँध्नुको अर्को उपाय थिएन ।

मैले संसार थर्काइरहेको माओरी गाडीमा डामे बिरी टे कानावालाई भेटिन । राजनीतिको आलोकलाई चहक्याउने डामे टरियाना टुरियालाई पनि भेट्न सकिनँ । प्रसिद्ध सिनेमा निर्माता टाइमा वाइटिटीलाई भेट्ने रहर अधुरै भो ।

यहाँका नामी हिमालहरू

टासमान, तादानकी, माउन्ट सेफ्टोन, माउन्ट रोबर्ट र हिकुराङ्गीको अँगालो सम्झिरहेको छु। यहाँका टिटिइया, माउन्ट टोङ्गारिदो, माउन्ट पाकु, टेमाटा पिक र माउन्ट कुक जस्ता पहाडका चुलीले मलाई बोलाइरहेथे।

मलाई वाइकाटो नदी, राकिया नदी, अमोन नदी, सोटो भर नदी, ओहिनो मुरी नदीका छालले डाकिरहेथे । मलाई सेन्ट मायर्स क्याथोलिक चर्च, सेन्ट कुन्सटान्स चर्च, बक्स साइड चर्च र ओल्ड सेन्ट पर्ल्सले पनि बोलाइरहेथे।

त्यस्तै स्वामी नारायण मन्दिर-अकल्याण्ड, शिव मन्दिर-अकल्याण्ड, वुरिनचि कुमाइन मन्दिर-विलिङ्टन, गणेश मन्दिर-अकल्याण्डको आँगन टेक्न नि मैले सकिनँ।

मैले चित्रकार मोको छुइ, मिकी थोमस, नातासा किआटिङ, रोनाटेल्स, रोबिन काडुकिआका पानी र तैल चित्र हेरे पनि तिनका क्यान्भासका कथा सुन्ने मौका पाइनँ।

न्युजिल्याण्डका नामी संगीतकार डेबे डोबिबयतालाई सुने पनि भेटिछाड्ने रहर थन्कियो।

हेल्लो गायिकाहरू। सुन त ब्रुक फ्रेसर, किम्बारा, होली स्मिथ, युलिया मकिलिनसँगै इराकाहलाई कसरी बिर्सनु र ? तिनले सुसेला हाले पनि भेटिनँ, सकिनँ- नजिक गएर तीसँगै रमाउन।

मैले यतिखेर लामो समय न्युजिल्याण्डलाई गति दिने पूर्वप्रधानमन्त्री जेसिन्डा एर्डर्नलाई पनि सम्झिरहेँ । यो अप्ठेरा, जटिलता र प्रतिकूलतासँग भागिनन्। कालो बादल बेस्सरी मडारिएको छ।

दिन निकै चिसो छ। हावा चलेर मन पनि अँध्यारिएको छ। भोक अहिले लाग्दैछ। तातो कफी खाने मन छ। तर खोज्नु पो कसरी ?

पूर्वीतिर अकल्याण्डको घामले पश्चिमतिर पनि रातो बादल पोतेको देखिन्छ। एयरपोर्ट नजिक समुद्रको हार्बर घुसेको देखिन्छ। पोर्टर हार्बर हेराहेर गर्ने स्थिति रहेछ।

जहाजले वेग मार्नेतिर पूरै समुद्रको टिलपिल-टिलपिल छ। समुद्रको छाल छोएर जहाज उड्ने रहेछ।

मेरा लागि न्युजिल्याण्ड हृदयको एउटा फूल भयो- वास्ना, रूप र मादकताले पूरै लठ्याएको । म कति धेरै बेरिएछु त्यहाँको अँगालोले, म कति पक्क परेछु त्यहाँको मुस्कानले, म कति थल्लिएछु- त्यहाँको हार्दिकताले।

त्यसो त संसारलाई सगरमाथा चिनाउने एडमण्ड हिलारी पनि अकल्याण्डकै हुन् । उनको घर हेर्ने मन थियो । चाँजोपाजो मिलाउनै सकिनँ ।

एक खुट्टाले सगरमाथा चढ्ने मार्क जोसेफ इङलिस पनि सम्झिरहेथेँ ।

एडमण्डकी पत्नी जुन मूलग्रीलाई मनको एउटा कुनाबाट हेरिरहेँ- जसले हरेक पाइला चाल्ना साथ साहस र साँचो प्रेम अर्पिरहिन् । म किबीहरूसँग एकोहोरिएछु ।

जीवन त कपासको फूल हो- किराले नखाए, हावा नखसाले, चट्याले नधुलाए फक्रेर एक दिन धागो बन्न सक्छ । त्यही धागोमा बेर्रिएर न्यानो र इज्जत दिन सक्ला कपासले । हेल्लो न्युजिल्याण्ड ङा मिही अर्थात् धन्यवाद ।

तिमीलाई जानेबेला भनिरहेछु- मनैदेखि ङा मिही न्युजिल्याण्ड ।

जहाज अस्ट्रेलिया उड्दा मध्य रात भइसकेथ्यो । तर मेरो मनमा उज्यालो आइरहेथ्यो-सेतो बादल मुनिको देश अर्थात् ओटेकारोवा । ♦♦♦

लघुकथा

# तरकारीको स्वाद

✍ **मुरारीराज मिश्र**



"तिमीले पकाएको तरकारीको स्वाद किन यत्ति मिठो हुन्छ ? मैले पकाएको बेलामा यस्तो स्वादिलो कहिल्यै हुँदैन त !" खाना खाँदै गर्दा रमेश आफ्नी श्रीमती सुशीलालाई प्रायः यही प्रश्न गर्ने गर्थ्यो । "तपाईं सधैं मिठो मानेर खाईदिनु हुन्छ त्यसैले होला नि !" सुशीला हाँसेर जवाफ दिन्थिन् । "उही तरकारी, पकाउने तरिका पनि उस्तै, हाल्ने मसला पनि उही तर स्वादमा भने यस्तो अन्तर कसरी त !" रमेश छक्क पर्थ्यो ।

"तरकारी पकाउँदा म अलिकति माया समेत मिसाउँछु क्या !" सुशीला पनि यसरी नै भन्थिन् । आज फेरि रमेशले उस्तै प्रश्न सहित तरकारीको स्वादको तारिफ गऱ्यो ।

बिहे गरेको छ महिनादेखि यस्तै प्रश्न झेलिरहेकी सुशीलाले यसपटक भने रमेशलाई नढाँट्ने बिचारले भनिन् "तपाईं साकाहारी, मलाई भने सानैदेखि माछामासु मनपर्ने । भान्सामा मासु पाकेको बेलामा, म मासुको अलिकति झोल तपाईंको तरकारीमा पनि मिसाईदिन्थे त्यसैले फरक स्वाद लागेको हो तपाईंलाई ।"

भात खाँदै गरेको रमेशले एकछिन वाल्ल परेर श्रीमतीको मुखमा हेऱ्यो । "झोल त पहिलेदेखि नै ख्वाउँदै आएकै रहिछौ, अब के बार्नु ? लौ दुईवटा टुक्रा पनि हाल्देऊ यसमा !" उसले थाल अघि बढाउँदै भन्यो !

# न्यायिक समानता र न्यायमा पहुँच



✍ डा. टीकाराम पोखरेल

**लेखसार**

न्यायिक समानता र न्यायमा पहुँच लोकतन्त्रको अधारभूत मान्यता हो । न्यायिक समानता र पहुँच विना लोकतन्त्रको सुदृढीकरण हुन सक्तैन । लोकतन्त्रको वास्तविक मूल्य तब मात्र प्रतिविम्बित हुन्छ, जब आमनागरिकले आफ्नो अधिकारको संरक्षणका लागि अन्यायको विरोध गर्न, न्याय खोज्न र न्यायको प्रत्याभूति भएको महसुस गर्दछन् ।

न्यायिक समानता र न्यायमा पहुँचका लागि राज्यका निकायहरूको क्षमता अभिवृद्धि र नागरिकहरूको सशक्तीकरण हुनु आवश्यक छ। समसामयिक सन्दर्भमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्नलगायतका सीमान्तकृतहरूको न्यायमा पहुँच विस्तार गरी स्रोत र साधनको समन्यायिक वितरण गरिनु आवश्यक छ। न्यायिक अधिकारको सुनिश्चितताका लागि न्यायपूर्ण समाज अपरिहार्य हुन्छ र यो मानव अधिकारको जगमा मात्र सम्भव छ।

न्यायिक समानता र पहुँचका लागि न्यायिक व्यवस्थाभन्दा बढी न्यायिक प्रक्रिया महत्वपूर्ण हुने गर्दछ। तर नेपालको सन्दर्भमा न्यायिक व्यवस्थाहरू सबल भए पनि न्यायिक प्रक्रिया र त्यसको कार्यान्वयन पक्ष अत्यन्त दुर्बल भएकाले न्यायिक समानता र पहुँचमा अपेक्षाकृत परिणामहरू प्राप्त हुन सकिरहेका छैनन् । तथापि राज्यका निकायहरूबाट न्यायिक समानता र पहुँच स्थापनाका लागि केही प्रयासहरू हुँदै नभएका भने होइनन् । खासगरी कानुनी शासनको स्थापनामा राज्यका निकायहरूको भूमिका देखिन्छ । तर राज्यका निकायहरूको प्रयासका बाबजुद नागरिकहरूले कानुनी शासनको प्रत्याभूति हैन कानुनद्वारा शासनको अनुभूति मात्र गरेको पाइन्छ । जुन राज्यको प्रभावहीन व्यवहारको परिणाम हो। कानुनी शासनको

अभाव नै न्यायिक समानता र न्यायमा पहुँचको लागि चुनौती हो ।

नेपालको सन्दर्भमा कानुनको कार्यान्वयन हुनेखाने पहुँचवाला र हुँदा खाने पहुँचहीनका बिच फरक फरक ढङ्गले हुने गरेको छ । न्यायिक समानतामा सबैभन्दा ठूलो अवरोध नै हुँदा खाने र हुनेखाने बिच राज्यका निकायले गर्ने फरकफरक व्यवहार हो । राज्यका निकायले यस्ता व्यवहारमा सुधार गर्न सके मात्र न्यायिक समानता र न्यायमा नागरिकको सहज पहुँच सुनिश्चित हुन्छ ।

**शब्दकुञ्जी**: भेदभाव, सीमान्तकृत, संरक्षण, समतामूलक, समावेशीकरण ।

**विषय प्रवेश**

कानुनको नजरमा सबै नागरिक बराबर हुनु र सबैलाई समान कानुनी संरक्षण र व्यवहार प्राप्त हुनुलाई न्यायिक समानता (Judicial Equality) भनिन्छ। न्यायिक समानताले लिङ्ग, जाति, धर्म, वर्ण वा सामाजिक संरचना र आर्थिक अवस्थाका आधारमा कसैलाई पनि भेदभाव नगरी निष्पक्ष न्यायको सिद्धान्तमा जोड दिन्छ । नेपालका सन्दर्भमा न्यायिक समानताको सवाल र बहस पछिल्लो समय निकै चर्चाको विषय बनेको छ ।

न्यायिक पहुँचको विषयलाई सामाजिक न्यायसँग जोडेर पनि व्याख्या गरिन्छ । समाजका सबै सदस्यको न्यायमा बराबर पहुँच भन्ने अवधारणा नै सामाजिक न्याय हो । सामाजिक न्यायले समाजमा असमानता, विभेद र अन्यायलाई हटाई सबै वर्गलाई समान अवसर र पहुँचमा विश्वास गर्दछ भने न्यायिक समानता चाहिँ सबैलाई समान न्याय दिने कानुनी अभ्यास हो । सामाजिक न्याय एक अवधारणा हो भने न्यायिक समानता एक प्रक्रिया हो । सूक्ष्म भिन्नता भए पनि न्यायिक समानता, न्यायमा पहुँच, सामाजिक न्याय र समावेशी न्यायलाई एक अर्काका परिपूरकका अर्थमा बुझ्ने गरिन्छ । सबैको उद्देश्य न्यायपूर्ण समाज र विधिको शासन सुनिश्चित गर्नु नै भएकाले बहस पनि सँगसँगै अगाडि बढ्नु स्वाभाविक पनि छ ।

कुनै पनि व्यक्तिले न्याय प्राप्तिका लागि समान र सहज रूपमा न्याय प्राप्त गर्न सक्नु न्यायमा पहुँच हो । हरेक व्यक्तिले आफूमाथि अन्याय भएमा न्यायिक निकायमा पुगेर विना डर, विना भेदभाव सहज तरिकाले न्याय पाउनुपर्दछ। न्यायमा पहुँच भनेको औपचारिक तथा अनौपचारिक तबरले न्यायिक निकायहरूमा पुगेर मानव अधिकारका सिद्धान्तसम्मत न्यायको खोजी गर्ने र प्राप्त गर्ने नागरिकहरूको अधिकार पनि हो । राज्यका सबै नागरिकले विना अवरोध न्याय प्राप्त गर्न सक्ने अवस्था सुनिश्चित गर्नु, विशेष गरी असहाय, गरिब र सीमान्तकृत समुदायका लागि न्यायको

सुनिश्चितता गर्नु नै न्यायमा पहुँचको सुनिश्चितता हो । न्यायमा सबैको पहुँच स्थापित हुनुपर्दछ भन्ने लोकतन्त्रको आधारभूत मान्यता हो ।

कानुनको शासनमा सबैलाई कानुनको समान संरक्षण प्राप्त हुन्छ र सबैको न्यायमा समान पहुँच हुन्छ । सबैले सस्तो, सुलभ, छिटो, प्रभावकारी र समान न्याय प्राप्त गरेको हुनु नै न्यायमा पहुँचका सूचकहरू हुन् । लोकतान्त्रिक व्ययस्थाको न्यायिक पद्धतिमा न्यायपालिका र न्यायिक निकायहरूमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्ने र न्यायमा लैङ्गिक संवेदशीलता (Gender-sensitive Justice) अपनाउनु अपरिहार्य हुन्छ । न्यायिक समानताको अर्थ केवल कानुनको समान प्रयोग मात्र नभई, असमर्थ वर्गलाई विशेष सुविधा (सकारात्मक विभेद) दिएर समान तहमा ल्याउनु पनि हो भन्ने अर्थमा बुझिनु पर्दछ।

**अध्ययन विधि**

अनुसन्धानका विभिन्न विधिहरूमध्ये न्यायिक समानता र न्यायिक पहुँच शीर्षकको यस शोधमूलक लेखमा सैद्धान्तिक भन्दा बढी व्यवहारिक विधिको प्रयोग गरिएको छ । यस लेखमा अन्तर्राष्ट्रिय कानुन, देशको संविधान र कानुनमा भएका न्यायिक सवाल, न्यायिक समानता र पहुँचका सन्दर्भमा प्रकाशित भएका सामग्री र प्रतिवेदनहरूलाई आधार मानिएको छ । लेखकले मानव अधिकार र सीमान्तकृत वर्गको न्यायका सवालमा हासिल गरेको अनुभवबाट प्राप्त जानकारीको समेत लेखमा सहयोग लिइएको छ। अनुसन्धानमा मूलतः पुस्तकालय पद्धतिको अवलम्बन गरिएको छ । अनुसन्धानमा वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मकको सम्मिश्रण गरि मिश्रित शैली अपनाइएको छ । अनुसन्धानमा पुस्कालयीय कार्यबाट विवरण सङ्कलन गरी प्राप्त विवरण र कानुनी दस्तावेजहरूका आधारमा विषयवस्तुको विश्लेषण गरिएको छ ।

**न्यायिक समानता र पहुँच**

परापूर्वकालदेखि न्यायको स्थान समाजमा महत्वपूर्ण रहँदै आएको देखिन्छ। जब मानव सभ्यताको विकासको क्रममा अन्यायको बिजारोपण भयो, सँगसँगै त्यसको उपचारको लागि न्यायको पनि विकास हुँदै गएको देखिन्छ । राज्यको उत्पत्ति र विकाससँगै न्यायको पनि उत्पत्ति र विकास भएको बुझ्न सकिन्छ । यस अर्थमा न्याय राज्यव्यवस्था प्रणालीकै अभिन्न अङ्ग हो। सुप्रसिद्ध ग्रीक दार्शनिक प्लेटोले आफ्नो पुस्तक 'द रिपब्लिका'मा न्यायलाई आदर्श राज्यको आधारशीला मानेका छन्। सभ्यताको विकासमा समाजमा घट्ने घटनाहरूसँगसँगै न्यायले विभिन्न चरणहरू पार गर्दै आधुनिक रूप धारण गरेको हो

र न्यायका विविध स्वरूप र आयामहरूको विकासक्रममा न्यायिक समानता र पहुँचको सवाल उठेको हो । आजको सन्दर्भमा आइपुग्दा न्यायिक समानता र न्यायमा पहुँच दुवै न्यायिक वृत्तका अभिन्न पाटा हुन पुगेका छन् ।

न्यायिक समानता र न्यायमा पहुँच विधिशास्त्रीय प्रक्रिया मात्र नभएर मानव अधिकारको अवधारणा पनि हो । अमेरिकी कानुनवेत्ता एवं विश्वविख्यात दार्शनिक जोन रल्सले सन् १९७१ मा आफ्नो 'द थ्यौरी अफ जस्टिस' पुस्तकमा भनेका छन्- 'न्यायले मात्रै हक, अधिकार, स्वतन्त्रता, शक्ति, अवसर, आयस्रोत र धन तथा आत्मसम्मानको उचित वितरण गर्न सक्छ ।' यसबाट पनि प्रष्टिन्छ कि, अधिकारको सुनिश्चिता न्यायले मात्र गर्न सक्दछ । मानव अधिकार विपन्न वर्गको न्याय प्राप्त गर्ने आधार पनि भएकाले न्यायिक समानता र पहुँच मानव अधिकारको आधारशीलामा मात्र सम्भव छ । यसरी न्याय र मानव अधिकार एक अर्काका परिपूरक देखिन्छन् ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था**

नेपालको संविधानले न्यायिक समानताको विषयलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था (धारा १७:१) नेपालको संविधानमा रहेको छ । कुनै पनि नागरिकलाई सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन (धारा १७:२) भन्ने व्यवस्था गरिनुले न्यायिक समानताका सवालमा नेपालको संविधान उदार देखिन्छ ।

संविधानमा व्यवस्था भएको न्याय सम्बन्धी हक (धारा २०:९) मा प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने उल्लेख छ । यसैगरी सामाजिक न्यायको हक (धारा ४२) मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गताभएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था गरिनुले राज्यले कानुनी रूपमा सबै सीमान्तकृत वर्गका लागि न्यायिक

पहुँचको सुनिश्चितता गरेको देखिन्छ।

संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत न्याय र दण्ड व्यवस्था सम्बन्धी नीतिमा न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने र राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने (धारा ५१:६) नीति राज्यले लिएको देखिन्छ। संविधानले सबै नागरिकलाई राज्यका सेवा, सुविधा र न्यायिक प्रक्रियामा समान सहभागिताको अधिकारको सुनिश्चितता गरेको छ।

न्यायमा समान पहुँचको अधिकार कानुनी विषय मात्र नभएर मानव अधिकारको विषय पनि हो। न्यायको हक ज्यादै महत्वपूर्ण अधिकार पनि हो। कानुनको दृष्टिमा सबै समान मानव अधिकारको सर्वमान्य सिद्धान्त हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले सबै मानिस जन्मजात स्वतन्त्र र अधिकारमा समान छन् भनी समानताको अधिकारलाई मानव अधिकारको आधारस्तम्भ मानेको छ। घोषणापत्रमा प्रत्येक व्यक्तिलाई निजउपर लगाइएको फौजदारी अभियोग वा निजको अधिकार र दायित्वको निरूपण गर्दा स्वतन्त्र र सक्षम न्यायालयमा समान ढङ्गले निष्पक्ष र सार्वजनिक सुनुवाई गर्न पाउने अधिकार हुनेछ (धारा १०) भन्ने व्यवस्था छ। यस्तैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा सबै व्यक्तिहरू अदालत तथा न्यायाधीकरणको अगाडि समान हुनेछन्। कुनै व्यक्ति विरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा निजलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधीकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गराई पाउने अधिकार हुनेछ (धारा १४:१) भन्ने व्यवस्था गरिएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा भएका यी व्यवस्थाहरूले न्यायिक समानता र पहुँचलाई उच्च महत्व दिएको देखिन्छ।

न्यायिक समानता र पहुँचमा न्यायिक व्यवस्थाभन्दा बढी न्यायिक प्रक्रिया महत्वपूर्ण हुने गर्दछ। कानुनद्वारा समान उपचारको हक तथा न्यायमा समान पहुँचको अधिकारको प्रत्याभूतिले न्याय प्रशासनमा अभियुक्तहरूप्रति गरिने समान व्यवहारको अधिकारलाई संरक्षण र पुनर्पुष्टि गर्दछ। फौजदारी न्याय प्रशासनमा विशेष गरी अभियुक्तहरू उपर अभियोग

लगाउँदा वा अदालती कारबाही अगाडि बढाउँदा कानुनद्वारा निर्धारित समानताको हकको प्रत्याभूतिका लागि अनुसन्धान गर्ने, अभियोजन गर्ने र मुद्दाको सुनुवाई गर्ने निकायहरूले विशेष ध्यान दिनुपर्दछ। (स्वच्छ सुनुवाई सम्बन्धी पाठ्यासामाग्री, २०८०, पृ. १७) अतः न्यायको प्राप्ति कानुनमा समावेश भएका प्रावधानले मात्र हुने होइन भन्ने प्रष्ट छ। कानुन कार्यान्वयन गर्ने निकायको निष्पक्षता र प्रभावकारिता नै न्याय प्राप्त गर्ने मुख्य कडी हो। कानुनी व्यवस्थामा भन्दा कार्यान्वयनमा न्यायिक समानता र पहुँचको वास्तविक तस्विर देखिने गर्दछ।

न्यायको अवधारणा र न्यायिक मूल्यमान्यता मानव अधिकारसँग स्वतः जोडिने विषय भए पनि न्यायिक निरूपण गर्दा मानव अधिकारका सवाल छायाँमा परेका प्रशस्तै उदाहरण छन् । तर स्पष्ट के छ भने न्यायिक समानता र पहुँच मानव अधिकारको जगमा मात्र सम्भव छ। कानुनको दृष्टिमा समानता, कानुनको समान व्यवहार, भेदभाव विरुद्धको अधिकार, कानुनद्वारा समान अधिकारको हक तथा न्यायमा समान पहुँचको अधिकार केवल मानव अधिकारको मात्र सिद्धान्त नभई अन्तर्राष्ट्रिय मानवीय कानुनको विषय पनि हो भन्ने कुरा स्पष्ट हुन्छ। (स्वच्छ सुनुवाई सम्बन्धी पाठ्यासामग्री, पृ. १८) राज्य मानव अधिकार सम्बन्धी विभिन्न महासन्धिको पक्ष राष्ट्र समेत रहेको सन्दर्भमा अन्तर्राष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयन गर्नु राज्यको दायित्वभित्रै पर्दछ।

**न्यायिक समानताः कागजमा सीमित**

सबैका लागि न्याय न्यायिक समानताको मूल मर्म र लोकतन्त्रको आत्मा हो । न्यायिक समानतालाई जस्तो मताधिकार, त्यस्तै अधिकारको रूपमा पनि अर्थ्याउने गरिन्छ । लोकतन्त्रमा समतामूलक न्याय प्रणालीमाथि विश्वास गरिन्छ । कानुनका आँखामा सबै समान हुन्छन् । न्यायकी देवीले आँखामा पट्टी बाँधेकी हुन्छिन् । उनले पक्ष विपक्षलाई चिन्दिनन्, मात्र कानुनी प्रावधान र प्रमाणको वजनलाई हेर्छिन् । न्यायकी देवीको आँखाको पट्टी उनका लागि सबै समान छन् भन्ने साङ्केतिक अर्थ हो।

नेपाल विधिको शासनमा आधारित लोकतान्त्रिक शासन प्रणाली भएको मुलुक हो । नेपालको संविधानमा लोकतान्त्रिक मूल्य र मान्यताको आत्मसातीकरण, न्यायिक समावेशीकरण, मानव अधिकारका मूल्यमान्यता, लैङ्गिकमैत्री न्याय व्यवस्था र समानता, अवसरको न्यायोचित बाँडफाँड, सकारात्मक भिन्नता, समान पहुँच, सक्षम र स्वतन्त्र न्याय प्रणाली, निर्णय प्रक्रियामा समान सहभागिता, पारदर्शिता, कानुनको समान प्रयोग र संरक्षण जस्ता समन्यायमा आधारित

न्याय प्रणालीलाई आत्मसात गरिएको छ । यी प्रावधानहरू हेर्दा राज्य नागरिकको न्यायप्राप्त गर्ने अधिकारप्रति उदार देखिन्छ ।

तर सामाजिक द्वन्द्व, दण्डहीनता, फितलो प्रशासन, अप्रभावकारी सञ्चार, नीति र कार्यान्वयन बिचको खाडल, साधन स्रोतको कमी, विभेदकारी सामाजिक संरचना, कमजोर सार्वजनिक सेवा प्रवाह, सामाजिक र मानवीय मूल्य र मान्यताको क्षयीकरण, दूरदृष्टिको अभाव, अप्रभावकारी नागरिक समाज, राजनीतिक अपराधीकरण र अपराधको राजनीतिकरण, चेतनाको कमी जस्ता कारणहरूले गर्दा राज्यले लिएको उदार नीति पनि प्रभावकारी कार्यान्वय हुन नसकेको तीतो यथार्थ छ । फलस्वरूप न्यायिक समानताको बहसले परिणाममुखी सार्थकता पाउन सकेको देखिँदैन ।

नेपालको सन्दर्भमा न्यायिक समानता र पहुँचको मुख्य सरोकारवाला वर्ग महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, दलित, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक, आदिवासी जनजाति मजदूर, किसान, उत्पीडित तथा विपन्नवर्ग एवम् लैङ्गिक र यौनिक अल्पसङ्ख्यक समुदाय जस्ता अति सीमान्कृत समुदाय नै हुन् । यी समुदायलाई राज्यका मूल प्रवाहमा ल्याउन विगतमा निजामती सेवामा आरक्षणको व्यवस्था, समानुपातिक प्रतिनिधित्वको व्यवस्था, लक्षित वर्गलाई सामाजिक सुरक्षाको व्यवस्था, बालपोषण, दुर्गम क्षेत्र विकास कार्यक्रम, तराई मधेस समृद्धि कार्यक्रम, मजदुरको न्यूनतम पारिश्रमिक निर्धारण जस्ता केही कार्यक्रम ल्याइए पनि ती अपेक्षाकृत प्रभावहीन भएका छन् । जुन वर्गलाई लक्षित गरी कार्यक्रमहरू ल्याइयो त्यो वर्गले न्यायिक समानताको अनुभूति गर्न पाएका छैनन् ।

संविधान र कानुनका व्यवस्थाहरूको कार्यान्वयनको प्रभावकारिता कम हुनु, राजनैतिक र प्रशासनिक प्रतिबद्धताको कमी, सीमान्तकृत वर्गको पहिचान, सहभागिता, मूलप्रवाहीकरण र सशक्तीकरणको अवस्था कमजोर हुनु, न्यायिक समानताका लागि कार्य गर्ने संस्थाहरूको संस्थागत क्षमता कमजोर रहनु, गरिबी, असमानता, विभेद, शोषण, बेरोजगारी र दण्डहीनताको अवस्था कायमै रहनु, मानव अधिकार, समानता र समताको कमजोर अवस्था, राज्यका निकायहरूमा उत्तरदायित्व र पारदर्शिताको कमजोर अवस्था न्यायिक समानता र पहुँचका लागि बाधक देखिन्छन् ।

यसैगरी संविधानको मर्मअनुसार कानुन र नीतिहरू बिच सामञ्जस्यता नहुनु, मौलिक हकको कार्यान्वयनका लागि आवश्यक संस्थागत व्यवस्था कमजोर हुनु, राज्यको स्रोत साधन तथा लाभको समन्यायिक वितरण हुन नसक्नु,

सामाजिक, आर्थिक विभेद र बहिष्करण विद्यमान रहनु, राज्यका स्रोत साधनमा सीमित वर्गको अधिपत्य हुनु, अदालती न्यायिक प्रक्रिया लामो र झन्झटिलो हुनु, आरक्षण र सकारात्मक विभेदको नीतिको प्रभावकारी कार्यान्वयन हुनु नसक्नु, जातीय, लैङ्गिक, वर्गीय, क्षेत्रीय आदि विभेद कायम रहनु, पिछडिएको वर्ग, क्षेत्र र समुदायको उत्थान हुन नसक्नु, सबैको पहिचान, पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्न नसक्नु, विकासमा नागरिकको अर्थपूर्ण सहभागिता नहुनु, स्वार्थप्रेरित राजनीति हावी हुनु पनि न्यायिक समानताका बाधक हुन्।

न्यायिक समानतालाई नतिजामुखी बनाउन सामाजिक न्याय र समानताको सम्बन्धमा भएका नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्ने, मौलिक हकहरूको प्रभावकारी कार्यान्वयन गर्ने, राज्यको स्रोत साधन तथा लाभको वितरणमा न्यायिक समानता कायम गर्ने, न्यायिक समानताको क्षेत्रमा लगानी बढाउने, समाजमा रहेका विभेदहरू पूर्ण रूपमा हटाउने, विकासमा नागरिकको अर्थपूर्ण सहभागितामा वृद्धि गर्ने जस्ता कार्य गरेमा न्यायमा सबै नागरिकको पहुँच विस्तार भई न्यायिक समानता समेत कायम हुन्छ। अन्यथा न्यायिक समानता बहसको विषय मात्र बन्दछ, प्रतिफलको विषय बन्न सक्दैन।

**न्यायमा पहुँचः आकाशको फल**

उपयुक्त न्यायिक निकायमा सहज, सरल र सर्वसुलभ रूपबाट न्याय खोज्न र प्राप्त गर्न सकिने अवस्था नै न्यायमा पहुँच हो। न्यायमा पहुँचको लागि आफ्नो हक अधिकारको बारेमा जानकारी हुने र आफूलाई अन्याय हुँदा न्यायको खोजी गर्न सक्ने क्षमता व्यक्तिमा हुनु आवश्यक छ।

त्यसैगरी न्याय प्रदान गर्ने निकायको सक्षमता, प्रभावकारितालगायत न्यायको खोजी र प्राप्ति गर्ने सन्दर्भमा उपयुक्त वातावरणको सुनिश्चितता र प्रयोग नै न्यायमा पहुँच हो। (न्यायमा पहुँच सम्बन्धी जानकारी पुस्तिका, २०७५) तर न्यायमा पहुँच पछिल्लो समय जति जल्दोबल्दो बहसको विषय बनेको छ, प्रतिफल भने त्यही रूपमा प्राप्त हुन सकेको छैन। बरू बहस हुनु नै ठूलो कुरा हो भनेर निम्नवर्गमाथि भ्रम थोपर्ने काम भएको छ। न्यायमा पहुँच अभियान अमेरिकाबाट सुरूभए तापनि यस अभियानलाई संसारका अधिकांश मुलुकका न्यायपालिकाले अवलम्बन गरेको पाइन्छ। नेपालमा न्यायमा पहुँचको बहस दश वर्षे सशस्त्र द्वन्द्वको जगमा भएको जनआन्दोलन २०६२/०६३ बाट उठेको हो। त्यसको फलस्वरुप वि. सं. २०७१ सालमा सर्वोच्च अदालतअन्तर्गत न्यायमा पहुँच आयोग गठन भएको छ। न्यायमा पहुँच सहज र सरल तरिकाबाट न्याय प्राप्ति यो आयोगको लक्ष्य हो। तथापि आयोगको

लक्ष्य अनुरूपका उपलब्धिहरू भने हासिल भइसकेका छैनन् भन्दा अनुपयुक्त हुँदैन ।

नेपालको संविधानको प्रस्तावनामा नै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालाई आत्मसात गरिएको छ । स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाले नै न्यायिक समानता कायम गर्दै न्यायमा सबै वर्गको समान पहुँच स्थापित गराउन सक्छ । संविधानको भाग-११ को धारा १२६ देखि १५६ सम्म न्यायपालिका सम्बन्धी व्यवस्था छ । यस्तै गरी संविधानमा नै अर्द्धन्यायिक निकायले गर्ने न्यायिक निरुपण तथा स्थानीय तहले गर्ने न्यायिक कार्यहरूको समेत व्यवस्था छ । संविधानमा व्यवस्था भएबमोजिम अदालतहरू तथा अन्य अर्द्धन्यायिक निकाय र स्थानीय तहले न्यायिक निरूपणको काम गर्दै आएका छन् । यति हुँदाहुँदै पनि नेपालमा न्यायमा सर्वसाधारणको पहुँचको सवाल निकै जटिल नै छ । सेवा प्रवाह गर्ने निकाय र सेवाग्राही बिच ठूलो खाडल छ । लोकतन्त्रमा न्यायमा पहुँच आधारभूत सवाल हो ।

न्यायिक सेवाको गुणस्तर सुनिश्चित नगरी न्यायमा पहुँच सम्भव हुँदैन । न्यायमा सहज र भरपर्दो पहुँच भए पो लोकतन्त्रले दिनुपर्ने कानुनी राज्यको सुरक्षा कवचको महसुस गर्न सकिन्छ । होइन भने गरिबलाई ऐन नै ऐन भनेजस्तो भान हुन्छ । (श्रेष्ठ, २०८२) सङ्ख्यात्मक होइन, गुणात्मक सेवाको विकासले मात्र न्यायमा पहुँच विस्तार हुन्छ । तर हाम्रा पहुँचका प्रयासहरू गुणात्मकभन्दा सङ्ख्यात्मक बढी छन् ।

लोकतन्त्रमा राज्य नागरिकप्रति जवाफदेही हुनुपर्छ । राज्यको कानुनी संयन्त्रमा समान पहुँच र गुणस्तरयुक्त सेवा प्राप्तिको प्रत्याभूति दिनु राज्यको काम हो । लोकतन्त्रको वास्तविक मूल्य तब मात्र सुनिश्चित हुन्छ, जब आमनागरिकले आफ्नो अधिकारको संरक्षण गर्न, अन्यायको विरोध गर्न र न्याय खोज्न पाउँछन् । (श्रेष्ठ, २०८२) न्यायिक सुनिश्चिता विनाको लोकतन्त्र पूर्ण लोकतन्त्र हुनै सक्दैन । तर नेपालमा नागरिकहरूले न त अधिकारको पूर्ण उपभोग गर्न पाएका छन्, न त अधिकार कुन्ठित हुँदा विरोध नै गर्न पाएका छन् । यसले पनि न्यायिक पहुँच खतरामा छ भन्ने कुरा स्पष्ट पारेको छ ।

सर्वोच्च अदालतले न्यायको खोजी गर्न नसक्ने खास गरी महिला, विपन्न, असहाय, असक्षम वर्गका व्यक्तिहरूको न्यायसम्मको पहुँचलाई सहज बनाउनको लागि अवरोधक तत्वहरूको पहिचान गर्ने, आवश्यक सहयोग प्रणालीको स्थापना गर्न सहजीकरण गर्ने र सम्बन्धित सरोकारवालाहरू बिच समन्वय गर्नका लागि न्यायमा पहुँच आयोग स्थापना गरेको

हो । यस आयोगले लक्षित वर्गको न्यायमा पहुँच अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यक नीति एवं संरचना निर्माण गर्नको लागि समेत समन्वयात्मक भूमिका खेल्दछ । खोजेरै हेर्दा आयोगले केही काम गरेको पनि देखिन्छ। तर आमनागरिक भने यो आयोग र यसका कामकारबाहीबाट बेखबर नै छन् ।

नेपालमा न्यायिक समानता र न्यायमा पहुँच विस्तारमा कानुनी व्यवस्थाका साथै पर्याप्त कार्यक्रमहरू पनि तय भएका छन् । विपन्न, असहाय र असक्षम वर्गको पहिचान, महिला, विपन्न, असहाय र असक्षम व्यक्तिहरूलाई प्राप्त हक अधिकार बारे सन्दर्भ सामग्री र प्रशिक्षकको तयारी, महिला, विपन्न, असहाय र असक्षम व्यक्तिहरूका हक अधिकारबारे प्रचार प्रसार, महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूको सशक्तीकरणका लागि कानुनी आधारको विकास न्यायमा पहुँच आयोगका सेवाग्राही (Demand Side) मा केन्द्रित कार्यक्रमहरू रहेका छन् । तर यी कार्यक्रमहरू पनि बढी औपचारिकतामा सीमित देखिन्छन् ।

न्यायपालिकामा योजनाबद्ध सुधारको सुरुवातपश्चात् मुद्दा फछ्र्यौट, फैसला कार्यान्वयन, दण्ड जरिवानाको असुली, अदालतको भौतिक पूर्वाधारको विकास र सुधार, जनशक्तिको क्षमता विकास कार्यक्रममार्फत मानव संसाधनको दक्षता अभिवृद्धि, सूचना प्रविधिलगायतका क्षेत्रमा केही उपलब्धि हासिल भएका पनि छन् । यद्यपि अपर्याप्त बजेट र स्रोतसाधनको अभाव, सरोकारवालाले यो जनाको सुरुवात भएको २० औँ वर्ष हुँदा समेत स्वामित्वभाव ग्रहण गर्न नसक्नु योजनाका थप चुनौती र समस्याका रूपमा छन् । (पाण्डे, २०८०) चुनौतीको सामना गर्न नसक्दा प्राप्त भएका केही उपलब्धिहरू पनि नगण्य लाग्दछन् ।

अपेक्षाकृत उपलब्धि नदेखिए पनि न्यायमा पहुँचका लागि केही पनि नभएको भनियो भने राज्यका निकायहरूप्रति नै अन्याय हुन्छ । अदालतले न्यायिक पहुँच विस्तार गर्न आन्तरिक सुधारका धेरै कार्यहरू गरेको छ । खासगरी आन्तरिक रूपमा कुनै कागजको नक्कल दिने, पेसी वा तारिख तोक्ने, गुज्रेको तारिख थाम्ने थमाउने, वारेसनामा, सकारनामा सम्बन्धी कार्यहरू, मिलापत्र, पुनरावलोकन फिर्ता, तामेली आदिको निवेदन दर्ता गर्ने, लिखित जवाफ वा अन्य प्रमाण कागजात पेस गर्ने, जुनसुकै फुटकर निवेदन दर्ता वा दरपीठ गर्ने, मुद्दाको कारबाहीसम्बन्धी जानकारी सूचना दिने जस्ता कामहरूलाई एक घण्टाभित्र प्रदान गरिने सेवाको सूचीमा राखेको छ ।

निःशुल्क कानुनी सेवाका लागि वैतनिक कानुन व्यवसायीको व्यवस्था, अदालतमा पेस गर्ने निवेदनहरूको ढाँचा,

टोलफ्रि नम्बरको व्यवस्था, गुनासो सुनुवाइको व्यवस्था, निःशुल्क परामर्श, दोभाषेको व्यवस्था, एसएमएस सेवा, आफूलाई पायक पर्ने अदालतबाट तारिक लिने व्यवस्था, वेवसाइटमार्फत मुद्दाको अवस्था बारे जानकारी लिन सकिने, देशभरिका अदालतबाट भएका कामकारबाहीबारे निगरानी, सेवा र दस्तुरबारे जानकारी, समुदायमा अदालत कार्यक्रम, कानुन र अधिकारबारे जानकारी पुस्तिका प्रकाशन आदि सर्वोच्च अदालतले न्यायमा पहुँच विस्तार गर्न गरेका प्रयासहरू हुन् । यिनको प्रतिफल केही हदसम्म देखिए पनि अपेक्षाकृत प्रतिफल भने छैन । खास गरी सीमान्तकृत वर्गका लागि यी सेवाहरू आकाशको फल जत्तिकै छ । यसरी हेर्दा के देखिन्छ भने राज्यका निकायबाट केही प्रयास चाहिँ भएका हुन्, तर परिणामहरू चाहिँ ननिस्केका हुन् ।

न्यायिक बाह्य पहुँच विस्तार गर्न अदालतहरूले विगतमा विद्यार्थीसँग न्यायाधीश, समुदायसँग न्यायाधीश, सञ्चारमा अदालत, सेवाग्राहीसँग न्यायाधीश जस्ता कार्यक्रमहरू पनि गरेको देखिन्छ । (न्यायिक बाह्य पहुँच कार्यक्रम सञ्चालन मार्गनिर्देशिका,२०७२) तर यस्ता कार्यक्रमहरू लक्षित वर्गको जानकारीमा समेत पुग्न सकेको छैन भन्ने जनगुनासो देखिन्छ । फल त निकै टाढाको कुरा छ । त्यसैले न्यायमा पहुँच कतै कागजी विषय मात्र त बनेन ? भन्ने ज्वलन्त प्रश्न उब्जिएको छ ।

न्यायमा पहुँचलाई सहज बनाउनका लागि न्यायमा पहुँच आयोग पनि स्थापना गरिएको कुरामा द्विविधा छैन । तर न्यायको खोजी र प्राप्ति गर्ने सबैको समान अधिकार रहने भए पनि आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका विभिन्न कारणबाट न्यायमा सबैको पहुँच सुनिश्चित हुन सकिरहेको पनि छैन । सो सम्बन्धमा रहेका व्यवधानहरूलाई सही रूपमा पहिचान गरी प्रभावकारी ढङ्गबाट सम्बोधन गर्नु आवश्यक छ । (थापामगर, २०७८) आयोग स्थापना हुने तर परिणाम आउन नसक्ने हो भने त्यसले राज्यमाथि आर्थिक बोझ मात्र थोपर्दछ ।

जे भए पनि विभिन्न प्रयासहरूका बाबजुद नेपालमा न्यायमा पहुँचको अवस्था सन्तोषजनक छैन । उदाहरणको लागि वैदेशिक रोजगारीमा रहेका कामदारहरूको न्यायमा पहुँचलाई लिन सकिन्छ । सोसल साइन्स बहाले गरेको अनुसन्धान प्रतिवेदन अनुसार केही अपवादलाई छाडेर वैदेशिक रोजगार र कामदार विदेश पठाउने कामलाई नियमन गर्ने नेपाली कानुन कडा छ, तर यसको कार्यान्वयन कमजोर छ । (स्वदेशमा आप्रवासी कामदारहरूको न्यायमा पहुँच प्रतिवेदन, २०१४) यो एक उदाहरण मात्र हो ।

राष्ट्रिय मानव अधिकार आयोग र

राष्ट्रिय अपाङ्ग महासङ्घले संयुक्त रूपमा गरेको एक अध्ययनले अपाङ्ता भएका व्यक्तिले सेवा लिन, पढ्न एवं न्यायमा पहुँच नपाएको देखाएको छ । आयोगद्वारा प्रकाशित सो अध्ययनका निष्कर्ष एवं आयोगले गरेका सिफारिसहरूमा न्यायमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुग्न नसकेको उल्लेख छ । (अपाङ्ता भएका व्यक्तिहरूको न्यायमा पहुँचका अवरोध पहिचानसम्बन्धी अध्ययन,२०७९) । यसरी विभिन्न संस्थाहरूले गरेको अनुगमन प्रतिवेदनले न्यायमा पहुँचको स्थिति कमजोर देखाउनु भनेको राज्यले न्यायमा पहुँच स्थापनाका लागि गरेको प्रयत्न अपेक्षाकृत सफल हुन नसकेको भन्ने पुष्टि हो ।

जनतालाई न्यायालयसम्म पुऱ्याउनु मात्रै न्यायमा पहुँचको उद्देश्य नभई न्यायालयसम्म आएका सेवाग्राही र मुद्दाका समग्र पक्षहरूलाई शीघ्र न्याय दिलाउनु पनि हो भन्ने कुरा हामी सबैले बुझ्नुपर्दछ । अन्यायको विरुद्ध न्यायको आशा र अभिलाषासहित न्यायालय प्रवेश गरेका जाहेरवाला वा पीडितलाई शीघ्र न्याय दिन वा राज्यले मुद्दाको सिलसिलामा पक्राउ गरी थुनामा राखेकाहरूको मुद्दा समयमै फैसला गरी त्यसको किनारा गर्न सकिएन भने न्यायमा पहुँच अभिवृद्धि गर्न गाउँ-गाउँमा अभियान चलाउनुको अर्थ छैन । (महरा, २०८१) अदालतको प्रशासनिक व्यवस्थापन हेर्ने हो भने पनि एक जिल्लाका न्यायाधीशलाई दुई जिल्लाको काम तोकिनु, दरबन्दी अनुसार न्यायाधीश नहुनु, पेशी पालो नआउने, आए पनि हर्न नमिल्ने, नभ्याउने, पक्ष वा विपक्षका वकिलले स्थगित गराउने जस्ता प्रवृत्तिले छिटो न्याय, न्यायिक समानता र न्यायमा पहुँचमा चुनौती थपिएका छन् । उपलब्धिको न्यूनता र चुनौतीका चाङले गर्दा न्यायिक पहुँच र न्यायिक समानता आफैँमा एउटा चुनौतीको विषय बनेको छ ।

हाम्रो सङ्घीय समावेशी लोकतन्त्रले विश्वमै उन्नत मानिएको शासकीय पद्धतिको अवलम्बन गरेको भए तापनि व्यवहारमा नागरिकहरूले कानुनी शासन हैन कानुनद्वारा शासनको अनुभूति गरेको पाइन्छ । कानुनको बुझाइ र व्यवहार हुनेखाने पहुँचवाला र हुँदा खानेका बिच फरक फरक ढंङ्ले हुने गरेको छ । (थापामगर, २०७८) यो अवस्था किन छ ? यसले विधिको शासनमाथि चुनौती थपेको छ । न्यायिक समानतामा सबैभन्दा ठूलो अवरोध नै हुँदा खाने र हुनेखाने बिच राज्यका निकायले गर्ने फरक व्यवहार हो । यो विधिको शासनमाथिको सबैभन्दा ठूलो उपहास हो ।

नेपालमा विधिको शासनमा अवरोधहरू छन् । कानुन निर्माणमा स्वार्थपरक व्यक्ति र सङ्घसंस्थाको प्रभाव,

सरकारले अध्यादेशमार्फत कानुन बनाउने, मुद्दा फिर्ता लिने, आरक्षण र सकारात्मक विभेदमार्फत सशक्तीकरणको व्यवहारिक प्रयोग नहुनु, कानुन कार्यान्वयन गर्ने अधिकारीले नै कानुन तोड्नु, सर्वसाधारणबाट कानुन मिच्ने प्रवृत्तिमा वृद्धि हुँदै जानु, मानवअधिकारको प्रभावकारी संरक्षणको अभाव, अपराधीलाई राजनीतिक संरक्षणका कारण दण्डहीनता बढ्नु, कानुनी शासनलाई व्यवहारमा उतार्न राज्यका संयन्त्रको मूल्य मान्यता, संस्कार र सोचमा रूपान्तरण हुन नसक्नु जस्ता समस्याहरू विधिको शासनमा अवरोध देखिएका छन् ।

यसैगरी न्याय प्रणालीमा ढिलाइ, अदालतका फैसलाहरूको समुचित कार्यान्वयन नहुनु, अपराध अनुसन्धान र न्याय सम्पादन प्रणाली परम्परागत हुनु, निर्णय प्रक्रियामा राजनीतिक तथा प्रशासनिक हस्तक्षेप, राजनीतिक दलको व्यवहार लोकतान्त्रिक नहुनु, कानुन विवेकसम्मत निर्माण हुन नसकी स्वविवेकी अधिकारको गलत प्रयोग हुनु जस्ता कारण पनि नेपालमा विधिको शासनका अवरोधहरू हुन् । (थापामगर, २०७८) विधिको शासनको सुनिश्चितता गर्नु यतिबेला राज्यका निकायहरूमाथि ठूलो चुनौती बनेको छ। यो आमनागरिकको अधिकारको उपभोगमा लागि ठूलो बाधा बनेको छ।

कानुनमा भएका व्यववस्था र कार्यान्वयनका अवस्थाहरू हेर्दा नेपालमा न्यायको पहुँचको अवस्था सन्तोषजनक छैन । जनताको न्यायसम्मको पहुँच समयसापेक्ष रूपमा सहज हुँदै जानुपर्नेमा झन् झन् जटिल हुँदै गएको छ। मुद्दाको बोझले अदालत थिचिएको छ । सेवाग्राहीको रोष र असन्तोष घट्नुपर्नेमा झन् झन् बढ्दै गएको छ। (सर्वोच्च अदालत बार एशोसिएसनको प्रतिवेदन, २०६३ ) तर पनि किन समस्याहरू जिम्मेवार निकाय र अधिकारीहरूबाट समयमै सम्बोधित हुँदैनन् ? किन वर्षौं वर्षसम्म ती समस्या समाधान नभई ज्यूँका त्यूँ रहन्छन् ? सायद अधिकारप्रति चाहिनेभन्दा बढी सचेत रहने तर कर्तव्य भने न्यूनतम मात्रामा पनि पालना गर्न नचाहने प्रवृत्ति पो यस कुरामा जिम्मेवार छ कि भन्ने तर्क पनि अगाडि आएको पाइन्छ। यो सोचनीय विषय हो।

**निष्कर्ष**

नेपालमा न्यायिक समानता र न्यायमा पहुँचका प्रयासहरू भए पनि प्रभावकारी हुन सकेको छैन । खासगरी न्यायमा पहुँच नपुगेका कारण सीमान्तकृत समूह न्यायबाट वञ्चित छन्। सीमान्तकृत व्यक्तिहरू आफ्नो अधिकारबारे नै अनभिज्ञ रहनु, अदालतको संरचना स्थानीय तहमा नहुनु, स्थानीय तहमा न्यायिक समिति तथा वडा तहसम्म मेलमिलाप समिति गठन

भए पनि प्रभावकारी हुन नसक्नु, विद्यमान जनशक्तिको अपर्याप्तता, न्यायिक प्रक्रियामा अवलम्बन गरिने कार्यविधिहरू झन्झटिलो र औपचारिक हुनु, न्यायमा पहुँच सम्बन्धी कानुनी व्यवस्थाहरू अपर्याप्त हुनु, न्यायमा पहुँच आयोगको छुट्टै रणनीतिक योजना बन्न नसक्नु, कर्मचारीको व्यवहार सेवाग्राहीमैत्री नहुनु जस्ता कारण न्यायिक समानता र न्यायमा पहुँचको विषय औपचारिकतामा मात्र सीमित हुन पुगेको देखिन्छ।

यो अवस्थामा सुधार ल्याउनका लागि कानुन निर्माण गर्दा सरोकार वालासँग पर्याप्त छलफल गर्ने, वैज्ञानिक र सूचनाप्रविधिमैत्री मुद्दा व्यवस्थापन प्रणालीको विकास गर्ने, कम्तीमा ६ महिनाभित्र फैसला कार्यान्वयन गरिसक्ने, अदालतहरूको भौतिक संरचना र पूर्वाधार विकास गर्ने, न्यायिक कार्यविधिमा सरलीकरण गर्ने, मौलिक हक कार्यान्वयनका लागि आवश्यक ऐन, नियम, निर्देशिका र कार्यविधिहरू समयसापेक्ष निर्माण तथा परिमार्जन गर्ने, निःशुल्क कानुनी सहायता सेवालाई सबैको पहुँचयोग्य र प्रभावकारी बनाउने, न्यायमा सहज पहुँच अभिवृद्धिको लागि विभेदरहित न्यायपूर्ण समाजको सिर्जना गर्ने र स्थानीय न्यायिक समितिका पदाधिकारीको क्षमता विकास गरी मेलमिलाप, मध्यस्थता जस्ता कार्यक्रममार्फत स्थानीय तहमा विवाद निरूपण एवम् द्वन्द्व व्यवस्थापन गर्ने कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ।

न्यायिक समानता र पहुँचको विषय छलफल र बहसको विषयभन्दा बढी व्यवहारिक हुनुपर्दछ । यसको बहस परियोजनामुखीभन्दा जनताको घरदैलोमा पुगेर अभ्यासात्मक हुनु आवश्यक छ । न्याय सहरकेन्द्रित नभएर घरदैलोकेन्द्रित हुनुपर्दछ। मूलतः सीमान्तकृत वर्ग न्यायिक समानता र न्यायमा पहुँचबाट वञ्चित भएको देखिएकोले सीमान्तकृत वर्गलक्षित न्यायप्रणाली विकास गर्नु आवश्यक देखिन्छ।

यी जटिलता र सुधारका पक्ष हुँदाहुँदै पनि सकारात्मक पक्ष चाहिँ के छ भने नेपालमा न्यायिक समानता र न्यायिक पहुँचको बहस निकै अगाडि बढेको छ । यस्तै संविधान, कानुन, न्यायिक निकाय तथा सरकारकाका कार्यक्रमहरूमा न्यायिक समानता र न्यायिक पहुँच विस्तारका लागि धेरै प्रयास भएका छन् । स्थानीय तहमा हुने न्यायिक निरूपणका कार्यबाट सेवाग्राही लाभान्वित पनि भएका छन् । यस्ता केही परिणामहरू देखिएका कुरालाई पनि सकारात्मक रूपमा पनि लिनु पर्दछ । तर कुनै पनि परिणामलाई लागतको अनुपातमा पनि मापन गर्नुपर्ने हुँदा अपेक्षाकृत रूपमा न्यायिक समानता र न्यायमा पहुँचको परिणाममा सन्तोष मान्ने ठाउँ छैन, प्रयास निरन्तर आवश्यक छ।

सन्दर्भ सामग्रीहरू

- थापामगर, दीपक, **भुइँमान्छेको न्यायमा पहुँचको प्रश्न**, अनलाइन खबर, २०७८ चैत १३
- महरा, कृष्ण, **न्यायमा पहुँच र न्यायालयको जनआस्थामाथि प्रश्नैप्रश्न**, अनलाइनखबर, २०८१ वैशाख ९
- पाण्डे, विष्णु, **न्यायमा सबैको पहुँच**, गोरखापत्र, २०८० फागुन १८
- श्रेष्ठ, सुमना, **न्यायमा पहुँचः लोकतन्त्रको मेरुदण्ड**, नयाँपत्रिका, २०८२ श्रावण २३,
- **नेपालको संविधान**, २०७२
- **मानव अधिकारको विश्वव्यापी घोषणापत्र**, १९४८
- **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध**, १९६६
- **स्वच्छ सुनुवाई सम्बन्धी पाठ्यसामग्री**, २०८०, राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपाल
- **अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचका अवरोध पहिचानसम्बन्धी अध्ययन**, २०७९, राष्ट्रिय मानव अधिकार आयोग
- **स्वदेशमा आप्रवासी कामदारहरूको न्यायमा पहुँच**, २०१४, सोसल साइन्स बहा
- **न्यायमा पहुँच अभिवृद्धिका लागि अदालतको क्रियाकलापसम्बन्धी जानकारी पुस्तिका**, सर्वोच्च अदालत
- **न्यायिक बाह्यपहुँच कार्यक्रम सञ्चालन मार्गनिर्देशिका**, २०७२, राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपाल
- **न्यायमा पहुँच सम्बन्धी जानकारी पुस्तिका**, २०७५, सर्वोच्च अदालत। ◆◆

**लेखक राष्ट्रिय मानव अधिकार आयोगमा सहसचिव/प्रवक्ता हुनुहुन्छ ।**

## गीत



✍ **अर्जुन बाबु तिवारी 'गोरख'**

मिल्न सके मित बन्छन् ~गाउन जाने गीत !
बोली वचन राम्रो भए ~हुन्छ सबको जित !!
मिल्न सके....

आकाशमा बादल उड्दा ~फेवातालमा छायाँ !
आँखा आँखा बोल्छन् जब, अनि बस्ला माया !!
जान्दिनँ म शब्द पढ्न ~ ललाटमा लेखिएको,
नपाइने रैछ बरै! ~~~सपनीमा देखिएको !!
मिल्न सके....

ठेस लाग्दा जिन्दगीमा, उज्यालो नै राति
विश्वास गर्नु कस्लाई अनि ~ बन्दा मान्छे घाती
सुन्दिन म कुरा कतै ~खहरेको बानी कस्तो
टिलपिल गर्दै बिलाउने कर्क्लाको पानी जस्तो !!

मिल्न सके मत बन्छन् ~गाउन जाने गीत !
बोली वचन राम्रो भए~ हुन्छ सबको जित !!
बरै, हुन्छ सबको जित !!

कथा

# अन्तर्दृष्टि



✍ गङ्गा कर्माचार्य पौडेल

पछाडिबाट बिरालोको चालमा लुसुक्क गएर शिवले उमाको आँखा छोपिदिए । उमाले “आब्बुइ ! को हो ? कसको हात हो यो ?” भन्दै आँखा छोप्नेको हात छामिन् । शिव बोलेनन् ।

उमाले “सीता हो ? कि निर्मला हो ?”भनेर अन्दाज गर्दै सोधिन् । अहँ शिव बोल्दै बोलेनन् ।

उमाले फेरि भनिन “मैले चिनिन। भयो बाबा। मैले हारेँ। तिमीले जित्यौ अब त छोड ।”

शिवले हा.. हा.. हा.. गरि हाँस्दै उमाको आँखाबाट आफ्नो हात हटाउँदै भन्यो “म हो क्या म। आफ्नो प्रियतमलाई पनि नचिन्ने तिमी त साह्रै सोझी छौ भन्या । त्यही तिम्रो सोझो पन, निर्मल, निश्चल दुई ठूला आँखा, चौडा निधार, चुटुक्क परेको नाक मलाई औधी मन पर्छ। तिमी त स्वर्गकी अप्सरा भन्दा पनि राम्री छौ उमा। त्यसैले म तिम्रो सुन्दरतामा लठ्ठै परेको छु।” भन्दै उमालाई गम्लङ्ग अंगालो मारेर म्वाइँ खान खोज्यो।

शिवलाई धकेल्दै उमाले भनिन् “अहिले रोमान्स गर्ने बेला होइन महाशय। जाँच नजिक आउँदै छ। कम्मर कसेर पढ्ने बेला हो यो। नत्र कसरी डाक्टर बन्छौ ?”

“खाली पढ्ने पढ्ने, जतिबेला पनि तिम्रो मुखमा पढाइ झुण्ड्याछ। यसो माया पिरतीका कुरा गरेर रमाइलो गर्न खोज्यो मुडै अफ गरिदिने” भनेर शिव अलि रिसायो।

उमाले रिस शान्त पार्नलाई उसको ध्यान अन्तै मोड्ने विचारले भनिन् “ए ! उ त्यहाँ हेर त, ढुकुरका जोडी सँगसँगै चारो चरिरहेका । उनीहरू आ-आफ्नै काममा कति तल्लीन छन्। आपसमा माया पिरती गाँसे पनि बाटो बिराएका छैनन् ।” उमाको भनाइको आसय बुझेर “भो भो बढी आदर्शका कुरा नगर। ” भनेर शिव झर्कियो।

उमाले शिवको हात समातेर उठाउँदै भनिन् “नरिसाउन त्यसरी। अहिले कक्षामा जाउँ पछि कुरा गरौँला।”

शिव र उमा एउटै गाउँमा जन्मी हुर्के बढेका थिए । उनीहरूले कक्षा एकदेखि एसएलसी पनि एउटै स्कुलबाट प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए ।

दुबै जना पढेर भविष्यमा डाक्टर बन्ने उद्देश्यले मेडिकल कलेजमा भर्ना भए । किशोरावस्था देखिनै उनीहरूको बिचमा अंकुराएको प्रेमको वृक्ष बिस्तारै झाँगिदै गएको थियो । उनीहरू कक्षा खाली भएको बेला कलेजदेखि अलि पर एउटा रुखमुनि गएर बस्ने गरेका थिए । अनि भन्थे, हामी पनि यही रुख जस्तै गुणकारी बन्नुपर्छ । यो रुखले आफूले चर्को घाम सहेर अरूलाई शीतलता प्रदान गरि सेवा गरिरहेको छ । थरिथरिका चराहरूलाई गुँड बनाउन स्थान दिएर आश्रय प्रदान गरिरहेको छ । हामी पनि डाक्टर बनेर बिरामीको सेवा गर्नु पर्छ । त्यो पनि दुर्गम ठाउँमा गएर ।

उमा र शिवले खुब मेहनत गरेर पढे । शिवले नबुझेका कुरा उमाले, उमाले नबुझेका कुर शिवले सिकाउने र आपसमा छलफल गर्दै पढ्ने गरेकाले अरू विद्यार्थीको तुलनामा उनीहरू अब्बल सावित भएका थिए । शिष्ट र सालिन व्यवहारका कारण शिव र उमा प्रेमी प्रेमीका हुन् भन्ने कुरा कसैले पत्तोसम्म पाएनन् ।

मेडिकल कलेजको पढाइ पूरा गरि उमा र शिव घर फर्कदै गर्दा बाटोमा बसको झ्यालबाट देखिने प्राकृतिक सौन्दर्यको बयान गर्दै अघि बढे । त्यसै क्रममा शिवले भने "ऊ... त्यो डाँडामा हेर त उमा । त्यो देउराली डाँडा हो । हाम्रो बूढो मावली घर त्यही तल फेदीमा थियो । म सानो छँदा आमाको पछि लागेर जाने गर्थे । हजुरआमाले मलाई साह्रै माया गर्नुहुन्थ्यो । खाउ नाती खाउ भन्दै नौनी घिउका डल्ला मुखमा हालिदिनु हुन्थ्यो । म घिउ खान्न भनेर भाग्थेँ । हजुरआमा हातमा नौनी लिएर मेरो पछि पछि कुद्नुहुन्थ्यो । त्यसरी कुद्दा आफ्नै हातको तातोले हातैमा पग्लेर नौनी घिउ भुइँमा झर्थ्यो ।"

उमाले पनि आफ्नो बाल्यकाल सम्झिदै भनिन् "मेरो मामाघरको हजुर बाआमा पनि असाध्यै जाती हुनुहुन्छ । उहाँहरूमा छलछाम, लप्पन छप्पनको कुनै सङ्केत देखिदैन । आनन्दको सादा जीवन छ उहाँहरूको । जति जना आए पनि नख्वाई कसैलाई नपठाउने । को आफ्नो ? को पराया सबैलाई एउटै ठान्ने । भेदभाव नगर्ने । मलाई त उहाँहरू देउता र बस्ने घर मन्दिर अनि गाउँ स्वर्ग जस्तै लाग्छ ।"

उमाले त्यति भनिसकेकी मात्र थिइन एक्कासी उनीहरू सवार बसलाई विपरीत दिशाबाट आएको अर्को बसले ठक्कर दिँदा ढड्याम्म आवाज आयो । यात्रुहरू ऐया र आत्था भन्दै रुन कराउन थाले । एकैछिनमा एम्बुलेन्स आएर दुइवटै बसका घाइतेलाई अस्पताल लैजाने क्रममा अरू बिरामीसँगै उमा र शिवलाई पनि माहाराजगञ्ज शिक्षण अस्पतालमा पुऱ्याइयो । उमा झ्याल तीरको सीटमा बसेकी हुनाले शिवलाई भन्दा उमालाई

बढी चोट लागेको रहेछ । त्यसकारण उनी बेहोस् थिइन् । शिव भने सामान्य उपचार पछि साँझ डिस्चार्ज भए । उमालाई आइसियुमा सारियो । शिवलाई उमाको अवस्था देखेर साह्रै पीर पऱ्यो । शिवले मनमनै भगवानलाई प्रार्थना गर्दै भने "उमालाई छिटो निको होस् भगवान । उनी विनाको मेरो जीवन अधुरो हुनेछ ।"

अस्पतालमा डाक्टरहरूबिचको आपसी छलफलपछि उमाको टाउकोमा अप्रेशन गर्ने निर्णय गरियो । उमाको तर्फबाट अभिभावकको भूमिका निर्वाहमा शिवले कुनै कसर बाँकी राखेनन् ।

अप्रेशन पछि न्यूरो सर्जन डाक्टरले भन्नुभयो, "अप्रेशन सफल भयो । बिरामीको ज्यान खतरामुक्त छ तर...।"

"तर ... के डाक्टर ? शिव आत्तिदै सोधे ।"

डा. शिव ! तपाईँ आफैले पनि अप्रेशनका बेलामा देख्नु भएको छ । पेसेन्टको टाउकोमा लागेको गहिरो चोटले दिमागका स्नायुहरूमा असर पारेको छ । त्यसकारण यसले दृष्टिमा गडबड गर्न सक्छ ।"

शिवले उमालाई एकछिन पनि नछोडेर उनको होस आउने प्रतिक्षा गरिरहे । २४ घण्टा पछि उमाले शिव शिव भन्दै बोलाइन् । उमाको होस खुलेको देखेर शिव खुसी हुँदै उमाको हात समातेर भनें "म यहीँ छु प्रिय । तिम्रै अगाडि । हेर त राम्ररी ।" उमाले शिवको हात छाम्दै भनिन् "बत्ती बालन शिव । कस्तो अँधेरो भयो ? केही देखिएन त ?"

उमाले दृष्टि गुमाइन् भन्ने कुरामा शिवलाई शंका रहेन । उनी धेरै दुःखी भए । आँखाबाट बरबरी आँसु झार्दै भने "अहिले दिनको १२ बजेको छ । बाहिर झलमल्ल घाम लागेको छ । बत्ती बाल्न पर्दैन उमा । राम्ररी हेर त ।"

"होइन होला । रातको १२ बजेको हुनुपर्छ । नत्र यस्तो अँधेरो किन हुन्थ्यो र ?" उमाले पत्याइनन् ।

शिवलाई अप्ठेरो पऱ्यो । अब कसरी सम्झाउने होला भनेर उनी अलमलमा परे । आँखाबाट झरिरहेको बलिन्द्रधारा आँसुले पनि उछार मेसो दिएन । उनी सुँक्क सुँक्क गरि रोइरहे । शिव रोएको उमाले थाहा पाइन् र सोधिन् "हैन... तिमी रोएका छौ कि क्या हो ? किन रोएको शिव ? के भयो तिमीलाई । के मैले आँखा देख्न सकिन भनेर रोएका हौं ? भन न शिव ।

शिवले उमाको प्रश्नको जवाफ दिन सकेनन् । उमा आफैलाई अब आफ्नो दृष्टि गुमेकोमा शंका रहेन । उनी भक्कानिएर रुँदै भनिन्, "मेरा सारा सपना चकनाचुर भयो । डाक्टरको पढाइ पूरा गरेर यसो गरौंला, उसो गरौला भनेर मनभरि उत्साह बोकी पढाइमा मेहनेत गरेकी थिएँ । जब आँखा नै नदेख्ने भएपछि के नै गर्न सकिन्छ

र ? शिव म बरबाद भएँ । म बाँच्नुको कुनै अर्थ रहेन । बरु मर्न पाए नि हुन्थ्यो” भन्दै उमा क्वाँ क्वाँ डाँको छोडेर रोइन् ।

शिवले हिम्मत बटुलेर उमालाई अँगालो मार्दै सम्झाउन थाले “त्यसरी नरोउ न उमा । एउटी डाक्टर भइसकेकी मान्छे जिन्दगी देखि हार खानु हुन्न । अरूको ज्यान बचाउनेले आफ्नो ज्यान पनि जोगाउनु पर्छ । तिम्रो दृष्टि गुमेर के भयो र ? म छँदै छु नि । तिमी मेरो आँखाबाट संसार हेर । मेरा आँखाहरू हरक्षण तिमीसँगै रहनेछन् । चिन्ता नगर । हामी जुन उद्देश्यले डाक्टर भयौ त्यो उद्देश्य पूरा गरेरै छोड्नेछौं ।

स्वास्थ्य लाभ पछि शिवले उमालाई घर पुऱ्याइ दिए । छोरीको हालत देखेर उमाका बुबाआमा साह्रै चिन्तित भए । अनि यती ठूलो घटना भइसक्दा पनि खबर नगरेकोमा मन अमिलो पारे । उमाकी आमा त डाँको छाडेरै रुनु भयो । उमा पनि रोइन् । शिवले उमा सहित परिवार सदस्य सबैजनालाई सम्झाई, बुझाई गरेर अफ्नो घरतिर लागे । शिव आएको देखेर उनका बुबाआमा, घर परिवार सबैजना खुसीले रमाए ।

उमालाई भेट्न शिव दिनदिनै उमाको घरमा जाने गर्थे । उमाले पनि पदचापबाटै शिव आएको थाहा पाउँथिन् । अनि बाहिरी आँखाले नदेखेर के भयो र उनको भित्री आँखाले शिवलाई छर्लङ्गै देख्दथिन् । उनको अतर्दृष्टि सक्रिय थियो । शिव र उमा मिठा मिठा कुरा गरेर थाक्दैनथे । त्यस्तैमा एकदिन उमाले भनिन् “शिव तिमीले विवाह गरेर घरजम गर । मलाई पर्खेर समय बरबाद नगर । अब म तिम्री लायक रहिन । तिम्रो असल साथी बन्न सक्छु तर पत्नी बनेर तिम्रो घर व्यवहार धान्न, परिवार रिझाउन सक्दिन ।”

शिवले उमाको मुख थुनिदिँदै भने “आयन्दा तिम्रो मुखबाट यस्ता शब्द ननिकाल्नु पिल्ज । मैले तिम्रो आँखासँग प्रेम गरेको होइन । तिम्रो आत्मासँग प्रेम गरेको थिएँ । तिम्रो शरीरको कुनै एउटा अङ्ग कमजोर भएर मलाई केही फरक पर्दैन । बाहिरी दृष्टि नभएर के भयो र ? तिम्रो अन्तर दृष्टि सबल छ । तिमी पहिले पनि मेरी थियौ । अब पनि मेरी हौ र जीवनभर मेरी भएर सँगै रहने छौ । विश्वास गर उमा । मबाट कहिल्यै धोखा हुने छैन । तिमीले मलाई साथ दियौ भने म संसार विजय गर्न सक्षम हुनेछु ।” यसो भनिरहँदा शिवको आँखाबाट आँसु झरिरहेको थियो ।

उता शिवका बुबाआमाले छोराको बिहेको कुरा उठाए । शिवले कर्णालीको कुनै अस्पतालमा गएर सेवा गर्ने इच्छा व्यक्त गरे तर परिवारले विवाह नगरि कतै जान नदिने ढिपी गर्न थाले ।

त्यसपछि शिवले “बिहे गर्ने भए उमासँग गर्छु । हैन भने कसैसँग विवाह

गर्दिन" भनेपछि घरमा खैलाबैला मच्चियो । शिवकी आमा नराम्ररी पड्किदै भनिन्, "संसारभर कतै केटी पइनस् र त्यस्ती अन्धीलाई रोजिस् । त्यस्तीलाई हामी बुहारी बनाएर घर भित्राउँदैनौ ।"

शिवले पनि कड्किदै भने "के दृष्टि विहिन मान्छेको मन हुँदैन ? इच्छा आकाङ्क्षा हुँदैन ? यदी तपाईँको छोरो अर्थात् म दृष्टिविहिन भएको भए के गर्नुहुन्थ्यो ?"

"राम राम राम त्यस्तो शब्द मुखबाट न निकाल बाबु । लोग्ने मान्छे भनेको आँखा नदख्ने, कान नसुन्ने, हिँड्न नसक्ने जस्तो भए पनि बिक्छन् । भनाइको मतलब बिहा गर्न केटी पाइन्छ तर त्यस्ता कमजोर महिलालाई कसले स्वीकार्छ ? आमाको कुरा सुनेर शिव जङ्गिए। उनले भने" आइमाई मान्छे होइन आमा ? तपाईँ पनि त आइमाई हो । एउटी आमाले यस्तो भेदभावपूर्ण व्यवहार गर्नु सुहाउने कुरा होइन। आइमाईले आइमाईको अवमूल्यन गर्नू न्यायोचित हुँदैन । जो सुकैले जे सुकै भने पनि विवाह गरे म उमासित गर्छु होइन भने विवाह नै गर्दिन बझ्नु भयो ?

अब भने शिवको निर्णय विपरीत कसैले बोल्ने हिम्मत गरेनन्। साइत जुराएर शुभ लगनमा डा.शिव र डा.उमाको धुमधामले विवाह सम्पन्न भयो । वैदिक र रीतिरिवाज अनुसार दुवै तर्फका परिवार भेटघाट, पार्टी भोज सकिएपछि केही दिनमै शिव र उमा कर्णालीको दुर्गम गाउँका बिरामीको सेवार्थ घरबाट प्रस्थान गरे। ♦♦♦

## गीत

✍ **इन्दिरा चापागाई**



तिम्रो काखमा शिर राखी आँत खोलेर रुने मन छ
पीडा, व्यथा, विषाद सारा यही आँसुले धुने मन छ।

नियतिले छुटाइदियो देख्न सकेन मधुर मिलन
एक्लै हुनु भन्दा बरु स्वर्गवासी हुन मन छ
मुटुबाट मलाई झिक्ने खै को पस्यो तिमीभित्र
मलाइ भने सयौँ जुनी केवल तिम्रै हुन मन छ

तिम्रो काखमा शिर राखी आँत खोलेर रुने मन छ
पीडा, व्यथा, विषाद सारा यही आँसुले धुने मन छ।

मेरो मनको सँघारमा मुस्कुराउँदै तिमी आउनू
तातो, न्यानो अङ्गालोमा कस्सेर बेर्न मन छ
आशाभरि तुसारापात किन गर्यौ थाहा पाइन
तिम्रो ढुङ्गे हृदयलाई कोमलताले फेर्न मन छ

तिम्रो काखमा शिर राखी आँत खोलेर रुने मन छ
पीडा, व्यथा, विषाद सारा यही आँसुले धुने मन छ।

# भ्रष्टाचारजन्य कसुरमा स्टिङ अपरेसन र विद्युतीय प्रमाण सम्बन्धी कानुनी व्यवस्था र न्यायिक दृष्टिकोण



✍ प्र.उ. मोहन कुमार थापा

## १. विषय प्रवेश

विश्वव्यापीकरण र सूचना प्रविधिको प्रयोगमा भएको व्यापक विस्तारसँगै भ्रष्टाचारजन्य कसुरको स्वरुप, प्रवृत्ति र शैलीमा दिनानुदिन परिवर्तन भइरहेको छ । परम्परागत सोच, शैली र विधिबाट भ्रष्टाचारजन्य कसुरको नियन्त्रण तथा अनुसन्धानमा अपेक्षा अनुरुपको परिणाम हासिल गर्न सकिदैन । नवीनतम स्वरुप, शैली र संगठित रुपमा मौलाउन थालेको भ्रष्टाचारजन्य कसुरहरूको नियन्त्रण तथा अनुसन्धान सूचना संकलन, सुराकी वा अनुसन्धान सुत्र (इन्टेलिजेन्स) को प्रयोग तथा परिचालन वेगर सम्भव हुन सक्दैन । भ्रष्टाचारको अन्य फौजदारी अपराध विशेष गरी संगठित अपराधसँग अन्योन्याश्रित सम्बन्ध रहन्छ ।

भ्रष्टाचार विना कुनै पनि अपराध अस्तित्वमा रहन सक्दैन भनिन्छ । अपराध शास्त्री Mark Findlay ले भ्रष्टाचारको सिधा सम्बन्ध अपराधमा संलग्न उद्योग व्यवसायसँग रहने भन्दै भ्रष्टाचारबाट गैरकानुनी आर्जन गर्ने व्यवसाय फस्टाउँछ भनेका छन् भने अर्का विद्धान Laurie Freeman ले संगठित अपराध भ्रष्टाचार विना अस्तित्वमा रहन सक्दैन र यसले भ्रष्टाचारका लागि अवसर सिर्जना गर्दछ। जहाँ सङ्गठित अपराधी सक्रिय छन् त्यहाँ भ्रष्टाचार बढी हुने गर्दछ भनी भनेका छन् । भ्रष्टाचार एक विशिष्ट प्रकृतिको अपराध भएको र सङ्गठित अपराध, सम्पत्ति शुद्धीकरण, आतंकवाद र अन्य फौजदारी अपराधसँग समेत यसको विशेष सम्बन्ध हुने भएकोले भ्रष्टाचारको नियन्त्रण तथा अनुसन्धान गर्न विशेष अनुसन्धानात्मक प्रविधि र प्रक्रियाहरूको प्रयोग गर्नु पर्दछ । सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस/रिसवत लिने दिने लगायतका भ्रष्टाचारजन्य कसुरबाट आर्जन गरेको नगद, जिन्सी वा अन्य सम्पत्ति ओसारपसार वा भण्डारण सम्बन्धी सूचना संकलन, विश्लेषण तथा सुराकी वा अनुसन्धान सूत्र (इन्टेलिजेन्स) विकास, रङ्गेहात कारबाही (Sting Operation)

सञ्चालन समेत गरी घुस वा रिसवत लिने र दिनेलाई दशी प्रमाण सहित पक्राउ गरी भ्रष्टाचारजन्य कसुरको अनुसन्धान तथा अभियोजन गर्ने कार्य गर्दै आइरहेको छ।

रंगेहात कारबाही (**स्टिङ अपरेसन**) भन्नाले रिसवत लिने दिने वा भ्रष्टाचारजन्य कसुर गरी आर्जन गरेको नगद, जिन्सी, डिजिटल मुद्रा वा अन्य सम्पत्ति वा सवुद प्रमाणका चिज वस्तुहरू ओसारपसार वा भण्डारणमा संलग्न आरोपित वा शंकास्पद व्यक्तिका क्रियाकलापको **सुराकी वा अनुसन्धान सुत्र** (**इन्टेलिजेन्स**) मा खटिने कर्मचारी, सुराकी वा अन्य व्यक्तिले आरोपित वा शंकित व्यक्तिको साझेदार वा सहयोगी वा सम्भावित पीडितको भूमिका निर्वाह गरी वा सहयोग लिई त्यस्ता शंकास्पद राष्ट्रसेवक वा अन्य व्यक्तिहरूका साथ रही वा अन्य कुनै तरिकाले **निगरानी गरी रिसवत लिने दिने कार्य गर्दागर्दै वा गरी सकेपश्चात वा भ्रष्टाचारजन्य कसुर गरी आर्जित नगद वा जुनसुकै सम्पत्ति ओसारपसार गर्दागर्दै वा भण्डारण गरेको अवस्थामा सप्रमाण पक्राउ गर्न सञ्चालन गरिने गुप्त अनुसन्धान कारबाही** (**अण्डर कभर अपरेसन**) **लाई भनिन्छ**।

यसै सन्दर्भमा यस लेखमा घुस रिसवत लगायतका भ्रष्टाचारजन्य कसुरमा रंगेहात कारबाही (स्टिङ अपरेसन) र विद्युतीय माध्यमको प्रयोगसँग सम्बन्धित विषयमा विद्यमान कानुनी व्यवस्था र घुस रिसवत र विद्युतीय माध्यमबाट संकलित प्रमाणका विषयमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तका विषयमा विवेचना गरिएको छ।

**२. रंगेहात कारबाही (स्टिङ अपरेसन) सँग सम्बन्धित कानुनी व्यवस्थाहरू**

सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालको संविधान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८, सूचना सङ्कलन र रङ्गेहात कारबाही (स्टिङ अपरेशन) सञ्चालन तथा अनुसन्धान कार्यविधि, २०८२, सम्मानित आयोगबाट भएका निर्णयहरू, सम्मानित अदालतबाट प्रतिपादित नजिर सिद्धान्त लगायतका अन्य प्रचलित ऐन कानुनहरू अन्तर्गत रही भ्रष्टाचार नियन्त्रण, अनुसन्धान तथा अभियोजन गर्ने कार्य गर्दै आइरहेको छ। घुस रिसवत लगायतका भ्रष्टाचार जन्य कसुरमा स्टिङ अपरेसन सञ्चालनसँग सम्बन्धित कानुनी व्यवस्थाहरू देहाय बमोजिम रहेको देखिन्छ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४ को उपदफा** (१) मा कुनै उजुरी वा प्रतिवेदन

परी वा अन्य कुनै स्रोतबाट आयोगलाई कुनै जानकारी प्राप्त भई सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचारको अपराध गरेको छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा आयोगले त्यसको प्रारम्भिक छानबिन गोप्य रूपमा गर्नेछ भन्ने व्यवस्था गरेको छ।

**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २६ (प्रारम्भिक छानबिन)** मा कसैले यस ऐन अन्तर्गतको कसुर गरेको वा गर्न लागेको भन्ने कुराको उजुरी वा जानकारी प्राप्त गरेपछि अनुसन्धान अधिकारीले सो विषयको प्रारम्भिक छानबिन आवश्यकतानुसार गोप्य रुपमा गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ।

**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६० (सुराकी र त्यसको विवरण गोप्य राखिने)** मा यस ऐन अन्तर्गतको कसुर गरेको वा गर्न लागेको छ भन्ने सूचना दिने सुराकीको नाम र ठेगाना निजले चाहेमा गोप्य राखिनेछ भन्ने व्यवस्था गरेको छ।

**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३२ ख. (विशेष अनुसन्धान विधि र नवीन प्रविधिको प्रयोग गर्न सक्ने)** मा अनुसन्धान अधिकारीले यस ऐन बमोजिम कसुरको अनुसन्धान गर्दा नियन्त्रित अनुसन्धान विधि (**कन्ट्रोल डेलिभरी**), गुप्त अनुसन्धान कारबाही (**अन्डर कभर अपरेशन**), सम्बन्धित अदालतको अनुमति लिई टेलिफोन वा सञ्चार माध्यमको विवरण प्राप्त गर्ने (**इन्टरसेप्सन**), थप प्रमाण वा सूचना प्राप्त गर्ने उद्देश्यले निरन्तर निगरानी राखी तत्काल पक्राउ नगर्ने (**अरेष्ट वेभर**), सम्बन्धित अदालतको अनुमति लिएर कम्प्युटर वा **अन्य विद्युतीय साधनको संरचना वा प्रणालीमा पहुँच** गर्ने जस्ता विशेष अनुसन्धान विधि र नवीन प्रविधिको प्रयोग गर्न सक्ने भन्ने व्यवस्था गरेको छ।

**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६२घ. (अनुसन्धान सम्बन्धी विशेष व्यवस्था)** मा अनुसन्धान अधिकृतले भ्रष्ट्राचारजन्य कसुरको अनुसन्धानमा आवश्यक पर्ने सूचना संकलन गरी अनुसन्धानलाई अझ प्रभावकारी बनाउन उचित र पर्याप्त कारण भएमा **सुराकी वा अनुसन्धान सूत्र (इन्टेलिजेन्स) परिचालन** गर्न सक्नेछ । त्यसरी परिचालन गरिएको सुराकी वा अनुसन्धान सूत्रबाट वा अन्य कुनै माध्यमबाट राष्ट्रसेवकले रिसवत माग गरेको सूचना वा जानकारी प्राप्त भएमा अनुसन्धान अधिकृतले मातहतका कर्मचारी वा उजुरवाला वा अन्य कुनै व्यक्ति मार्फत त्यस्तो राष्ट्रसेवकलाई अनुसन्धानको क्रममा दशी एवं प्रमाणस्वरूप **रिसवत बापत माग बमोजिमको रकम उपलब्ध गराउन सक्नेछ** भन्ने व्यवस्था गरेको छ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम** ४१. (**वैज्ञानिक एवम् सञ्चारका उपकरण तथा साधनको प्रयोग**) मा अख्तियार दुरुपयोगको अनुसन्धानमा संलग्न कर्मचारी एवं व्यक्तिलाई अनुसन्धानको सिलसिलामा आयोगको आदेशानुसार आवश्यक पर्ने **वैज्ञानिक एवम् सञ्चारका उपकरण तथा साधन साथमा लिई हिंड्न र प्रयोग गर्न पाउने** अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ को दफा** १६ मा अख्तियार दुरुपयोगको विषयमा सूचना संकलन तथा विश्लेषण गरी पेस गर्ने, कुनै व्यक्ति, साक्षी, वस्तु वा स्थानको निगरानी राख्ने तथा कुनै व्यक्ति, वस्तु वा साक्षीलाई आयोग समक्ष उपस्थित गराउने, अनुसन्धानको सिलसिलामा खानतलासी तथा बरामद गर्ने कार्यमा आवश्यक सहयोग गर्ने गराउने, सूचनाको आधारमा घुस वा रिसवत लिने र दिनेलाई प्रमुख आयुक्तको निर्देशन बमोजिम पक्राउ गरी कारबाही गर्न आवश्यक भए प्रहरी परिचालन गर्ने लगायतका कार्यहरू तोकिएको छ।

**सूचना संकलन र रङ्गेहात कारबाही (स्टिङ अपरेशन) सञ्चालन तथा अनुसन्धान कार्यविधि,** २०८२: भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६२घ. मा भएको व्यवस्था बमोजिम राष्ट्रसेवकले रिसवत माग गरेको सूचना वा जानकारी प्राप्त भएमा अनुसन्धान अधिकारीले मातहतका कर्मचारी, उजुरवाला वा अन्य कुनै व्यक्ति मार्फत त्यस्तो राष्ट्रसेवकलाई अनुसन्धानको क्रममा भ्रष्टाचारजन्य कसुरबाट आर्जन गरेको नगद, जिन्सी वा अन्य सम्पत्ति ओसारपसार वा भण्डारण सम्बन्धी सूचना संकलन, विश्लेषण तथा सुराकी वा अनुसन्धान सूत्र (इन्टेलिजेन्स) परिचालन गरी रङ्गेहात कारबाही (स्टिङ अपरेसन) सञ्चालन गर्न तथा सो सम्बन्धी अनुसन्धान तहकिकात कार्यलाई व्यवस्थित गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कार्यविधि बनाई लागु गरेको छ। सूचना संकलन र रङ्गेहात कारबाही सञ्चालन तथा अनुसन्धानका बारेमा उल्लिखित कार्यविधिमा निग्रानी, नियन्त्रित वितरण (कन्ट्रोल डेलिभरी), रङ्गेहात कारबाही, सुराकी वा अनुसन्धान सुत्र (इन्टेलिजेन्स) को परिचालन, उजुरी, सूचना संकलन तथा विश्लेषण गर्ने, अण्डर कभर अपरेशन, इन्टरसेप्सन, अरेष्ट वेभर लगायतका विशेष अनुसन्धानका विधि तथा नवीन प्रविधिको प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ।

**सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा** १९ ग. (**विशेष अनुसन्धान विधि अवलम्बन गर्न सकिने**) मा सम्पत्ति शुद्धीकरण सम्बन्धी

कसुर वा सम्बद्ध कसुरको अनुसन्धान गर्दा कसुरको अनुसन्धान गर्दा नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलिभरी), सुराकी परिचालन, गुप्त अनुसन्धान कारबाही (अन्डर कभर अपरेशन), सम्बन्धित अदालतको अनुमति लिई टेलिफोन वा सञ्चार माध्यमको विवरण प्राप्त गर्ने (इन्टरसेप्सन), थप प्रमाण वा सूचना प्राप्त गर्ने उद्देश्यले निरन्तर निगरानी राखी तत्काल पक्राउ नगर्ने (अरेष्ट वेभर), सम्बन्धित अदालतको अनुमति लिएर कम्प्युटर वा अन्य विद्युतीय साधनको संरचना वा प्रणालीमा पहुँच लगायतका विशेष अनुसन्धानका विधि अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ।

**संगठित अपराध निवारण ऐन, २०७० दफा को दफा १३** (**विशेष अनुसन्धान पद्धति अपनाउन सकिने**) मा संगठित अपराधको अनुसन्धान गर्दा **नियन्त्रित अनुसन्धान प्रविधि** (**कन्ट्रोल डेलिभरी**) **र गुप्त कारबाही अनुसन्धान** (**अण्डर कभर अपरेशन**) र यस्तै अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिनेछ भन्ने व्यवस्था रहेको छ।

**प्रमाण ऐन, २०३१ को दफा १३ क.** (**श्रव्यदृश्य माध्यम** (**भिडियो कन्फरेन्स**) **मार्फत अभिलेख भएको विवरण**) मा श्रव्य दृश्य माध्यमबाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरू प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था गरेको छ।

**भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ६२ ख.** (**श्रव्य दृश्य वा श्रव्यदृश्य विद्युतीय माध्यममा अभिलेख भएको प्रमाण ग्राह्य हुने**) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन बमोजिमको कसुर गरेको वा त्यस्तो कसुरको उद्योग गरेको करा पुष्टि हुने गरी श्रव्य, दृश्य वा श्रव्यदृश्यको विद्युतीय अभिलेख सम्बन्धी प्रमाण अनुसन्धान अधिकारी वा अदालतसमक्ष पेस गरेमा त्यस्तो अभिलेखलाई अदालतले प्रमाणको रुपमा ग्रहण गर्न सक्नेछ तर त्यस्तो प्रमाण कसरी अभिलेख गरिएको हो, सोको आधिकारिकता वा प्रामाणिकताका सम्बन्धमा सम्बन्धित व्यक्तिलाई साक्षीसरह परीक्षण गर्न सकिनेछ भन्ने व्यवस्था गरेको छ।

**३. अन्तर्राष्ट्रिय महासन्धीमा भएको व्यवस्थाः**

**भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धी, २००३ को धारा ५०** मा विशेष अनुसन्धानात्मक प्रविधिहरू (Special Investigative techniques) को बारेमा उल्लेख गर्दै भ्रष्टाचारलाई प्रभावकारी रुपमा प्रतिरोध गर्न नियन्त्रित आपूर्ति, विद्युतीय वा अन्य किसिमका सुराकी र गुप्त कारबाही जस्ता अन्य विशेष अनुसन्धानात्मक प्रविधिहरू तथा ती प्रविधिबाट प्राप्त प्रमाणलाई अदालतमा ग्रहणयोग्य बनाउन अनुमति प्रदान गर्ने भन्ने व्यवस्था

गरेको छ । नेपालले यस महासन्धीलाई सन् २०११ फ्रेब्रुवरी २३ मा अनुमोदन गरी पक्ष राष्ट्र बनेकोले पक्षराष्ट्रको हैसियतले महासन्धीको पालना र कार्यान्वयन गर्नु नेपालको दायित्व रहेको छ।

**अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धी, २००० को धारा २०** मा संगठित अपराधको नियन्त्रण गर्नका लागि नियन्त्रित आपूर्ति, विद्युतीय वा अन्य किसिमका निग्रानी, गुप्त कारबाही जस्ता विशेष अनुसन्धानात्मक प्रविधिहरूको प्रयोग गर्न सकिने भन्ने व्यवस्था गरेको छ।

त्यसैगरी महासन्धीले भ्रष्टाचारलाई संगठित अपराधको एउटा स्वरुपको रुपमा उल्लेख गर्दै धारा ८ मा भ्रष्टाचारको आपराधिकरण, धारा ९ मा भ्रष्टाचार विरुद्ध लड्नका लागि अपनाउनु पर्ने उपायहरू समेतको उल्लेख गरेको छ। अन्तरदेशिय संगठित अपराध विरुद्धको महासन्धीले भ्रष्टाचारलाई संगठित र सिमा विहिन अपराधको रुपमा परिभाषित गरेको छ।

**अमेरिका, क्यानडा, बेलायत, अष्ट्रेलिया, भारत आदि देशहरूमा** पनि गोप्य वा छद्म रुपमा गरिने अनुसन्धान तथा छानबिनलाई मान्यता प्रदान गरी प्रयोगमा रहेको पाइन्छ । अमेरिकाको एफबीआई र भारतको सीबीआईले स्टिङ अपरेशन लगायतका गुप्त कारबाही गर्ने कार्य गरिरहेको पाइन्छ । यसरी भ्रष्टाचार लगायतका संगठित रुपमा हुने कसुरको नियन्त्रणको लागि स्टिङ अपरेशन लगायतका विशेष अनुसन्धानात्मक विधि तथा नवीन प्रविधिहरू प्रयोग गर्न सकिने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले स्वीकार गरेको छ । नेपालमा पनि अनुसन्धान सुत्र (इन्टेलिजेन्स), गोप्य वा छद्म रुपमा गरिने अनुसन्धान कार्यलाई कानुनी तथा व्यवहारिक रुपमा स्वीकार गरिएको देखिन्छ।

**४. सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त (न्यायीक दृष्टिकोण):**

घुस रिसवत लगायतका भ्रष्टाचारजन्य कसुरमा सञ्चालन भएका स्टङ अपरेसन र विद्युतीय माध्यमबाट संकलित प्रमाणका सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट देहाय बमोजिम नजिर सिद्धान्तहरू प्रतिपादन भएको देखिन्छ।

**नेपाल सरकार विरूद्ध प्रेम बहादुर थापा, भ्रष्टाचार (घुस/रिसवत)**[1]

भ्रष्टाचारको कसुरमा गोप्य अनुसन्धान गर्दा सुराकीको प्रयोग गर्ने, सङ्कित व्यक्ति उपर सूक्ष्म निगरानी गर्ने, कुनै सेवाग्राही र राष्ट्रसेवकबिच रिसवत लेनदेन भएको अवस्थामा सो रकम बरामद गरी

१. नेपाल कानुन पत्रिका, २०७९, अंक १०, नि.नं. १०९५८

प्रमाण पेस गर्ने, प्रविधिको माध्यमबाट श्रव्य दृश्य तयार पार्ने, आर्जित सम्पत्तिको स्रोत खोज्ने, प्रमाणको वैज्ञानिक सङ्कलन र परीक्षण गर्ने लगायतका आवश्यक र उपयुक्त तरिका अपनाउनु आवश्यक हुने ।

**नेपाल सरकार विरूद्ध अविमनदास मुल्मीसमेत (भ्रष्टाचार)**[२]

भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि. जस्ता प्रविधिहरूको प्रयोग गर्नु वाञ्छनीय हुने र त्यसलाई प्रमाणमा लिन पनि सकिने, यसरी प्रविधिको प्रयोगबाट सङ्कलन गरिने प्रमाण ग्रहण गर्दा भने न्यायिक विवेकको प्रयोग अपेक्षाकृत धेरै नै रहने । सि.डि. प्रमाणमा लाग्दछ भन्नुको अर्थ जुनसुकै, जो कोहीले, जहिलेसुकै तयार गरेको सि.डि. प्रमाण-ग्राह्य हुन्छ भन्ने नहुने । निश्चित मापदण्डमा आधारित रहेर निर्माण गरिएका, बनावटी, कृत्रिम वा संशययुक्त नभएका र कानुनसम्मत तवरबाट तयार गरिएका सि.डि. पेस हुन आएमा प्रमाणमा ग्रहण गर्नुपर्ने । यस कुरामा पनि विधिको उचित प्रक्रियाको अनुशरण वाञ्छनीय हुने ।

**नेपाल सरकार विरुद्ध कृष्ण प्रसाद जोशी (घुस रिसवत लिई भ्रष्टाचार गरेको)**[३]

भ्रष्टाचारको कसुर स्थापित हुनको लागि प्रतिवादीबाट रकम बरामद हुनु नै पूर्ण एवम् पर्याप्त प्रमाण हुन सक्दैन । प्रतिवादीले सो रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुसबापतको रकम लिएको तथ्य वस्तुनिष्ठ, विश्वसनीय, प्रचुर एवम् पर्याप्त प्रमाणद्वारा परिपुष्टि हुनु पर्ने ।

**देवर्षी सापकोटा समेत विरुद्ध नेपाल सरकार (भ्रष्टाचार)**[४]

प्रतिवादीहरूको सम्बन्धमा पेस भएको दृश्य सहितको अडियोमा प्रतिवादीहरूले जाहेरवालासँगको वार्तालाप र रिसवतको नोट लिएको, गनेको र अर्का प्रतिवादीले पनि जाहेरवालासँग रिसवतकै नोट लिएर गनेको दृश्य देखिँदा भ्रष्टाचार मुद्दामा कसुर स्थापित गर्ने प्रत्यक्ष एवम् मुख्य प्रमाणको रूपमा नै मान्नु पर्ने ।

**श्याम अधिकारी विरुद्ध नेपाल सरकार, भ्रष्टाचार (घुस रिसवत)**[५]

विज्ञान र प्रविधिको सहायताले आफूसँग घुस रिसवत मागेको बोली बोलेको फोनवार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्धतले लिपिबद्ध गरी प्रमाणको रुपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्वपूर्ण प्रमाणकै रुपमा मूल्याङ्कन गर्नुपर्ने । रेकर्ड गरिएको बोली प्रतिवादीकै हो भनी निश्चित भएको

२. नेपाल कानुन पत्रिका, २०७९, अंक १०, नि.नं. १०९५५

३. नेपाल कानुन पत्रिका, २०७७, अंक १, नि.नं. १०४१३

४. नेपाल कानुन पत्रिका, २०७६, अंक १०, नि.नं. १०३७६

५. नेपाल कानुन पत्रिका, २०७६, अंक ८, नि.नं. १०३२३

हुनु पर्दछ । रेकर्डलाई कुनै परिवर्तन (tempering) गरिएको हुनु हुँदैन । यस्तो रेकर्डलाई कुनै परिवर्तन गरेको शंका वा सम्भावना भएमा आवाज पुनः निश्चित गरिनु पर्दछ । कुनै पनि किसिमबाट आवाज परिवर्तन (tempering) भएको हुनुहुँदैन । कुनै किसिमबाट रेकर्डलाई परिवर्तन गर्ने सम्भावना भएमा वा निश्चित नभएमा वैज्ञानिक परीक्षण हुनुपर्ने ।

**राम बहादुर थापा विरुद्ध नेपाल सरकार (घुस रिसवत लिई भ्रष्टाचार गरेको)**[६]

सिडि लगायत विद्युतीय माध्यमबाट संकलित प्रमाणलाई मुद्दामा प्रमाणको रुपमा ग्रहण गर्न मिल्दैन भन्ने अवश्य होइन । विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभुतपूर्व विकास र थपिएका अनेकौं नवीनतम आयामहरूलाई न्याय निरुपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने ।

**बम बहादुर बस्नेत विरुद्ध नेपाल सरकार**[७]

फोटो, भिडियो, अडियो, सीडी आदि डिजिटल सामग्री लिखत हुन् । यिनको प्रामाणिक मूल्यलाई अस्वीकार गर्नु न्यायसङ्गत हुँदैन । तथ्यका प्रत्येक गवाह प्रमाण हुन् । मुद्दाका कुनै पक्षबाट फोटो, भिडियो, अडियो, सीडी आदि डिजिटल प्रति प्रमाणका रूपमा प्रस्तुत हुन्छन् र अर्को पक्षबाट तिनमा इन्कारी जनाइदैन भने लिखित प्रमाणका रूपमा यी ग्राह्य हुन्छन् । यस्ता प्रमाणका विषयमा विवाद उठेमा तिनको सत्यता परीक्षणको विषय बन्दछ । अन्यथा लिखत प्रमाणका आधुनिक स्वरूपलाई सतर्कता साथ ग्रहण गर्दै जानुपर्ने ।

**भाग्य नारायण बैठा समेत विरूद्ध नेपाल सरकार**[८]

पोलिग्राफ परीक्षण पद्धतिबाट परीक्षण गरी निस्केको निष्कर्ष (Finding) लाई अनुसन्धान, तहकिकातको क्रममा संकलित प्रमाणबाट समर्थित गरेको अवस्थामा त्यस्तो पोलिग्राफ परीक्षण पद्धतिबाट परीक्षण गरी निस्केको निष्कर्ष एवं रायलाई प्रमाणको रूपमा ग्राह्य गर्न सकिने ।

**नापी सर्वेक्षक बाल मुकुन्द श्रेष्ठ विरूद्ध नेपाल सरकार**[९]

कुनै प्रमाणको ग्राह्यताका सम्बन्धमा विचार गर्दा तीनवटा कुराहरू सम्बद्धता (relevance), विश्वसनीयता (reliability) र वजन (weight) महत्त्वपूर्ण मानिने ।.... अडियो रेकर्डिङको प्रमाण ग्राह्यताका सम्बन्धमा विचार गर्दा हाम्रो

६. नेपाल कानुन पत्रिका २०७४, अंक ९, नि.नं. ९८८०

७. ने.का.प. २०७०, अंक ६, नि.नं. ९०२२

८. ने.का.प. २०७५, अंक ३, नि.नं. ९९८०

९. ने.का.प. २०८१, अंक ९, नि.नं. ११३५२

प्रमाण कानुनले यस प्रकारको रेकर्डिङलाई प्रमाणमा लिन नहुने गरी व्यवस्था भएको नपाइने ।

**द्वारिका चौलागाई विरुद्ध नेपाल सरकार**[10]

प्रतिवादीका साथबाट नम्बर टिपिएका रूपैयाँ बरामद हुनु, जाहेरवालाले अदालतमा गरेको बकपत्रमा समेत प्रतिवादी विरुद्ध घुस मागेकाले रकम दिएको भन्ने जाहेरी र प्रहरीमा भएको बयानलाई समर्थन हुने गरी गरेको बकपत्र समेतबाट दाबी बमोजिमको कसुर यी प्रतिवादीले गरेको भन्ने देखिरहेको ।

**अर्जुन कुमार घिमिरे विरुद्ध नेपाल सरकार**[11]

अपरिचित सेवाग्राहीले अपरिचित राष्ट्र सेवकलाई फसाउने भन्ने प्रश्न नै आउँदैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष अनुरोध गरी नम्बर टिपिएको नोट प्राप्त गरी उक्त नोटहरू प्रतिवादीहरूलाई विना कारण दिए होलान् भनी भन्न मिल्दैन ।

**प्रदिप अधिकारी विरुद्ध उद्योग विभाग**[12]

खल्तिबाट घुसको रकम बरामद भएको अवस्थामा घुस रिसवत लिएको होइन भनी जिकिरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबरजस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने । घुसको रकम, रङ्गेहात पक्राउ परेको स्कुल दर्ता गर्ने क्रममा घुस, रिसवत मागी लिएको अवस्थामा त्यस्तो रिसवत लिने राष्ट्रसेवक कर्मचारी कानुन बमोजिम सजायको भागी हुने ।

**अधिवक्ता विष्णु प्रसाद घिमिरे विरुद्ध संघीय संसद समेत, उत्प्रेषण**[13]

गोप्य वा छद्म रुपमा गरिने अनुसन्धान वा छानबीन कार्य गर्न सकिन्छ तर यसो गर्दा प्रमाणको सिर्जना गर्ने होइन, प्रमाणको संकलन गर्ने कार्य गरिएको हुनुपर्दछ, साथै स्वच्छ सुनुवाइको मान्यता प्रतिकूल नहुने अवस्था पनि सुनिश्चित गरिनु पर्दछ । गोप्य वा छद्म रुपमा गरिने अनुसन्धानलाई आयोगले पैसा दिएर पठाउने कुरामा मात्र सीमित राखेर हेरिनु वा बुझिनु पनि उचित देखिदैन । रकम दिएर

१०. स.अ. बुलेटिन, वर्ष १५, अंक २, वैशाख २०६३, पूर्णाङ्क ३३२, पृष्ठ २०

११. स.अ. बुलेटिन, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णाङ्क ४२०, पृष्ठ १०

१२. ने.का.प.२०६७, अंक ४, नि.नं.८३४०

१३. रिट नं. २०७४-WC-००२०, सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८ वैशाख ८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुने गरी फैसला भएको ।

पठाउनु बाहेक पनि गोप्य वा छद्म रुपमा गरिने अनुसन्धानका तरिका वा पद्धतिहरू छन् र त्यसको अनुशरण अनुसन्धानका सन्दर्भमा गर्न सकिन्छ। जटिल प्रकृतिको कसुरजन्य कार्यको अनुसन्धानका लागि गोप्य वा छद्म रुपमा गरिने अनुसन्धान एक गम्भीर र महत्वपूर्ण माध्यम हुन सक्तछ। कर्मचारीको कार्यकक्षबाट रकम बरामद गरिएको देखाउदैमा भ्रष्टाचार जस्तो गम्भीर कसुर स्थापित भइहाल्ने पनि होइन। कसैलाई भ्रष्टाचार ठहर गर्न उक्त व्यक्तिले घुस खाने मनसाय राखेको थियो, त्यस अनुसार घुस रकम माग गरेको थियो र स्वेच्छाले रकम बुझेको थियो भन्ने पनि पुष्टी हुनुपर्छ।

अधिवक्ता विष्णु प्रसाद घिमिरे विरुद्ध संघीय संसद नेपाल भएको मुद्दामा सम्मानित सर्वोच्च अदालतले आयोग स्वयम्‌ले घुस रिसवत दिने प्रयोजनार्थ रकम उपलब्ध गराउने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा भएको व्यवस्था संविधानसम्मत नभएको भनी फैसला भएकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६२ घ. मा संशोधन गरी दशी एवम् प्रमाणस्वरूप रिसवत बापत माग बमोजिमको रकम आयोगले उपलब्ध गराउन सक्नेछ भनी ऐनमै भएको कानुनी व्यवस्था बमोजिम हाल रकम उपलब्ध गराउदै आएको पाइन्छ।

रङ्गेहात कारबाहीको क्रममा प्रमाण संकलन गर्ने विभिन्न माध्यम वा तरिका मध्ये आयोगले घुस रिसवत दिनका लागि रकम उपलब्ध गराउने एउटा उपाय मात्र हो। स्टिङ अप्रेशनमा आयोगले उपलब्ध गराएको रकम मात्र दशी प्रमाण होइन। घुस रिसवत माग गरेको, घुस रिसवत माग गर्नुको औचित्य कारण खुलेको, फोन संवाद, मेसेज आदान प्रदान, श्रव्य दृश्य रेकर्ड लगायतका अन्य थुप्रै प्रमाणहरू हुन्छन्।

**भारतको सर्वोच्च अदालतले समेत** श्रव्यदृश्य रेकर्डलाई सर्वोत्तम प्रमाणको रुपमा ग्राह्य हुने फैसला नजिर सिद्धान्त प्रतिपादन गरेको छ। Rajat Prasad v CBI[१४] भएको मुद्दामा एकजना मन्त्रीले घुसबापत रकम लिएको कुराको दृश्य (secret video recording) सहित Indian Express मा प्रकाशित समाचारको आधारमा अभियोजन गरिएको विरूद्धमा प्रतिवादी सर्वोच्च अदालतमा पुगेकोमा प्रतिवादीको पुनरावेदन खारेज हुने, R M Malkani v State of Maharashtra[१५]

१४. Decided on २४ April २०१४

१५. (१९७३) १ SCC ४७१

भएको मुद्दामा वार्तालापको अडियो रेकर्डिङ यदि सम्बद्ध रहेको देखिन्छ, रेकर्डिङमा प्रयुक्त आवाज पहिचान हुन सक्ने छ र त्यस्तो रेकर्डिङ थप्ने मेट्ने भएको छैन भने प्रमाणग्राह्य हुने र Ziyaddin Burhanuddin Bukhari v Brijmohan Ramdas Mehta[१६] भएको मुद्दामा रेकर्डिङ तोडमोड (tampered) गरिएको छैन भने त्यस्तो रेकर्डिङमा व्यक्त गरिएको कुराका सम्बन्धमा यही नै सर्वोत्तम प्रमाण मानिने भनी फैसला गरेको पाइन्छ ।

अमेरिकाको सर्वोच्च अदालतले कानुन कार्यान्वयन गर्ने सन्दर्भमा सरकारी अधिकारीहरूले अपराधको योजना बनाउन, आपराधिक कार्य गर्न निर्दोष मानिसलाई उक्साउन र आपराधिक घटना निर्माण गरेर कसै उपर अभियोजन गर्न हुँदैन भनी सन् १९९२ मा Jacobson को मुद्दामा[१७] व्याख्या गरेको छ ।

**५. निष्कर्ष**

सूचना प्रविधिको द्रुत विकाससँगै भ्रष्टाचारजन्य कसुरको स्वरूप, प्रवृत्ति र शैलीमा आएको परिवर्तनले भ्रष्टाचारजन्य कसुरको नियन्त्रण र अनुसन्धान जटिल एवम् चुनौतीपूर्ण बन्दै गएको छ । यस्तो अवस्थामा परम्परागत उजुरीमा आधारित अनुसन्धान प्रणाली मात्र पर्याप्त हुन सक्दैन । भ्रष्टाचारजन्य कसुरको प्रभावकारी नियन्त्रण तथा अनुसन्धानका लागि सुराकी वा अनुसन्धान सूत्र (Intelligence), गुप्त अनुसन्धान (Undercover Operation), रंगेहात कारबाही (Sting Operation), श्रव्यदृश्य अभिलेख तथा अन्य विशेष अनुसन्धानात्मक विधि तथा नवीनतम प्रविधिको प्रयोग अपरिहार्य बनेको छ ।

आधुनिक इन्टेलिजेन्स, अन्डर कभर अपरेसन लगायतका विशेष अनुसन्धान विधि र नवीन प्रविधिको प्रयोग र परिचालनसँग सम्बन्धित अवधारणाहरूको सम्बन्धमा नेपालमा पर्याप्त कानुनी व्यवस्था रहेको भए तापनि स्पष्ट मापदण्ड, कार्यविधि र सम्बन्धित निकायहरूसँगको समन्वय तथा सहकार्यको अभावका कारण अझै प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको देखिदैन ।

अण्डर कभर अपरेसन लगायतका विशेष अनुसन्धानात्मक विधि र नवीन प्रविधिको प्रयोगलाई भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी (UNCAC) लगायतका अन्तर्राष्ट्रिय महासन्धीहरूले वैधानिकता प्रदान गरेका छन् ।

सर्वोच्च अदालतबाट प्रतिपादित

१६. (१९७६) २ SCC १७

१७. Jacobson v.United States, ५०३ U.S.५४० (१९९२)

नजिर सिद्धान्तहरूले पनि घुस रिसवत लगायतका भ्रष्टाचारजन्य कसुरमा रंगेहात कारबाही (स्टिङ अपरेसन), अन्डर कभर अपरेसन तथा विद्युतीय माध्यमबाट संकलित प्रमाणलाई कानुनी कार्यविधि पूरा भएको अवस्थामा ग्राह्य प्रमाणका रूपमा स्वीकार गरेको देखिन्छ। तथापि विद्युतीय प्रमाणको प्रामाणिकता, विश्वसनीयता र अखण्डता सुनिश्चित हुनुपर्नेमा जोड दिएको देखिन्छ।

सम्मानित अदालतले गरेको फैसलामा रंगेहात कारबाही र विशेष अनुसन्धानात्मक विधि तथा नवीनतम प्रविधि भ्रष्टाचार नियन्त्रणका प्रभावकारी माध्यम भए पनि यसको प्रयोग विधिसम्मत र पारदर्शी हुनु आवश्यक रहेको कुरामा जोड दिएको देखिन्छ। अतः बलियो इन्टेलिजेन्स प्रणालीको विकास नभई भ्रष्टाचारजन्य कसुरको नियन्त्रण र अनुसन्धान प्रभावकारी हुन सक्दैन। आजको यस आधुनिक डिजिटल युगमा भ्रष्टाचार गर्ने शैली, तरिका र प्रवृत्तिमा व्यापक परिवर्तन आएकोले भ्रष्टाचार जन्य कसुरको अनुसन्धान जटिल बन्न पुगेको कारण अनुसन्धानका विशेष विधि र नवीनतम प्रविधिको प्रयोग गरी Intelligence Led Investigation मा थप जोड दिनु पर्ने देखिन्छ।

**सन्दर्भ सामग्रीहरू**


- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- संगठित अपराध निवारण ऐन, २०७०
- लागु औषध नियन्त्रण ऐन, २०३३
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नियमावली, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८
- सूचना संकलन र रङ्गेहात कारबाही (स्टिङ अप्रेशन) सञ्चालन तथा अनुसन्धान कार्यविधि, २०८२
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रकाशित वार्षिक प्रतिवेदनहरू र स्मारिकाहरू
- सम्मानित सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानुन पत्रिकाहरू
- भ्रष्टाचार विरुद्धको राष्ट्र संघीय महासन्धी, २००३
- अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी, २०००
- भ्रष्टाचार निवारण कानुन सम्बन्धी कार्यपत्रको संगालो, महान्यायाधिवक्ताको कार्यालय, नेपाल, २०७८
- भ्रष्टाचारका सम्बन्धमा प्रकाशित विभिन्न लेखहरू।


◆◆◆

कविता

# मृत्यु



✍ प्र.स.ह.टिकाराम दुलाल

वृद्धा बालक के जवान सब जो पुग्छन् तिम्रो घर
के दिन्छौ र तिमी भुलेर दुनिया बस्छन् त्यतानै तर
गोरी छौ कि तिमी बिछट्ट रुपकी खै छौ बडो सुन्दर
जो मान्छे पनि भेट्दै जब तिमी फिर्ने यहाँ को छ र

सासै दान दिएर बस्छ किन हो प्राणी सबै जो पनि
तिम्रो साथ छ के अमूल्यपन त्यो भन्दैन यस्तो भनि
जसले देख्छ तिमी तिमी सित उतै जानै खुसी बन्दछ
यस्तो रैछ र जान्छु है भनि कतै कोही न कैँ भन्दछ

जान्छन् मानिस आफू त्यो नगरमा सम्बन्ध नाता भुली
तिम्रै साथ हुने भनेर बिचरा फासी र चढ्छन् सुली
तिम्रै खातिर भेट्छु यो जहरको पानी पिएका पनि
तिमो हात समात्न जीवन मिठो हत्या गरेका अनि

जो जस्तो धनि होस् वा गरिबनै खाओस् वा औषधि
को को लानु छ एक यो घडिपला छानेर लान्छौ तिमी
मर्यादा क्रम हुन्छ पालन तिमीले गर्दै गरेनौ कतै
बा आमा पहिला छँदै जिजुबुबा नाती उठायौ कठै

आफ्नै न्याय छ जे गरे पनि अहो तिम्रो अनौठो यहाँ
त्यो इजलास कठोर न्यायलयको पोखौं गुनासो कहाँ
भेट्ने साहसले गरे रहर खै भेट्नै नमिल्ने अरे
आफ्नै मात्र कुरा सुनेर दुनिया राख्छौ पकड्मा हरे

तिम्रो नीति विधान कानुन सबै यस्तो छ होला भनि
भन्छन् धर्म र शास्त्रले अलिकता आदर्श वाणी पनि
आत्मा मात्र लिएर यो शरीर खै छोड्छौ यतै पार्थिव
कस्तो चाल चलेर यो हुन गयो भेट्दैन वैज्ञानिक

निबन्ध

# केरा जस्तो



✍ डा. प्रेमराज सिलवाल

प्रकृतिमा फल्ने केरा र मान्छेको जीवनको नाता पृथ्वीमा मानव सभ्यताको विकास भएदेखि चल्दै आयो । केराको फल केरा मात्र होइन पात, सुत्लादेखि बोट नै बहुउपयोगी छन् । पूजामा केराको पात खोजिन्छ । गाउँमा पानी छेक्न (ओत लाग्न) केराको पालको प्रयोग गर्ने गरिएको देखिन्छ । कतैकतै खाना खान पनि केराको पातको प्रयोग हुन्छ । मूलको पानीमा धारा बनाउन केराको सुत्लो छानिन्छ । पोखरी र खोला तर्न केराको बोट (थाम)मा चढेर पार तरिन्छ । दसैंमा खसी मार हान्दा खकुरीको चोट थाम्न पनि केराको बोट (थाम) नै खोजिन्छ । अर्थात् मानव जीवनसँग केराको सम्बन्ध जन्मदेखि मर्दासम्म रहेको पाइन्छ । मानिस मरेपछि किरिया गर्नेले समेत केराको पातमा भात खाएको देख्न पाइन्छ । शरीरको लागि केरा बहुगुणी हो ।

मानिस चाहिँ स्वार्थी हो । आफूलाई चाहिँदा केराको बहुउपयोग खोज्दछ । केरा सम्झन्छ । नचाहिँदा त्यै केरालाई हेलाँ, होचो र गाली बर्साउँदछ । मान्छेले अर्को कुनै मान्छेलाई गाली गर्दा पनि भन्ने गरिएको देखिन्छ-'कस्तो केराजस्तो मान्छे !' किन त्यसरी मानिसलाई गाली गर्ने गरिएको हो भनेर यसको अर्थ र मतलब कसैले भन्दैन । 'अगाडिकोले त्यसै भन्दै आयो ।' उसले त्यस्तै सुन्दै आयो । 'सराद्देमा बिरालो बाध्ने प्रचलन भने जस्तो केरा विम्बलाई गाली गर्ने संस्कृति' कसले किन चलायो यो समाजमा ? हुँदाहुँदा जेमा पनि गाली गर्दा 'केराजस्तो' भन्ने संस्कार बसालिएको कारण अर्कोले पनि भन्यो । बस, केराजस्तो बहुगुणी, स्वादिलो, गुलियो, पोसिलो मान्छे किन हुन सकेनन् ? अनिफेरि किन 'केराजस्तो मान्छे' भनेर तुच्छ पारालेगाली गर्नेगरिएको होला ? कुन समाजमा कुन प्रजातिको केराले मानिसको केचाहिँ बिगारेको छ हँ ? गोडमेल गर्नु पर्दैन । मलबिउ हाल्नु पर्दैन । पानी हाल्नु पर्दैन । रोप्यो । बस, आफैँ फल्दछ । आफैँ फैलन्छ, हुर्कन्छ, फूल्छ र फल्दछ । बित्थामा त्यस्तो केरालाई हेप्ने किन ? फलफूलमध्येमा केरालाई पनि बहुगुणी, स्वास्थ्यबर्धक, पोसिलो, गुलियो तथा स्वादिलो मानिएकाले केरा प्रायः पोषणविद् र डाक्टरको सिफारिसमा पर्ने

गरेको हो । केरा सबै मौसममा पाइन्छ ।

केराको प्रयोग मानिसले कहिले देखि गर्दै आयो एकिन तथ्याङ्क नभए पनि लाखौँ वर्षदेखि मानिसले केराको सेवन गर्दै आएको कुरा विभिन्न अध्ययनबाट बुझ्न र अनुमान लगाउन सकिन्छ । विश्वका प्रायः सबै मुलुकहरूमा केरा पाइन्छन् । काँचो केराको रङ्ग हरियो मात्र हुन्छ भन्ने आम बुझाइ साँचो होइन । कालो केरा, रातो केरा र हरियो केराका अनेकौँ प्रजाति नेपालका विभिन्न जिल्लामा पाइन्छन् । झपरी, मुङ्ग्रे र मालाभोग केरा नेपालका पहाडी भागमा पाइने परम्परागत केरा हुन् । काँचो केरा हरियो मात्र हुन्छ भन्ने सोच वैज्ञानिक, आलोचनात्मक र यथार्थ धारणा होइन । केरा मात्र होइन प्रकृतिमा पाइने अनेकौँ फल र फूलका प्रजाति प्रकृतिमा पाइन्छन् जसमा एउटैमा पनि अनेकौँ प्रजाति छन् । लालुपातेको फूल पनि रातो मात्र हुँदैन । लालुपाते रातो हुने फूल भए पनि पृथ्वीमा अनेकौँ रङ्ग, आकार, प्रकार र स्वभावका लालुपाते पाइन्छन् । काठमाडौँको रत्नपार्कमा रहेको नेपाल विद्युत् प्राधिकरण अगाडिको रत्नपार्कको बगैँचामा हरियो पात जस्तै फूल पनि हरियो नै भएको लालुपाते फुलेको देखिन्छ । कतै कतै पहेँलो रङ्गका लालुपातेको फूल फुलेका पाइन्छन् । पात नभएका लालुपाते राता फूल पनि देखिन्छन् । सिंहदरबार अगाडिको राष्ट्रिय बाणिज्य बैंकको ढोकामा रहेको लालुपातेमा 'पात' चाहिँ हुँदैनन् । राता फूल मात्र फुलेका देखिन्छन् । अर्थात् प्रकृति महान छ । प्रकृतिभन्दा ठूलो विज्ञान, विश्वविद्यालय र ज्ञानको भण्डार अर्को केही छैन । वैज्ञानिक अल्बर्ट आइस्टाइनले 'प्रकृति महान विश्वविद्यालय हो' भन्नुभएको छ ।

मानिसले प्रयोग गर्ने सबै प्राकृतिक र भौतिक वस्तुको मूल स्रोत नै प्रकृति हो । सुन, पेट्रोल, मोटर कार, मोबाइल, चाँदी, पित्तल, तामा, प्लाष्टिक, ल्यापटप, सिसा, दराज, टेबुल, क्यालेन्डर, कपडा, पर्दादेखि खानेकुराका सबै वस्तु प्रकृतिबाट आएका हुन् । केरादेखि मानिस बस्ने डेरासम्म हेर्ने हो भने प्रकृति नै प्रकृति मात्र देखिन्छन् । जे जस्तो सत्य छ त्यो प्रकृतिमा नै छ । प्रकृतिमा ज्ञान, विज्ञानदेखि अड्डा, अदालत, न्याय, समानता, दर्शन सबै कुरा पाइन्छन् । काठमाडौँको शिवपुरीको जङ्गलमा हेर्ने हो भने पनि चिलाउने, सिसौ, शिरीष, कटुस, पैयुँ, टाँकी, काफल, चुत्रोजस्ता बोट मात्र छैनन् । तितेपानी, बनमारादेखि सानासाना झार प्रजातिका हजारौँ हजार बोट, विरुवा र वनस्पति बाँचेका छन् । कुनै एउटा प्रजाति वा ठूलो बोटलाई मात्र बाँच्ने अधिकार त्यहाँ छैन । एउटालाई मात्र बाँच्ने र अरुचाहिँ मर्नुपर्ने अन्याय त्यहाँ देखिन्न । जेजस्तो अवस्था,

परिस्थिति र वातावरण भए पनि सबैलाई न्याय भएको देखिन्छ । ठूलो रूखको पात, हाङ्गाबाट आएको घाम पाएर पनि वनस्पति बाँचेका छन् । प्रकृति अर्थात् महान न्यायालय । यही प्रकृतिको न्यायबाट मानिसले 'प्राकृतिक न्याय'को अवधारणा सिक्यो, जान्यो, लेख्यो, बोल्यो र लिपिबद्ध गर्दै आयो । प्राकृतिक न्यायभन्दा ठूलो अर्को कुनै न्याय पनि हुँदैन । प्राकृतिक न्यायको विरूद्ध कुनै आदेश कसैले कसैलाई जारी गर्न पनि सक्दैन ।

प्रकृतिमा पाइने केराले मानव स्वास्थ्यमा अनुकूलता थपेको पाइन्छ । डाक्टरको सुझाव हेर्दा फलफूलमा केरा खानु पर्ने भनिएका देखिन्छन् । बहुगुणी, बहुउपयोगी र बहुस्वादका त्यस्ता केरालाई गाली गर्ने प्रचलन पनि समाजमा देखिन्छ । 'कस्तो केरा जस्तो मान्छे' भनेर होच्याइन्छ । मानिसलाई गाली गरिन्छ । कतिपय अवस्थामा प्रणाली, पार्टी, संगठन आदिलाई 'केरा जस्तो' भन्ने गरिएको देखिन्छ । 'केरा गणतन्त्र' शीर्षकमा बनाइएको युट्युब भिडियो भाइरल भएको थियो ।

'केरा जस्तो फलानो पार्टी' भनिएको देखिन्छ । 'केरा संगठन ।' 'केरा लोकतन्त्र ।' 'केरा जस्ता नेता !' 'केराजस्तो सरकार !' अनि किन त्यस्ता विम्ब र प्रतीक बोलिन्छन्-समाजमा ? केराको बहुगुणी र स्वास्थ्यबर्धक चरित्रमाथि यस्तो अन्यायपूर्वक व्यङ्ग्य किन ? 'केराजस्तो विम्ब ।'

केरालाई हेलाँहोचो गरेर सस्तो फल सोचिने विगतको संस्कृति बदलिएको छ । केराको माग धान्न नसकेर काठमाडौँको कालीमाटीको फलफूल बजारमा केराको भाउ आकाशिएपछि 'केराले बजार हल्याएको थियो ।' बजारमा किसानले केराको मूल्य नपाउने किन ? सहरिया उपभोक्ताले केरा छुनै नसक्ने किन ? कसले बिचमा यसरी चर्को पार्‍यो ? बाँदर, बँदेल र जङ्गली जनावरको आतङ्कबाट दिक्क भएका किसानले नासपाती बारी माँसेर केरा खेती गर्न थालेका भए पनि कहिले हुरीले ढाल्ने, कहिले बजारका दलालले ढाल्ने, कहिले गोब्रे किराले पल्टाउने, कहिले सुके नास रोगले लडाउने गर्ने गरेका कारण केरा किसान हैरान भएका छन् ।

गाउँमा मूल्य नपाएर, केरा बिक्री नभएर, भाउ नै नपाएर र बाँदर/बँदेल आदिको आक्रमणले 'केरा आतङ्क' छ । सहरमा केराको भाउ अचाक्ली भएपछि उपभोक्ता पनि 'केराबाट आतङ्कित छन् ।' बिचमा कसले गर्दैछ 'केराको मोज' र 'केराको भोज ?' केराको सुरक्षाको लागि बजारमा 'केराको जुलुस' निकाल्नुपर्ने अवस्था सिर्जना भयो । 'केरा जिन्दावाद !' 'केरा विरोधी मुर्दावाद !' ♦♦♦

# हदम्याद



✍ पूर्व प्र.ना.उ. भोजराज पाण्डेय

कुनै पनि देशको संविधान उक्त देशको लागि मूल कानुनको रूपमा रहेको हुन्छ । नेपालको हकमा पनि नेपालको संविधान नेपालको मूल कानुनको रूपमा परिभाषित छ। हुन त प्रजातान्त्रिक व्यवस्थाको जननीको रुपमा रहेको बेलायत लगायतका विश्वका केही देशहरूमा लिखित संविधान छैन। ती देशहरूको कानुनी राज्य व्यवस्था सञ्चालन परम्परागत रूपमा चलि आएका प्रथा परम्परामा आधारित रहेर सञ्चालन भएको हुन्छ। अदालतबाट भएका नजीर तथा निर्णयहरू पनि कानुनको रूपमा रहेका हुन्छन् । संविधान अनुरूप राज्यमा काम कारबाही भएको छ छैन भन्ने कुराको विषयमा अदालतमा नागरिकले प्रश्न गर्न सक्ने व्यवस्था संविधानले नागरिकलाई दिएको हुन्छ । राज्य वा सरकारसँग सम्बन्धित संवेदनशील विषयहरू होस् वा नागरिकका सामान्य विषयवस्तुहरू नै किन नहोस् त्यसको विषयमा अदालतमा प्रश्न गर्न पाइने र त्यस्तो प्रश्न कति समय भित्र वा कहिलेसम्म गर्न सकिने भन्ने विषय अत्यन्त महत्वपूर्ण हुन्छ जसको जानकारी सबै नागरिकलाई नहुन सक्छ ।

देशमा प्रचलित वा विद्यमान कानुनले प्रदान गरेको हक गैरकानुनी तरिकाबाट हनन गरिएमा त्यस्तो हक क्षति पुग्ने व्यक्तिले आफ्नो हकको संरक्षण वा सदुपयोगको लागि कानुनले तोकेको वा निर्दिष्ट गरेको अवधि भित्र तोकिएको वा निर्दिष्ट गरेको अदालतमा दाबी गर्नु पर्दछ। सो अवधि भित्र दाबी वा उजुरी नगरेमा त्यस्तो दाबी वा उजुरीले कानुनी मान्यता प्राप्त गर्न सक्दैन। त्यसर्थ कानुनले तोकेको यही अवधिलाई हदम्याद भनिन्छ। अर्को शब्दमा यसलाई दाबी प्रमाणित गर्ने समय पनि भन्न सकिन्छ।

हदम्याद सम्बन्धी कानुनलाई शान्ति र न्यायको कानुन पनि भनिन्छ। न्याय ढिलो गर्नु भनेको न्याय मर्नु हो भन्ने कानुनी मान्यतालाई हदम्यादले हक स्थापित गर्न समयमै कानुनी ढोका पुग्नु पर्दछ भन्ने कुरालाई बल पुर्याउँछ । यसलाई आफ्नो अधिकार सम्बन्धमा सचेत र सतर्क रहनेलाई मात्र सहयोग गर्ने कानुनको नीतिहरूको रूपमा मात्र मानिन्छ। हदम्याद

सम्बन्धी कानुनले सबै विवाद, दावी वा उपचारहरू विधायिकाले निर्धारण गरेको समयावधि भित्र मात्र जीवित रहने मान्दछ।

हदम्याद सम्बन्धी कानुन मुद्दाको कार्यविधिसँग सम्बन्धित हुनाले यसलाई कार्यविधि कानुनको दायरा भित्र राख्न सकिन्छ । त्यसैले यो कानुन भुतप्रभावी नभई भविष्य प्रभावी हुन्छ । हदम्याद सम्बन्धी कानुनको व्याख्या कठोर मानिन्छ । आफूलाई जतिबेला मन पर्यो त्यतिबेला यसलाई परिवर्तन गर्न वा आफ्नो अनुकूलतामा व्याख्या गर्न मिल्दैन। यसका सीमाहरूलाई कुनै पनि हिसाबले नाघ्न मिल्दैन । कानुनमा स्पष्ट लेखिएकोमा लेखिए देखि बाहेक व्याख्या गर्दैमा त्यसले मान्यता पाउने भन्ने पनि हुँदैन । हाम्रो न्यायिक अभ्यासमा पनि विवाद वा मुद्दाको तथ्यमा प्रवेश गर्नु पूर्व त्यो हदम्याद भित्र आएको छ वा छैन भन्ने हेरिने हुँदा मुद्दा मामिलामा हदम्याद महत्वपूर्ण कडिको रूपमा मानिएको छ। कानुनमा हदम्यादको विषय जे जुन रुपमा र जसरी प्रयोग भएको छ, अदालत वा कानुनी निकायले पनि सो सम्बन्धी कानुनी प्रावधानको व्याख्या कानुनी शब्दको अर्थ र उद्धेश्य अनुरुप गर्नु पर्दछ।

हदम्याद सम्बन्धी जीकिरको सम्बन्धमा थाहा पाउने कारण र अवस्था मुद्दाको प्रकृति अनुसार भिन्न भिन्न हुन सक्छ । थाहा पाएको कुराको निर्धारण पक्षको अनुकूलता वा सुविधा अनुसार हुने नभई सो कुरा प्रत्येक मुद्दाको तथ्य सम्बन्धित पक्ष वा व्यक्तिले सो दर्ताको तथ्य थाहा पाउन सक्ने घटना अवस्था र परिस्थितिको विद्यमानताबाट हुने कुरा हो। यस प्रयोजनका लागि वादी वा दाबीकर्ताले यो यस परिस्थिति र अवस्थाले यस मितिमा सो कुरा थाहा पाएको भन्ने तथ्यलाई प्रथमत आधार प्रमाण सहित स्थापित गर्न सक्नु पर्दछ।

नेपालमा हदम्याद सम्बन्धी छुट्टै ऐन छैन । सम्बन्धित विषयका कानुनमा हदम्याद उल्लेख गर्ने पद्धति नेपालमा छ। हाल नेपालमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४७ देखि ६२ सम्म हदम्याद सम्बन्धी सिद्धान्तहरू व्यवस्थित गरिएका छन्। हदम्याद सम्बन्धी कानुनका केही महत्वपूर्ण क्षेत्रहरूमा हदम्याद अन्तिम हुने दिन अदालत बन्द भएमा त्यस पछि खुलेको दिन सो काम गर्न पाइन्छ । यो lexnon cogit ad impossibilia भन्ने सिद्धान्तमा आधारित छ। यो सिद्धान्तको बारेमा मुलुकी देवानी कार्यविधि संहिता २०७४ मा समेत उल्लेख गरिएको छ। जसको दफा ५१ मा यस सम्बन्धमा व्याख्या गरिएको छ । तोकिएको अवधि समाप्त भइसके पछि पनि पर्याप्त कारण देखाइन्छ भने सो काम गर्न अनुमति

दिइन्छ । समय अपुग हुनु, नभ्याउनु वा अन्य काबु बाहिरको परिस्थिति निर्माण हुनु एउटा महत्वपूर्ण पक्ष हो । तर यस विषयमा पक्षलाई अन्य हिसाबले प्रभावमा पार्नुलाई जायज मानिदैंन । काबु बाहिरको परिस्थिति के के हुने भन्ने सम्बन्धमा पनि ऐनमा स्पष्ट व्यवस्था गरिएको छ । यस सम्बन्धमा सोही संहिताको दफा ५८ ले काबु बाहिरको परिस्थिति उत्पन्न भई हदम्याद भित्र मुद्दा दर्ता गर्न नसकी हदम्याद गुज्रेको कुरा उल्लेख गरि तोकिएको अवधि भित्र मुद्दा ल्याएमा दर्ता हुने व्यवस्था गरेको छ ।

विधायिकाले मुद्दा दर्ता गर्न नसक्ने केही अवस्थाहरूका लागि पनि केही व्यवस्था गरेको हुन्छ । उमेर नपुगेको वा होस ठेगान नभई बौलाएको वा बिरामी वा अन्य कारणले उसले मुद्दा दिन नपाएको अवस्थालाई पनि कानुनले सो समयावधिलाई हदम्यादको प्रयोजनका लागि  रोक्ने व्यवस्था गरेको हुन्छ । कानुनी सक्षमताको उमेर हासिल नगर्दासम्म हदम्याद सम्बन्धी व्यवस्था निलम्बन हुने सिद्धान्त यसको आधारभूमि हो । यो सिद्धान्तलाई देवानी कार्यविधि संहिताको दफा ५२,५३ र ५४ ले आत्मसाथ गरेको छ । क्षेत्राधिकार नभएको कार्यालयमा गरिएको कारबाहीलाई पनि अदालतले ध्यान दिन्छ । देवानी कार्यविधि संहिताको दफा ५७ मा यसलाई व्यवस्थित गरिएको छ । अर्को पक्षको जालसाजीको कारणले कुनै व्यक्तिले मुद्दा दिन नपाएको अवस्थालाई पनि हदम्याद सम्बन्धी कानुनले पूर्णत ध्यान दिएको हुन्छ । जुन व्यक्तिको जालसाजीपूर्ण कार्यले मुद्दा दिन नपाएको हो उसले त्यसबाट लाभ लिन नपाओस् भन्ने कानुनी सिद्धान्त हो । यो सिद्धान्तलाई देवानी कार्यविधि संहिताको दफा ५० मा समग्र रुपमा व्याख्या गरिएको छ ।

कानुनले नागरिकको अधिकार प्रयोगको सिद्धान्तलाई जहिले पनि खुला राखेको हुन्छ । कानुनमा कुनै हदम्याद उल्लेख गरिएको भए जहिले सुकै पनि फिराद गर्न सकिन्छ । यसले हदम्याद प्रारम्भ सम्बन्धमा जुन कानुन बमोजिम हदम्यादको व्यवस्था भएको छ, सोही कानुन बमोजिम नै हदम्याद प्रारम्भ भएको मानिने व्यवस्था गरेको छ । कुनै विषयमा फिराद गर्न जुन कानुनमा हदम्यादको व्यवस्था भएको छ, सोही कानुन बमोजिम नै हदम्याद प्रारम्भ भएको हुन्छ । हदम्याद प्रारम्भ कहिले देखि हुन्छ भन्ने सम्बन्धमा कानुनी व्यवस्था नभएकोमा फिराद गर्नु पर्ने कारण परेको मितिले हदम्याद प्रारम्भ भएको मानिन्छ । साथै हदम्यादको अवधि व्यवस्था गर्ने सम्बन्धमा पनि कानुनले व्यवस्था गरेको छ ।

नेपालमा प्रचलनमा रहेका कानुनहरूमा हदम्याद सम्बन्धी व्यवस्था

अत्यन्त खुकुलो रहेको छ । हाम्रो कानुनी संरचनामा हदम्याद सम्बन्धी व्यवस्थाहरूलाई तिन तहबाट अङ्गिकार गरिएको छ। केही अपवादहरू बाहेक राज्य विरुद्धको अपराध र केही देवानी मुद्दाहरूमा भए गरेको मितिबाट हदम्याद कायम हुने व्यवस्था छ भने केही फौजदारी र जग्गा सम्बन्धी केही विवादहरूमा थाहा पाएको मितिबाट हदम्याद प्रारम्भ हुने मान्यता राखिएको छ। करार सम्बन्धी विवादहरूमा भने मुद्दा गर्नुपर्ने कारण परेको मितिले हदम्याद प्रारम्भ हुने व्यवस्था गरिएको छ।

रिट अधिकार क्षेत्र अन्तर्गत कानुनले हदम्याद जस्तो अवधि तोकेको हुँदैन । यसमा विलम्बको सिद्धान्तको अनुशरण गरिएको हुन्छ। जानीजानी उपचार खोज्न विलम्ब गरेको छ भने रिट जारी हुँदैन । अनुचित विलम्ब गरि आउने निवेदन खारेज भागि हुन्छ। विलम्बको कारण र अवस्था सन्तोषजनक रूपले रिट निवेदनमा देखाउन नसके अनुचित विलम्ब मानिन्छ । तर विलम्बको प्रश्न निरपेक्ष भने होइन। प्रत्येक मुद्दाको अवस्थाको परिप्रेक्ष्यमा हेरिनु पर्ने सापेक्षिक प्रश्न हो। मुद्दा वा सो मा भएको काम कारबाहीको प्रकृति सम्बन्धित पक्षले मुद्दाको सम्बन्धमा देखाएको आचरण, निजले न्यायका लागि न्यायिक निकायमा आउन लगाएको समय, निजलाई उपचार प्रदान गरेको खण्डमा त्यसबाट अरुको हकहितमा पर्ने वा पर्न सक्ने असर र न्यायको उद्देश्य पूरा हुने वा नहुने समेतका कुराहरूलाई समष्टिगत रुपमा हेरिन्छ । सुनुवाइको मौका नै नदिई सो को कानुनी प्रक्रिया पूरा नै नगरि कसै उपर निजका विरुद्ध कुनै निर्णय गरिएको छ भने त्यस्तो अवस्थामा विलम्बको सिद्धान्त आकर्षित हुँदैन।

सम्मानित सर्वोच्च अदालतबाट भएका केही प्रतिनिधिमूलक निर्णयहरू हेर्दा विलम्बको सिद्धान्त आकृष्ट हुने मानिएका केही निर्णयहरूमा थाहा पाए पछि जानिजानी उपचार खोज्न ढिलाई गरेको, २७ वर्षसम्म चुप लागि बसेको, बेरुजु कायम भई तिर्नु बुझाउनु पर्ने निर्णय भएको समयमै थाहा पाई स्पष्टीकरण दिएकोमा समयमा नै नआएको, तेस्रो पक्षको हक सिर्जना भएको अवस्था, उचित न्यायिक निकाय भन्दा अन्यत्र निवेदन दिई कारबाही चलाइएको अवस्थामा विलम्बको सिद्धान्त आकृष्ट भएका छन् । विलम्ब हुनुको उचित कारण दिन नसकेको अवस्थामा पनि रिट निवेदन खारेज भएका कतिपय निर्णयहरू सम्मानित सर्वोच्च अदालबाट आएका छन्।

घोर अन्याय हुने वा कुनै कानुनी त्रुटी कायम रहन जाने र अरू कसैलाई कुनै प्रतिकूल असर नपर्ने देखिएमा विलम्ब मानिएको छैन । न्यायिक कारबाहीको

स्वच्छता र निष्पक्ष्यता माथि नै शंका उत्पन्न हुने तथ्य र कारणहरू उल्लेख गरि पर्न आएको रिट निवेदनलाई विलम्बको कारण देखाई खारेज गर्नु उपयुक्त नहुने धारणा रहेको देखिन्छ।

कानुनी प्रश्नको सम्बन्धमा विलम्बको सिद्धान्त आकर्षित हुन नसक्ने र अन्यत्र तामेल गरेको म्यादबाट विलम्ब गरि निवेदन दिएको भनि दोष लगाउन नमिल्ने भनि रिटहरू जारी भएका छन्। तर संविधान देशको मूल कानुन भएको कारण संविधानसँग बाझिएको कुनै पनि कानुनको न्यायिक पुनरावलोकनका सन्दर्भमा भने बिलम्वको सिद्धान्त आकर्षित नहुने मान्यता राखिएको छ।

**सन्दर्भ सामग्री**


- मुलुकी फौजदारी र देवानी कार्यविधि संहिता २०७४,
- सम्मानित सर्वोच्च अदालतका विभिन्न मितिका निर्णयहरू। ◆◆◆


लघुकथा

# सम्वाद

✍ ईश्वर पोखरेल



रविना ठुस्केर हिँडेकी थिई- माइत।

प्रशन्न पनि केही दिनसम्म 'आए आउँछे; नआए आउँदिन' भनेझैँ थियो। केही दिनपछि भने प्रशन्न आफ्नो अडानबाट पछि हट्ने मुडमा देखियो।

रविनाको पारो पो झरेको होला कि नहोला!

प्रशन्नलाई लाग्यो- 'सोझै लिन जाँदा ठास्सठुस्स सुनेर उसै फर्किनु पर्‍यो भने!' प्रशन्न हच्किएझैँ भयो। अनि सोच्यो- 'एउटा फोटो खिच्छु र फेसबुकको स्टोरीमा राख्छु। हेरौँ रविनाको कस्तो प्रतिक्रिया आउँछ।'

प्रशन्नले त्यसै गर्‍यो। रविनाको हातैमा थियो- मोबाइल।

प्रशन्नले स्टोरीमा रियाक्टमा देख्यो- आफ्नो फोटोमा रविनाको पानपाते प्रतिक्रिया। एकैछिन पछि मोटरसाइकिल स्टार्ट भएको आवाज सुनियो।

छिमेकी भाउजूले बाइकको आवाज सुन्दै लख काटी सकिछिन्। जिस्क्याइन्- 'टाढै प्रशन्न बाबु ?'

प्रतिक्रियामा प्रशन्न मुसुक्क हाँस्यो र घुँइकियो।

निायात्रा

# विश्व प्रसिद्ध 'स्ट्याच्यु अफ लिबर्टी'मा चार घण्टा



✍ **घनबहादुर थापा**

अमेरिका दोस्रो पटक प्रवेश गर्दा लागेको थियो, यसपटक अवश्य 'स्ट्याच्यू अफ लिबर्टी'मा पाइला टेक्नुपर्छ । किनकि यसअघि 'स्ट्याच्यू अफ लिबर्टी' वरिपरि फन्को मारेको थिएँ, तर परिसरमा पाइला टेकेको थिइन । स्वतन्त्रता र लोकतन्त्रको प्रतीक 'स्ट्याच्यू अफ लिबर्टी' न्यूयोर्कमा अवस्थित छ। अमेरिका पुगेपछि जो कोही पनि त्यहाँ पुगेर अवलोकन गर्न लालायित हुन्छन्। मलाई पनि दोस्रो पटक त्यो सुन्दर ठाउँमा पुगिने भैयो भन्ने पक्कापक्की भयो। अनि खोतल्न थालेँ, लिबर्टीको इतिहास।

स्ट्याच्यू अफ लिबर्टीका बारेमा विकिपिडियामा लेखिएको छ- "स्ट्याच्यू अफ लिबर्टी न्यूयोर्क हार्बरमा अवस्थित एक विशाल सालिक हो। तामाको यो मूर्ति १५१ फिट लामो छ, तर चौकी र आधार शिला मिलाएर यो ३०५ फिट उच्च छ। २२ तला रहेको यस मूर्तिको मुकुटमा पुग्न, ३५४ घुमाउरो भऱ्याङ चढ्नुपर्छ। अमेरिकी क्रान्तिको दौरान फ्रान्स र अमेरिकाको मित्रताको प्रतीकको रूपमा तामाको यस मूर्ति सन् १८८६ मा फ्रान्सले अमेरिकालाई दिएको थियो। २०१० मा अनुमानअनुसार यस मूर्तिलाई हेर्नको लागि दैनिक १२ देखि १४ हजार व्यक्ति आउँछन्। स्ट्याच्यू अफ लिबर्टी, एक रोमन देवी लिबर्टीको आकृति हो। उनले आफ्नो दाहिने हातमा मशाल समाएकी छिन्, र उनको देब्रे हातमा "JULY IV MDCCLXXVI" (४ जुलाई १७७६)सँग युएस लेखिएको पुस्तक छ । यो स्वतन्त्रताको घोषणाको मिति हो।"

विकिपिडियामा माथिको अंश र लिबर्टीको तथ्याङ्क पढेपछि त्यहाँ पुग्न आतुर नहुने कुरै भएन। हामीले जाने तयारी गऱ्यौं। वि.सं. २०८१ माघ २८ गते सोमबार तदनुसार १० फेब्रुवरी २०२५ को दिनमा त्यहाँ पुग्ने साइत जुऱ्यो।

न्युयोर्क सहरमा चारैतिर हिउँ परिरहेको थियो । घरबाहिर घुमफिर गर्न हिँड्न लगभग सङ्कटकै अवस्था थियो । अघिल्लो दिन मौसमकै कारण हामीले यो भ्रमण स्थगित पनि गरेका थियौं । न्यूयोर्क बसाइँ छोटो भएकोले आजको दिन जानै पर्ने एकप्रकारको

बाध्यता पनि थियो । त्यसैले छोरो असिम र म लिवर्टी अवलोकनका लागि बिहान करिब साढे नौ बजे न्युयोर्कस्थित भतिज काजीको घरबाट निस्कियौं ।

आजकल जमाना निकै सजिलो छ । पहिले पहिले नेपालमा आउने पर्यटकहरू पेपरमा छापिएको नक्सा बोकेर हिँड्थे । टुरिष्ट गाइड नभई यात्रा असम्भव प्रायः थियो । त्यो अवस्थामा केही सुधार भए पनि नेपालमा अझै परम्परागत घुमफिरको अवस्था कायमै छ । तर अमेरिकामा हामी निकै भाग्यमानी ठहरियौं । यसकारण कि, हातमा मोबाइल भएपछि नक्सा हेर्दै जुन कुनामा पनि सजिलै पुग्न सकिन्छ ।

रातिदेखि परेको हिउँको थुप्रो माथि कुल्चँदै हामी ब्रिज उड स्टेसन पुग्यौं । रेल चढेर यात्राको थालनी गऱ्यौं । यो रुटको रेल एकसय वर्ष पुरानो हो भन्ने सुनिन्छ । त्यसै भएर होला कि त्यति सफा छैन । सिस्टम पनि पुरानो देखिन्छ । रेलको डब्बामा छिर्दा एक जना केटा मान्छे र अर्की केटी मान्छे सिरक ओढेर बसेका भेटिए । उनीहरू निकै फोहरी देखिन्थे । रेलको डिब्बा त्यति सफा थिएन । दुर्गन्ध नराम्रो आइरहेको थियो । यो अवस्था अमेरिकामा विरलै देख्न पाइन्छ । कार्यालय जान घरदेखि हामीसँगै आएका भतिज 'काजी क्षेत्री' बिच स्टेशनमै ओर्लिए । हामीले यात्रालाई निरन्तरता दियौं ।

करिब आधा घण्टापछि रेल परिवर्तन गर्दै अर्को रेलमा चढेर ह्वीथहेल स्ट्रिट झरियो । बिचमा परेका ठाउँहरूले हामीलाई झस्काइरहन्थे र टाढासम्म आँखा तन्काएर हेर्न बाध्य पार्थे । मोबाइलको स्क्रिन थिच्दै देखिने नक्साकै सहारामा केही समय पैदल हिँड्दै 'स्ट्याच्यू अफ लिवर्टी'तर्फ अगाडि बढियो । रेलवे स्टेशनबाट बाहिर निस्किँदा एउटै प्रकारका ज्याकेट लगाएका केही मानिसहरू लिवर्टीतर्फ जाने बारे जानकारी दिन तम्सिए । पहिला त आधिकारिक मानिस होलान् भन्ठानियो । तर पछि हामीलाई अर्काले लैजान्छ कि भन्नैं गरेर सचेत भए । हामीले केही जानकारी लिएपछि फुत्किने अभिप्रायले 'एकछिन है' भन्दै त्यहाँबाट हिँडियो ।

केही अगाडि अङ्ग्रेजीमा 'ISLAND FERRY' लेखिएको ठुलो साइनबोर्डले झुक्कायो । भवन पनि त्यत्तिकै विशाल थियो । भवनभित्र प्रवेश गऱ्यौं । सोच्यौं, 'एतैबाट त होला स्ट्याच्यू प्रवेश गर्ने !' तर होइन रहेछ । मान्छेहरू निस्किरहेका थिए । एकजना सेक्युरिटीले भने, 'यो बाटो होइन, बाहिर निस्किनुस् र सिधैं अगाडि जानुस् ।'

बाहिर हिउँ परेको कारण चिसो उत्तिकै थियो । केही पर टिकट काउण्टरमा पुगेर २५/२५ अमेरिकी डलरमा दुई टिकट लिइयो । अब हाम्रो यात्रा पानीजहाज

चढ्ने ठाउँतिर मोडियो । पानीजहाज चढ्ने बेलामा पर्स, पेटीलगायतका सामान टोकरीमा राखी पूरै शरीर स्क्यान गरी सुरक्षा जाँच गरिने रहेछ । सेक्युरिटी जाँचपछि पानीजहाजमा प्रवेश गरियो । जोसुकैलाई हुन्छ पानीजहाजबाट पूरै दृश्य देख्न पाइयोस् । त्यही लालसामा हामी पनि सिधैं माथिल्लो तलामा उक्लिइयो । अगाडिको साइडमा गइयो । फोटो, भिडियो खिच्दै वरिपरिको वातावरण नियालियो । करिब १५ मिनेटको पानीजहाज यात्रापछि 'स्ट्याच्यू अफ लिवर्टी' परिसरमा उत्रिइयो ।

यसअघि वि.सं. २०७१ मा लिवर्टी क्षेत्र पुग्दा पानीजहाजमा स्ट्याच्यू बाहिरबाट मात्र फन्को मारेको थिएँ । यसरी फन्को मात्रै लगाउँदा निःशुल्क हेर्न पाइन्छ तर परिसरमा प्रवेश गर्न पाइँदैन । पानीजहाजबाट हेर्दा सानो देखिए पनि परिसरमा पुग्दा निकै फराकिलो क्षेत्र रहेछ । पानीजहाजको अग्र भागमा झण्डा फहराइएको रहेछ ।

सुरुमै 'स्ट्याच्यू अफ लिवर्टी नेशनल मोनुमेन्ट युनाइटेड स्टेट्स डिपार्टमेन्ट अफ द इन्टेरर नेशनल पार्क सर्भिस' अगाडि पुगियो । त्यसपछि यो पार्क सर्भिसको मातहत रहेको 'स्ट्याच्यू अफ लिवर्टी म्युजियम' प्रवेश गरियो । म्युजियमको अगाडि हिउँ थुप्रिएको थियो । ठूला अक्षरमा 'स्ट्याच्यू अफ लिबर्टी म्युजियम' लेखिएको थियो । भवनको छतमा परम्परागत शैलीको घाँस उम्रिएको देखिन्थ्यो । प्रवेश गरेपछि फोनलगायतका प्रविधि जानकारी लिन आगन्तुकले प्रयोग गर्नका लागि राखेको देखियो । फोन उठाएर रिसिभर कानमा राखे पछि म्युजियमबारे जानकारी लिन सकिने रहेछ ।

म्युजियमभित्र विभिन्न ऐतिहासिक चिजवस्तु थिए । 'हेरेर, वर्णन गरेर साध्य छैन । हामी जस्तो छोटो समयका लागि जाने मान्छेहरूलाई त्यो सम्भव नै छैन' असिमले भन्दै थिए । नजिकै भिडियोबाट पनि जानकारी दिइरहेको थियो, म त्यतै झुम्मिएँ । हेरेर बसिरहन समयले के साथ दिन्थ्यो र ? उता इन्फर्मेसन डेक्समा पनि सूचना अधिकारी थिए । सोधपुछ गर्न पाइने थियो । 'अ भिजन अफ लिबर्टी' भनेर जानकारी राखिएको थियो । पाइतालाको मूर्ति, स्ट्याच्यूको मूर्ति, विभिन्न पुराना एवम् ऐतिहासिक दस्तावेजहरू, मानव खप्पर, ग्लोबल लगायतका ऐतिहासिक वस्तुहरू म्युजियममा देख्न पाइयो । त्यहाँ राखिएको ठुलो डिजिटल स्क्रिनमा नेपालको झण्डा देखेर निकै खुसी लाग्यो ।

म्युजिएमबाट बाहिर निस्किएपछि समुद्रतर्फ हेर्न, समुद्र पारीको सहर अवलोकन गर्न बाइनाकुलर राखिएको थियो । त्यहाँ सिक्का हालेपछि मात्र बाइनाकुलरले काम गर्ने रहेछ । बाइनाकुलरबाट 'द

म्यानहटन स्काइलाइन' हेर्न सकिने रहेछ। चारैतिरबाट चारैतिरको दृश्य हेर्न सकिने रहेछ । चारैतिर घुम्दै अगाडि पछाडि स्ट्याच्यू पारेर मान्छेहरू फोटो लिइरहेका थिए। भिडियो बनाइरहेका थिए। 'लिवर्टी स्याम्बोल' भनेर जानकारी बोर्ड राखिएको रहेछ। स्ट्याच्यूको सबैभन्दा माथि 'द टर्च' र सबैभन्दा तल 'द टाई रोड' रहेछ। बिचमा अरू धेरै कुरा रहेछन् । स्ट्याच्यू परिसर हिउँले भरिएको थियो । मौकाको फाइदा लिँदै हामी पनि हिउँमा खेल्न चुकेनौं ।

स्ट्याच्यू परिसर घुम्दै भुसुक्कै समय जाने रहेछ । अब स्ट्याच्यूमाथि पुग्न भवनभित्र छिर्‍यौं । त्यहाँ पनि अघि पानीजहाजमा प्रवेश गर्ने बेला जस्तै पर्स, पेटीलगायतका साथमा भएका सामग्रीहरू खोल्न लगाएर सुरक्षा जाँच गरिने रहेछ । भित्र प्रवेश गरेपछि बाथरूमको व्यवस्था रहेछ । आराम गर्ने ठाउँ रहेछ । अर्को म्युजियम पनि रहेछ। 'पेडिस्थल र क्राउन' जानको लागि भर्‍याङ र लिफ्ट दुवैको व्यवस्था रहेछ। हामीले भर्‍याङबाट हिँड्दै अवलोकन गर्दै जाने विचार गर्‍यौं । म्युजियम अवलोकन गर्‍यौं। स्ट्याच्यूदेखि अमेरिकाको इतिहास र पुराना कुरा रहेछन् त्यहाँ । घुम्न, अवलोकन गर्न मनग्य सामग्रीहरू देखेर निकै मज्जा आयो।

स्ट्याच्यूमाथि पुग्न खुड्किला चढ्दा बसन्तपुरको नौ तले दरबार, धरहरा चढ्दाको सम्झना आयो। पेडेस्टलमा पुगे पछि बाहिर बरण्डामा निस्किएर चारैतिर घुम्दै हेर्दा तलको दृश्य मनमोहक देखियो। तलतिर र पारी बजार अनि समुद्र अवलोकन गर्न आँखा आतुर भए पने फोटो, भिडियो खिच्न हात हतारिए। उचाई निकै भएकोले केही डर पनि लाग्दोरहेछ। त्यसभन्दा माथि 'द टर्च'मा जानका लागि चार महिना पहिले बुकिङ गर्नुपर्ने रहेछ। त्यसैले 'द टर्च'भन्दा तलको भागसम्मको मनग्य अवलोकन गरे पछि हामी भर्‍याङबाटै झर्‍यौं।

स्ट्याच्यूबाट तल ओर्लिएपछि सपिङ पसलहरूमा आँखा परे । गिफ्ट शप, पुस्तक पसल आदिले ध्यान खिचे। सामान निकै महँगा रहेछन्। पसलमा पनि मान्छेहरूको भिड थियो । स्ट्याच्यू परिसरमा करिब ३ घण्टा बिताएर हामी फर्किनका लागि पानीजहाज चढ्यौं।

फर्किँदा आफ्नो इच्छाअनुसारको समय बिताएर जुन जहानमा चढे पनि हुन्थ्यो । पानीजहाज मान्छेलाई ओहोर दोहोर गराइरहेका थिए । छिटै फर्किन्छु भने पनि भयो र अलि दिनभर बसेर ढिला फर्किन्छु भने पनि भयो। हामी फर्किनका लागि जहाजको माथिल्लो तलामा उक्लियौं । लहरै कुर्सी राखिएका थिए । आकाश र वरिपरि सबैतिर हेर्न मिल्ने गरी पानीजहाजको छतमा खुल्ला कुर्ची राखिएको थियो। चारैतिर हेर्न मिल्ने, फोटो

भिडियो खिच्न मिल्ने वातावरण थियो । पहिलो तलामा बस्ने सिटको साथै खाजा खाने रेस्टुरेन्ट पनि थियो । दाहिने कुनामा घरकै जस्तो व्यवस्थित रेष्टरूम थियो । चालकको सिट माथिल्लो तलामा भएकोले तल्लो तलामा चालक भन्दा अगाडिपट्टीको भागमा गएर उभिएर हेर्न, हिँड्न, अवलोकन गर्न मिल्ने ठाउँ थियो । त्यहाँ क्रुजको झण्डा फहराइएको थियो । झण्डामा लेखिएको थियो, 'Statues City Cruises ।

दिनभर हाम्रो हातको मोबाइललाई फुर्सद भएन । नक्सा हेर्ने, फोटो र भिडियो खिच्ने सबै काम मोबाइलले नै गर्ने, कति आनन्द । करिब १५ मिनेटपछि पानीजहाज 'इलिस आइल्यान्ड'मा पुगेर रोकियो । अगाडि लेखेको थियो, 'इलिस आइल्यान्ड नेशनल म्युजियम अफ इमिग्रेशन, स्ट्याच्यू अफ लिवर्टी नेशनल मोनुमेन्ट' Ellis Island, National Museum of Immigration, Statue of Liberty National Monument ।'

इलिस आइल्यान्ड परिसरमा पनि हिउँ बाक्लो जमेको थियो । केही संरचनाहरू निर्माणको क्रममा रहेछन् । भित्र पहिलो तलामा पसलहरू रहेछन् । कफी शप रहेछ । त्यहाँ अमेरिका फेमिली इमिग्रेसन हिस्ट्री सेन्टर रहेछ । नागरिक ग्यालरी, शौचालय आदि रहेछन् । सबै नौला, खुबै अनौठा ।

मान्छेलाई बढी रूची इतिहासप्रति जाग्छ । जुन ठाउँमा पुगे पनि यहाँ धेरै वर्ष पहिले कस्तो थियो हाल भन्ने कौतूहल लाग्छ । हामी दोस्रो तलामा पुग्दा देखियो, अमेरिका गेटको इतिहास, नाटकघर, इमिग्रेसन इतिहास आदि । मनग्गे हेरियो तर समयको पावन्दी उत्तिकै, आँखा सर्सर्ती डुले मात्र । फटाफट तेस्रो तलामा उक्लिँदा डोरमेटरी हल, बब होप मेमोरियल लाइब्रेरी आदिले स्वागत गरे । हामीलाई जस्तै सुन्दर वस्तु भए पनि गहिरिएर हेर्न पाउने भाग्य थिएन । त्यसैले त्यहाँ पनि सरसर्ती अवलोकन गरियो । नजर दौडाउँदा एउटा ठूलो हलको दुवैतिर अमेरिकाको झण्डा फहराइएको देखियो । रातो र चन्द्र सूर्य भन्ने गीतको झ-झल्को आयो । कुनै देशको झन्डा देख्नासाथ मलाई आफ्नै देशको झण्डाको याद आउँछ, र मनमा गुञ्जिन्छ राष्ट्रिय गीत । झण्डाबाट नजर घुमाउनासाथ हलमा मान्छेहरू ओहोरदोहोर गरिरहेका देखिए । यी पनि हामी जस्तै हतारमै देखिन्थे । जति हतार भए पनि एक मिनेट सुस्ताउन मन लाग्यो । हलको छेउमा रहेका बस्ने, आराम गर्ने ठाउँका कुर्चीमा थुचुक्कै बसियो ।

धेरैबेर बस्न मनले के मान्थ्यो र ! जुरूक्क उठियो, फेरि रफ्तार बढाइयो । लाग्थ्यो, नेपालमा यसरी काम गरेको भए देश समृद्ध बन्थ्यो । यसरी अर्काको देशलाई आहा भन्दै हिँड्नुको सट्टा आफ्नै देशलाई भनिन्थ्यो ।

तर के गर्नु यही मनमोहक परिवेशको दोस्रो तलामा रमाएपछि भुइँतलामा झरियो ।

एन्टिक सामान पसल, पुस्तक पसल नियाल्दै मनभरि त्यहाँको स्केच साँचेर हामी बाहिर निस्कियौं । भवन परिसरमा खासै केही थिएन । केवल हिउँका पहाड जमेका थिए । छेउतिर समुद्र र पारिपट्टिको दृश्यपान गरियो । टाढा छ के गर्नु र ? तिनैको फोटो मोबाइल क्यामेराभित्र लुकाउँदै गर्दा टुप्लुक्क पानीजहाज आइपुग्यो । हामी त्यसैमा चढेर फर्कियौं ।

करिब १५ मिनेटको यात्रापछि बिहान चढेकै ठाउँमा पुगेर पानीजहाजबाट उत्रियौं । फर्केर हेर्दा अर्को टोली पानीजहाजमा चढ्न आतुर हुँदै थियो । दिन, महिना र वर्षभरि कति मान्छेलाई यो पानीजहाजले यसरी नै बोकेर वारिपारि गरिरहन्छ होला ? मेरो मनमा उफ्रिएको खुलदुलीलाई समुद्रमा उफ्रेको छालले बिर्साइदियो ।

अमरिकाको चिसो मौसम । बिहानदेखि लगातार हिँड्दै चिसो पिउँदा पनि करिब चार घण्टाको 'स्ट्याच्यू अफ लिबर्टी'को यात्राले न्यानो महसुस गरायो । ◆◆

कविता

# नयाँ वर्ष

✍ **पदम दाहाल**



यहाँ चैत वैशाखका याम आऊन्
हिमाली तराई स्पृहा प्रेम लाऊन् ।
मिना मुस्कुराऊन् हराऊन् निराशा
जहाँ चाप बेली खुसाऊन् गुराँस । ।१।

डुलून् लेक डाँफे घुमून् याक-चौंरी
नदी नागबेली नखेलून् सिँगौरी !
सिमाना नछोडी उचालूँ म फाँट
सिँगारूँ तला ताल उस्तादबाट । ।२।

सजाऊँ त्यहीँ उब्जनी बीज रोपी
जगाऊँ बँझेका गरा ढाप सोती ।
फिरून् रे प्रवासी युवा शक्तिशाली
रमाऊन् सघाऊन् बसून् प्रेम हाली । ।३।

हराऊन् सबै कष्टदायी प्रलाप
पलाऊन् खुसीका सुनौला प्रभात !
बिलाऊन् सबै कष्ट ईर्ष्या पखाली
फिराऊन् वसन्ती दया दिव्य डाली ! ।४।

जहाँ कोइली ऊ लुकी गीत गाओस्
जुरेली चढी ऊ धुरीमा रमाओस् !
मुनामञ्ज़री बोट बास्ना फिजाऊन्
नयाँ वर्ष नौली प्रभा पल्लवी हुन् ! ।५।

# मानव जीवनको अमृतः पानी



✍ त्रिचन्द्र प्रतीक्षा

वैज्ञानिक तथ्यअनुसार पानीलाई (H2O) भनिन्छ। अर्थात् पानी हाइड्रोजन र अक्सिजनको एक यौगिक हो । यस यौगिकमा आयतनको हिसाबले हाइड्रोजन दुई भाग र अक्सिजन एक भाग हुन्छ। यी दुई ग्यासको गुण एकदमै छुट्टाछुट्टै हुन्छ । सहि रूपमा भन्दा शुद्ध अवस्थाको पानीको कुनै रंग, गन्ध र स्वाद हुँदैन । धर्तीमा पानीतुल्य अमृत अर्को के होला र ? विद्वान पञ्चतत्ववेत्ताहरूको अनुभवअनुसार पानीमा शीतलता, तरलता, हलुकापन एवम् स्वच्छताजस्ता नैसर्गिक गुणहरू हुन्छन् ।

पानीको महत्त्वलाई सबै सामु छर्लङ्ग पार्ने र स्वच्छ पानीका स्रोतहरूको संरक्षण र दिगो विकासका लागि वकालत गर्ने अभिप्रायले सन् १९९२ मा रियो दि जेनेरियोमा सम्पन्न संयुक्त राष्ट्र संघको वातावरण तथा विकास सम्मेलन (UNCED) मा विश्व पानी दिवस मनाउन प्रस्ताव पारित गरेको थियो। फलस्वरूप सन् १९९३ देखि संयुक्त राष्ट्र संघको आह्वानमा हरेक वर्षको मार्च २२ का दिन विश्व पानी दिवस मनाउँदै आइरहेको छ।

हरेक प्राणीको शरीरमा पानी निश्चित मात्रामा रहेको हुन्छ र रहनु पनि पर्दछ। एक स्वस्थ्य मानिसको शरीरमा औसत ६५ प्रतिशत पानी हुन्छ । तर, शरीरमा भएको पानीको मात्रा लिङ्ग र स्वास्थ्य अनुसार घटी-बढी हुने गर्दछ। स्त्रीहरूको शरीरमा हरेक पुरूषहरूको तुलनामा पानीको मात्रा कम हुन्छ किनभने स्त्रीको शरीरमा यस्तो बोसो कोशिकाहरूको मात्रा अधिक हुन्छ। एक जवान युवा पुरूषमा त्यसको कुल वजनको ६५ प्रतिशत पानी हुन्छ भने एक जवान स्त्रीको शरीरमा उसको कुल वजनको ५२ प्रतिशत मात्र पानी हुन्छ।

शरीरमा भएको पानीको मात्रा उमेरको वृद्धिसँगै घट्दै जान्छ । वृद्धहरूको अपेक्षा युवाहरूलाई र युवाहरूको अपेक्षा बालकहरूलाई धेरै पानीको आवश्यकता पर्दछ। नवजात शिशुको शरीरमा त पानीको मात्रा ७५ देखि ८० प्रतिशतसम्म हुन्छ । यसैले शिशुहरूलाई दूध खुवाउनु अघि पानी खुवाउनु पर्दछ । खासगरी गर्मीमा यस्तो गर्नु धेरै जरूरी छ । वृद्धाहरूको शरीरमा अन्यको अनुपातमा पानीको कमी

केवल पाँच प्रतिशत मात्र हुन्छ । यसैको कारण बच्चाहरू र युवाहरूको छालामा जुन चमक रहन्छ, त्यो वृद्धाहरूको छालामा हुँदैन ।

हेर्दा ठोस र कडा जस्तो लाग्ने मानव हड्डीहरूमा २२ प्रतिशत, दाँतहरूमा १० प्रतिशत पानी रहेको हुन्छ भने दाँतको कोशिकाहरूमा पानीको मात्रा सबैभन्दा कम हुन्छ । यसैले शरीरका अन्य भागहरूभन्दा दाँत कोशिकाहरू सर्वाधिक कडा हुन्छन् । हाम्रो छालामा २० प्रतिशत, मस्तिष्कमा ७४.५ प्रतिशत, मांसपेशिहरूमा ७५.६ प्रतिशत, दिसामा ८२.७ प्रतिशत र रगतमा ८३ प्रतिशत पानीको मात्रा हुन्छ ।

औसत एक वयस्क व्यक्तिको शरीरमा ३५ देखि ४० लिटर पानी सधैं बनिरहेको हुन्छ । प्रतिदिन हाम्रो शरीरबाट कमसेकम २.३ देखि २.८ लिटरसम्म पानी विभिन्न बाटो भएर बाहिर निस्केर जाने गर्छ । जो व्यक्ति धेरै पानी पिउँदछ, त्यसको शरीरबाट प्रतिदिन मलमूत्र र पसिनाको रूपमा धेरै पानी शरीरबाट बाहिर निस्कन्छ, जसबाट रगतमा पानीको मात्रा कम हुन थाल्दछ । यस्तो हुनासाथ मस्तिष्कको जल आपूर्ति केन्द्र 'हाइपोथैलेमस' मा संकेत पुग्दछ र हामीलाई प्यास लाग्ने गर्दछ ।

शरीरबाट बाहिर निस्कने पानीको पूर्ति केही हदसम्म खानामा रहेको पानीद्वारा हुने गर्दछ, किनभने हाम्रो खाद्य पदार्थहरूमा पानी बढी मात्रामा हुने गर्दछ । दूध, फलफूल, साग-सब्जी आदि खाद्य पदार्थहरूमा ८० प्रतिशतदेखि ९० प्रतिशतसम्म पानी नै रहेको हुन्छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार एक व्यक्तिलाई दिनहुँ न्यूनतम २.५ लिटर शुद्ध पानीको आवश्यकता पर्दछ भने शरीरलाई चाहिने पानीको मात्रालाई मौजूद बनाई राख्नका लागि एक वयस्क व्यक्तिले सामान्य परिस्थितिमा दिनहुँ लगभग साढे दुईदेखि तीन लिटरसम्म पानी पिउनुपर्दछ । गर्मी मौसममा हाम्रो शरीरलाई पानीको जरूरत बढ्ने गर्दछ, किनभने ती दिनहरूमा पसिनाको रूपमा शरीरबाट बढी पानी निस्केर जान्छ । गर्मी मौसममा एक जवान व्यक्तिले प्रतिदिन लगभग चार लिटर पानी पिउनुपर्छ ।

गर्भवती महिलालाई पनि थप मात्रामा तरल पदार्थको जरूरत पर्दछ । गर्भवती महिलाको साथै जो महिला बच्चालाई स्तनपान गराउँछिन्, तिनलाई पनि आफ्नो शरीरमा दूधको पर्याप्त मात्रा बनाई राख्नका लागि पानी अथवा तरल पदार्थको बढी मात्रामा सेवन गर्नुपर्छ ।

**स्रोतः**


◆ विश्व स्वास्थ्य संघका बुलेटिनहरू,
◆ खाने कसरी पिउने कसरी पुस्तक,
◆ आहार चिकित्सा विज्ञान,
◆ हेल्थी लाईव, स्वास्थ्य पत्रिका र
◆ विभिन्न वेवसाइटहरू । ◆◆

कथा

# नाकभित्र सिन्का



✍ **यशु श्रेष्ठ**

वर्षातको मौसम। पानी परेकै तीन दिन भइसकेको थियो । आज भने अलि रोकिए जस्तो भयो। "आज पनि घाम लाग्ला जस्तो छैन हगि नानी ?" आमाले भन्नुभयो।

"त्यही त आमा, आकाशमा कालो बादल घुमिरहेका छन् ।" मैले आकाशतिर हेर्दै भनें । "यो झोल पनि कति परेको हरे... !" पानी परेको सम्झेर आमाले झिँजार मान्दै भन्नुभयो "न गाईबाख्रा नै चर्न जान पाए। न यसो लुगा धोएर सुकाउनै पाइयो। सबैतिर ग्याजग्याज हिलो छ। खुट्टाभरि हिलेघाउ भएको छ, हरे...।" हिलोले खाएर आमाको खुट्टाभरि घाउ भएको थियो । उहाँलाई हिँड्न पनि अप्ठेरो भइरहेको थियो । त्यसैले आमा झिँजार मानिरहनु भएको थियो।

बाँ..बाँ... म्याँ म्याँ...गाईबाख्रा खुबै कराउन लागे। "खानै नपाएर मर्ने भए गाईबाख्रा पनि...।" आमा आकाश हेर्दै फतफताउन लाग्नुभयो । "बरु जङ्गलमा गएर एक भारी घाँस लिएर आउनुपर्छ कि क्या हो ?" मैले आमासँग सल्लाह गरेँ । "यसै त हिलोले खाएका खुट्टा, झन् यो हिलोमा हिँड्यो भने त हरे...।" आमाले लामो सास फेर्नुभयो।

"तपाईं घरमै बसिरहनुस्। म गएर घाँस ल्याउँछु।" मैले आमालाई भनें, "मैले ल्याएको घाँसले सास त धान्न सकिएला नि वस्तुभाउको।" "आम्मै कहाँ जानु तिमी एक्लै !" आमाले मलाई हेर्दै भन्नुभयो, "तिमी भुरीले ल्याएको घाँसले कति नै पो पुग्ला र ? त्यही नै एक्लै जानु हुँदैन!"

"होइन आमा, मैले एक ठाउँमा धेरै लहरालुहुरी देखेकी छु। डाले घाँस पनि छन् त्यता। एकैछिनमा काटेर ल्याइहाल्छु।" मैले हसियाँ र नाम्लो ठिक पारेँ । "खाजा बनाएर राख्नु है आमा ?" आमाले नजाऊ भन्दाभन्दै म जङ्गलतिर लागेँ।

आकाशमा कालो बादल नाच्दै थियो। चिसो चिसो बतास चल्दै थियो। म फटाफट जङ्गलमा पुगेर घाँस काट्न थालेँ। "ओहो ! पानी त छिट्याउन पो लाग्यो । जङ्गलै आइसके पछि घाँस त लानै पर्‍यो। हतारहतार लहराहरू तान्दै थुपार्न लागेँ । बनमाराको झाङ्मा हरियो लहरा जेलिएको देखेँ । 'यति ताने पछि त भारी पुग्छ अनि

गइहाल्नुपर्छ ।" सोच्दै लहरालाई आफूतिर तानैं । स्वार्र.. लहरा मतिर आयो । लहरा सँगसँगै बनमाराको सिन्का पनि आएछ क्यार । त्यो सिन्का त मेरो नाकभित्र स्वात्तै पस्यो ।

"आइयाः !" एक्कासि चिच्याएँ । नाकको प्वालभित्र कान्छी औँला बिस्तार छिराएर छामैं । लौ जा ! सिन्का त नाकभित्रै भाँचिएछ । अलिअलि रगत पनि बग्न लाग्यो । अब कसरी सिन्कालाई नाकबाट झिक्ने ? केही गर्न सकिन्छ कि भनेर एकछिन कोसिस गरैं । अहँ ! केही सिप लागेन । सिमसिम पानी पनि पर्न लाग्यो ।

"अब घरै जान्छु । आमालाई देखाउँछु ।" घाँसको भारी बोकैं । नाकबाट बहेको रगत पुछ्दै घरतिर लागैं । घर पुगेर घाँसको भारी बिसाएँ । मलाई देखेर आमाले आँखाभरि आँसु पार्नुभयो । "यत्रि भुरी मान्छे, कति दुःख गर्छेऊ बा !" आमाले मेरो टाउको मसार्नुभयो ।

'नाकभित्र सिन्का पसेको छ भनेर आमालाई कसरी भन्नु ? आमा पक्कै रुनु हुन्छ । के पो गर्नु ?" म अलमल भएँ ।

पानीले अलिअलि घाँस भिजेको थियो । टक्टक्याउँदै अलिकलि घाँस बाख्राको लागि हालिदिनुभयो आमाले । म बिस्तारै हातमुख धुन लागैं । नाकबाट रगत बग्न अलि कम भएको थियो । दुखेको पनि थिएन । मनमा डर भने एकदमै बढिरहेको थियो । 'नाकको सिन्का निकाल्न सकिएला कि नसकिएला ? के भयो होला मेरो नाक भित्र ?' के के सोच्दै गाईलाई घाँस हालिदिएँ ।

'खाजा खान आऊ नानू ।' आमाले भान्छामा बोलाउनुभयो । 'नाकबाट रगत बगेको छ कि ?' छामैं । अलिकति बगेको रहेछ । हातैले पुछे अनि भान्छामा गएँ । आमाले भुटेको मकै र गुन्द्रुक साँधी अचार बनाउनु भएको रहेछ । भुङ्ग्रामा हालेर भुङ्ग्रे रोटी पनि बनाउनु भएको रहेछ ।

"किन यति धेरै खाजा बनाउनुभएको ?" आमालाई सोधैं । "खाऊ न, धेरै भोक लागेको होला ।" आमाले थालमा हालेर दिनुभयो । "तपाईं पनि खानु न ।" आमालाई भनैं ।"हुन्छ ।" आमाले पनि खाजा लिनुभयो । "छ नि आमा ।" मैले आफ्नो नाकतिर देखाउँदै भनैं "मेरो नाकमा नि आमा, बनमाराको सिन्का पसेको छ । मलाई दुखेको चाहिँ छैन ।" मैले यति भन्दा नभन्दै आमा धेरै आत्तिनुभयो । "तर मलाई केही अफ्ठेरो भएको छैन ।" मैले शान्त स्वरमा भनैं ।

"लौ हेर, अघि नै भन्नु पर्दैन ? हिँड डाक्टरकोमा जाऊँ ।" आमाले खाजा खानै छोडेर मेरो नाकभित्र हेर्नुभयो । आमाको आँखा फेरि आँसुले भरियो । "आमा, म डाक्टरकोमा गइहाल्छु । डाक्टरले निकाल्दिहाल्नु हुन्छ नि । किन आत्तिनु भएको ?" मैले आमालाई खाजा खान भनैं ।

पीर मानीमानी खाजा खायौँ ।

दिन ढल्किसकेको थियो । मैले कोठाबाट साइकल निकालेँ । "म पनि जान्छु ।" आमा फरिया मिलाउँदै तयार हुनुभयो । "होइन आमा, म भए साइकलमा जान्छु । छिटो पुग्छु । तपाईँ भए हिँड्नु पर्छ । ढिला हुन्छ ।" म हिँड्न लागेँ । आमाको अनुहार अध्याँरो भयो ।

मैले आमासँग केही पैसा लिएँ । मलाई सिटमा बसेर साइकल हाँक्न आउँदैन थियो । साइकलको कैँची आकारबाट एउटा गोडा छिराएर पाइडल घुमाउँदै अघि बढेँ । आमा मतिर हेर्दै हुनुहुन्थ्यो ।

चोकमा एउटा मेडिकल थियो डाक्टर अङ्कलको । सबैले कम्पाउन्डर हो ऊ, डाक्टर हैन भन्थे । बोलाउन चाहिँ सबैले डाक्टर भनेरै बोलाउँथे । गाउँमा एउटा मात्र मेडिकल भएकाले सधैँ भिडभाड भइरहने । आज पनि भिडभाड थियो । झाडापखाला, घाउ, रुघाखोकी, ज्वरो, हिलोले खाएको, कान पाकेको के के समस्या लिएर बिरामीहरू आएका थिए ।

म मेडिकल भित्र पसेँ । डाक्टर अङ्कललाई साह्रै व्यस्त देखेँ । बिरामीहरूको लाइन लागेको थियो । के गरौं ? म अल्लजिल्ल भएँ । मैले अरू बिरामीलाई आफ्नो व्यथा बताएँ । अरूको पालो मिचेरै पनि अङ्कललाई भेट्न खोज्दै थिएँ म । जति चाँडो गर्छु भन्दा पनि धेरै बेर पछि मात्र मेरो पालो आयो । डाक्टर अङ्कल मलाई देखेर छक्क पर्नुभयो ।

"नाकभित्रै सिन्का रे ? एक्लै आएकी तिमी ? दुखेको छैन तिमीलाई ? कत्रो सिन्का पसेको जस्तो लाग्छ ?" धेरै प्रश्न सोध्नुभयो । मैले सबै कुरा सुनाएँ । म नआत्तिएको देखेर उहाँ छक्क पर्नुभयो । अरू मान्छे पनि छक्क परे ।

अङ्कलले लाइट बालेर मेरो नाकभित्र हेर्नुभयो । उहाँ केही आत्तिनु भए जस्तो लाग्यो मलाई । मेरो मन डरले ढुकढुक गर्न लाग्यो । उहाँले मेरो अनुहारमा एकछिनसम्म हेर्नुभयो । "नानी, यो सिन्का म निकाल्न सक्दिनँ । तिमी ठुलो मान्छेको साथमा अञ्चल अस्पताल गाइहाल ।" उहाँले सल्लाह दिनुभयो । म त डरले कालीनीली भएँ । मलाई बेस्सरी डर लाग्न थाल्यो । पीरले होला, छाती नै खुम्चेको जस्तो लाग्यो ।

"केही हुन्नँ, नआत्तिऊ तर अस्पलात चाहिँ गइहाल ।" उहाँ अर्को बिरामी हेर्न लाग्नुभयो । मेरो आँखाभरि आँसु भयो । म मेडिकलबाट बाहिर आएँ ।"अब आमालाई के भन्नु ? उहाँ त झन् डराउनु हुने छ ।" साह्रै पीर लाग्यो मलाई । 'मेरो नाक के हुने होला ? निको होला कि नहोला !' मनमा कुरा खेलाउँदै साइकलनेर गएँ । आँखाको आँसु बरर भुइँतिर झर्न लागे । नाक पिरो भयो ।

"हाच...छ्यूँ...!"एक्कासि हाँच्छ्यूँ आयो । मैले हातले नाकलाई थुनेर हाँच्छ्यूँ गरैँ । 'आहा...!' एक्कासि मन रमायो । मनैले भन्यो "आहा..!" हातमा त एक इन्चभन्दा लामो बनमाराको सिन्का, रगतले बेरिएको अवस्थामा मेरो हातमा आयो । म त खुसीले फुरफुर भएँ । म फटाफट डाक्टरकोमा गएँ । त्यो सिन्का देखाएँ । उहाँ त छक्कै पर्नुभयो । खुसी पनि हुनुभयो । अरू मान्छे पनि अचम्मित भए ।

म त्यहाँ धेरैबेर बसिनँ । फटाफट साइकल चलाएर घर पुगैँ । आमा चिन्ता मान्दै बसिरहनु भएको रहेछ । मैले आमालाई सबै कुरा सुनाएँ । हिलोले खाएको घाउको केही वास्ता भएन आमालाई । उहाँ त रमाएर दुई फन्का नाच्नुभयो । चार पटक मेरो गालामा म्वाइँ खानुभयो । हामी धेरै रमायौं ।

आमाले सिन्कालाई राम्ररी सफा कपडाले पुछ्नुभयो । अनि एउटा सफा बोतलमा हालेर राख्नुभयो । त्यसपछि जो कोही हाम्रो घरमा आउँदा पनि आमा त्यो सिन्कालाई देखाउनुहुन्थ्यो । यसको कथा भन्न थाल्नुहुन्थ्यो । मानिसहरू पनि यो कथालाई चाख मानेर सुन्दथे । अचम्म मान्दथे अनि अरूलाई पनि सुनाउँथे । यो एउटा प्रचलित कथा जस्तो पो बन्दै थियो मेरो गाउँतिर अनि वरपर गाउँमा अनि कताकता... । ♦♦♦

राष्ट्रिय गीत

# युवाको परिश्रम



✍ **शान्तिराम भट्टराई 'शाराभ सिन्धु'**

जाँगर चलाई यो माटोमा, जसले सिप खन्छ
युवा तिम्रो परिश्रमले, यो देश अब बन्छ ।

यही माटोमा पसिनाको, गन्ध छरौँ अब
यहीँको मुहानबाट हामी, गाग्री भरौँ अब
श्रम सिप पोख देशमा, यो मन अब भन्छ
युवा तिम्रो परिश्रमले, यो देश अब बन्छ ।

यो माटोको सदुपयोग, गरे युवा तिम्ले
भोको पेट हुन्न हाम्रो, श्रम गरे तिम्ले
यही देशमा जाँगर चलाई, श्रम गर्ने मन छ
युवा तिम्रो परिश्रमले, यो देश अब बन्छ ।

# आर्थिक विकासका निम्ति औद्योगिक विकास



✍ रत्न प्रजापति

**विषय प्रवेश**

मुलुकलाई आर्थिक दृष्टिकोणले आत्मनिर्भर बनाउन, बृहत् रोजगारी सिर्जना गर्न, निर्यात वृद्धि गरी आयात प्रतिस्थापन गर्न र समृद्धशाली मुलुक निर्माण गर्न उद्योग स्थापना र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि गर्नु अपरिहार्य छ। तर पछिल्लो समय उद्योगको योगदान घट्दै गएको छ। कुल गार्हस्थ्य उत्पादनमा सर्वाधिक योगदान रहेको कृषि क्षेत्रको समेत पछिल्लो समय यस्तो योगदान क्रमशः घटिरहेको छ। कृषि क्षेत्रमा आर्थिक भविष्य नदेखेर देशका युवा अन्य क्षेत्रमा अवसरको खोजीमा रहेको अथवा वैदेशिक रोजगारीका लागि बिदेसिएका कारण कृषि क्षेत्रको योगदान घटेको हो।

कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान घटिरहेको अवस्थामा स्वाभाविकरूपमा उद्योग क्षेत्रको योगदान बढ्नु पर्ने अपेक्षा थियो । जनशक्ति अभाव र लगानीको समेत अभावले गर्दा कृषि उत्पादनमा ह्रास आई कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान घटेको अवस्थामा उद्योगको योगदान वृद्धि हुने अपेक्षा गरिएकोमा उद्योगको योगदान पनि घटेकाले सरोकारवाला निकायमा चिन्ता बढ्नु स्वाभाविक हो।

**सरकारी नीति, कार्यक्रम र औद्योगिकीकरणको प्रयास**

नेपालमा औद्योगिक विकासका निम्ति सरकारले विभिन्न समयमा विभिन्न प्रयासहरू गर्दै आएको छ । विशेषगरी नीतिगत सुधार, पूर्वाधार विकास, निजी क्षेत्रको प्रवर्द्धन वैदेशिक लगानी आकर्षणमा सरकारका नीति, कार्यक्रम तथा योजनाहरू केन्द्रित रहँदै आएका छन्। राष्ट्रिय योजना आयोगको स्थापनासँगसँगै पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) देखि नै उद्योगलाई प्राथमिकता राखिएको पाइन्छ। औद्योगिक नीति २०४९ ले नेपालको निजी क्षेत्रलाई प्रोत्साहित गरेको पाइन्छ भने औद्योगिक नीति २०६७ ले लगानीमैत्री वातावरण निर्माण गर्ने प्रयास गरेको पाइन्छ। यसैगरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ ले विदेशी लगानी भित्र्याउने

प्रयास गरेको पाइन्छ ।

यसैगरी औद्योगिक क्षेत्रको स्थापना, पूर्वाधार विकास र साना तथा घरेल उद्योगको प्रवर्द्धन गर्दै औद्योगिक विकासलाई गति दिने प्रयास विगतदेखि नै हुँदै आएको पाइन्छ । यद्यपि राज्यले औद्योगिक विकासका लागि नीतिगत र संरचनात्मक प्रयासहरू गर्दै आए पनि राजनीतिक अस्थिरता, नीतिगत अन्योलता, ऊर्जा अभाव, कमजोर पूर्वाधार, प्रशासनिक जटिलता, सामाजिक अवरोध आदि कारणहरूले गर्दा औद्योगिक विकासमा अझै थुप्रै चुनौती रहेका छन् ।

पछिल्ला सरकारहरूले पनि आर्थिक विकासका निम्ति औद्योगिक विकासमा निरन्तर प्रयास गर्दै आएको पाइन्छ । सरकारी नीति तथा कार्यक्रमहरूमा औद्योगिक विकासका नाउँमा धेरै नीति, कार्यक्रम तथा योजना बनेका छन् र बजेट विनियोजन भएका छन् । मुलुकको आर्थिक समृद्धिका लागि औद्योगिक विकासको अपरिहार्यतालाई मनन् गर्दै सरकारले कानुनी र नीतिगतरूपमै उद्योग स्थापनालाई प्रोत्साहित गर्ने प्रयास पनि नगरेको होइन । यसका बाबजुद पनि सरकारले तर्जुमा गरेका कतिपय कानुन र नीतिहरू नै औद्योगिकीकरणका लागि बाधकका रूपमा रहेको उद्योगीहरूको गुनासो रहँदै आएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को सरकारको नीति तथा कार्यक्रममा औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र पूर्वाधार निर्माण तथा सञ्चालनलाई प्राथमिकता दिइने उल्लेख छ । यसै गरी औद्योगिकीकरण, लगानी प्रवर्द्धन र अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने गरी कर प्रणालीमा संरचनात्मक रूपान्तरण गरिने पनि उल्लेख छ । साथै स्थानीय कच्चा पदार्थ, उद्यमशीलता र सिपमा आधारित औद्योगिक विकासलाई प्रोत्साहित गरिने र सहकारी तथा सामुदायिक क्षेत्रलाई पनि उद्योगतर्फ आकर्षित गरिने पनि सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ ।

**बजेट, योजना र सरकारको प्रतिबद्धता**

यसैगरी चालु आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व वृद्धिलाई पहिलो प्राथमिकतामा राखिएको छ । यसका लागि उद्योग, व्यापार र लगानी प्रवर्द्धनमा जोड दिँदै औद्योगिक उत्पादन तथा उत्पादकत्व वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाइने उल्लेख छ । नीतिगत स्थायित्व, सुरक्षा र असल औद्योगिक सम्बन्ध कायम गरी औद्योगिकीकरणलाई तीव्रता दिइने पनि उल्लेख छ । आर्थिक समृद्धिका लागि देशमा औद्योगिक वातावरण हुनुपर्ने अथवा

उद्योगमैत्री वातावरण हुनुपर्ने आवश्यकता छ । तर उद्योगमैत्री वातावरण नहुँदा नै उद्योगहरू फस्टाउन नसकेको र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान निरन्तर घटेको हो ।

औद्योगिक विकास गरी उत्पादन वृद्धि र रोजगारी सिर्जना गरी अर्थतन्त्रलाई सुदृढ बनाउने उद्देश्यले पछिल्लो सरकारले पनि आफ्नो जिम्मेवारीबोध गरेको देखिन्छ । मुलुकमा राजनीतिक परिवर्तन पछि बनेको नयाँ सरकारले पनि 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीहरू' र 'राष्ट्रिय प्रतिबद्धता' मा पनि औद्योगिक विकासलाई प्राथमिकतामा राखेको छ। शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीमा देशमा लगानी वातावरण सुधार गर्न उद्योग दर्ता, स्वीकृति तथा सञ्चालन प्रक्रियालाई सरल, छिटो तथा पारदर्शी बनाउने; स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई एकीकृत रूपले सहजताका साथ निर्धारित समयावधिभित्रै तोकिएबमोजिमका सेवा उपलब्ध गराउनका निम्ति लगानी बोर्ड नेपालअन्तर्गत एकद्वार स्वीकृति प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने; देशमा उद्यमशीलता प्रवर्द्धन, लगानी वातावरण सुधार तथा व्यवसाय दर्ता प्रक्रियालाई सरल र छिटो बनाउने; देशमा रोजगारी सिर्जना, सिप विकास तथा उद्यमशीलता प्रवर्द्धनलाई एकीकृत रूपमा सुदृढ गर्ने उल्लेख छ।

यसैगरी राष्ट्रिय प्रतिबद्धतामा पनि स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहित गरी उद्योगमैत्री व्यावसायिक वातावरण निर्माण गरिने; निजी क्षेत्रलाई राष्ट्रिय समृद्धिको संवाहकको रूपमा परिचालन गर्न व्यवसाय संरक्षण, लगानीका लागि भयरहित वातावरण सिर्जना गरिने उल्लेख छ । यसबाट मुलुकमा औद्योगिक विकासका लागि सरकार गम्भीर रहेको देखिन्छ । तथापि पछिल्लो समय विभिन्न कारणले कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान घटेकाले औद्योगिक क्षेत्रको सुधार र विकासमा थप गम्भीर बन्नुपर्ने आवश्यकता पनि देखिएको छ ।

**कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान**

राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कअनुसार पछिल्ला वर्षहरूमा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान क्रमिकरूपमा घटिरहेको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ५.६५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ५.१२ प्रतिशतमा खुम्चिन पुगेको छ । यसैगरी आर्थिक वर्ष २०८०/८१ मा यस्तो योगदान ४.९३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो योगदान थोरै वृद्धि भई ४.९६ प्रतिशत भएको छ ।

आर्थिक वर्ष २०६७/६८ देखि २०८१/८२ सम्मको १५ वर्षको अवधिमा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान औसतमा ५.६२ प्रतिशत मात्रै रहेको देखिन्छ।

उद्योग विभागको 'औद्योगिक तथ्याङ्क २०८१/८२' अनुसार देशमा आर्थिक वर्ष २०८१/८२ सम्ममा १० हजार २ सय १९ वटा उद्योगहरूको स्थापना भइसकेको छ। जसमा कुल रु. ३२ खर्ब ९७ अर्ब बराबरको पुँजी लगानी भइसकेको छ भने ७ लाख ४१ हजारभन्दा बढीले रोजगारी पाएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा मात्रै ६८ वटा ठूला, ५४ वटा मझौला र ५ सय ७८ वटा साना गरी कुल ७ सय वटा नयाँ उद्योगहरू स्थापना भएका छन्। जसमा कुल रु. २ खर्ब ५८ अर्बभन्दा बढीको पुँजी लगानी भएको छ भने ३५ हजारभन्दा बढीले रोजगारीको अवसर पाएका छन्। सोही आर्थिक वर्षमा ८ सय ४० वटा विदेशी लगानीका उद्योग स्थापना भएका छन्। जसमा रु. ६४ अर्ब ९६ करोड बराबरको विदेशी लगानी भएको छ र झन्डै २६ हजारले रोजगारीको अवसर पाएका छन्। यसका बाबजुद पनि कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान घट्दै जानु वास्तवमै चिन्ताको विषय बनेको छ।

**उद्योगहरू क्षमता उपयोग**

उद्योग स्थापना हुनु नै सबैथोक होइन । स्थापित उद्योगहरू नियमित र सुचारुरूपमा सञ्चालन हुनसके मात्रै उत्पादन वृद्धि हुने हो । उद्योगहरू नियमितरूपमा पूर्णक्षमतामा सञ्चालन हुनसके मात्रै उत्पादन वृद्धि हुने, थप पुँजी निर्माण सघाउ पुग्ने तथा ठूलो संख्यामा रोजगारीको अवसर सिर्जना हुने हो। तर देशमा राजनीतिक स्थिरता नहुँदा र सधैँभरि नीतिगत अन्योलता कायम रहँदा उद्योगीहरू निराश छन् । राजनीतिक अस्थिरता र नीतिगत अन्योलताको प्रत्यक्ष असर देशका उद्योगहरूमा पर्ने गरेको छ। यसका साथै आर्थिक र सामाजिक समस्याका कारण पनि उद्योगहरू प्रभावित छन्। जसले गर्दा उद्योगहरू नियमित सञ्चालन हुन सकेका छैनन् र पूर्णक्षमतामा पनि सञ्चालन हुन सकेका छैनन्।

नेपाल राष्ट्र बैंकको 'आर्थिक गतिविधि अध्ययनको वार्षिक प्रतिवेदन २०८१/८२' अनुसार उद्योगहरूको औसत क्षमता उपयोग ४४.५ प्रतिशत मात्रै रहेको छ। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा उद्योगहरूको औसत क्षमता उपयोग ४८.३ प्रतिशत थियो। यसैगरी राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको 'राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६' को प्रतिवेदनअनुसार ३९.९ प्रतिशत उद्योगहरूले मात्रै आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्न सकेका छन् । यसैगरी १८.७ प्रतिशत उद्योगले उत्पादन

क्षमताको ७५ देखि ९९ प्रतिशत, २९.१ प्रतिशत उद्योगले ५० देखि ७४ प्रतिशत, १०.३ प्रतिशत उद्योगले २५ देखि ४९ प्रतिशत र बाँकी २.० प्रतिशत उद्योगले २५.० प्रतिशतभन्दा कम क्षमता उपयोग गरेको देखिएको छ । यसरी आर्थिक, सामाजिक र राजनीतिकलगायतका विविध कारणहरूले गर्दा उद्योगहरूको क्षमता उपयोगमा ह्रास आएको कारण पनि उद्योगहरूको उत्पादन प्रभावित भएको र त्यसको प्रत्यक्ष असर कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदानमाथि परेको छ ।

**लगानी वातावरण, चुनौती र सामाजिक प्रभाव**

आर्थिक, सामाजिक र राजनीतिक कारणले देशमा औद्योगिक वातावरण निर्माण हुन नसक्दा उद्योगहरू फस्टाउन नसकेको र लगानीकर्ताहरू उत्साहित हुनुको साटो निरुत्साहित हुँदै गएकाले औद्योगिक उत्पादन गम्भीररूपमा प्रभावित भइरहेको छ । देशको अस्थिर राजनीति, नीतिगत अन्योलता र भ्रष्ट र असहयोगी कर्मचारीतन्त्रले गर्दा लगानीकर्ताहरू हदैसम्म निराश हुन बाध्य छन् ।

स्वदेशी लगानीकर्ता मात्रै होइन नेपालमा लगानी गर्छु भनेर आएका उत्साही विदेशी लगानीकर्ताहरूसमेत देशमा व्याप्त राजनीतिक हस्तक्षेप, अव्यवहारिक ऐन-कानुन, अव्यवहारिक नीति-नियम, भ्रष्ट, सुस्त र असहयोगी कर्मचारीतन्त्र र लगानी सुरक्षाको प्रत्याभूतिको अभाव आदिका कारण लगानी नै असुरक्षित हुने देखेर नेपालमा लगानी गर्ने मनस्थिति बदल्न विवश छन् । प्रतिबद्धताअनुरूपको वास्तविक विदेशी लगानी नआउनुका कारण पनि यिनै हुन् ।

**औद्यागिक विकासको अर्थ–सामाजिक प्रभाव**

कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान घट्नुमा सरकारी नीति र कानुनको मात्रै पनि दोष छैन । लगानी सुरक्षा र लगानीको छिटो प्रतिफल खोज्ने प्रवृत्ति बढ्दै गएकाले उद्योगीहरू छिटो प्रतिफल पाइने र बढी नाफा हुने आयातमुखी व्यवसायतर्फ मोडिएका छन् । देशमा उद्योगहरू बन्द हुँदै जानु र व्यावसायिक क्षेत्रमा लगानीकर्ताहरू आकर्षित हुनुले लगानीकर्तामा प्रतिफलका लागि पर्खने धैर्य कम हुँदै गएको र लगानीमा असुरक्षाको भय बढ्दै गएको भनेर बुझ्न सकिन्छ । यसरी लगानीकर्ताहरू उद्योग छोडेर नाफामूलक सेवा व्यवसायतर्फ मोडिँदा उद्योग क्षेत्रको योगदान मात्रै घटेको छैन, प्रत्यक्ष अथवा अप्रत्यक्षरूपमा बेरोजगारी समेत बढेको छ ।

एउटा उद्योग बन्द हुनु भनेको

त्यहाँ कार्यरत सयौँ अथवा हजारौँ जनशक्ति बेरोजगार हुनु पनि हो । सयौँ र हजारौँ जनशक्ति बेरोजगार हुँदा त्यति नै संख्याका घरपरिवारको चुल्होमा प्रत्यक्ष असर पर्छ। धेरै मानिस र घरपरिवार गरिबीमा धकेलिन्छन् । जसले जनशक्ति पलायनलाई प्रश्रय दिन्छ। अहिले हजारौँ नेपाली कामदार कामको खोजीमा बिदेसिनुको एउटा कारण देशको औद्योगिक क्षेत्र शिथिल हुनु पनि हो ।

कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान घट्नु भनेको औद्योगिक उत्पादन घट्नु पनि हो। औद्योगिक उत्पादन घटेकै कारण वस्तु आयात बढेको छ । आयात बढ्नुको परिणाम हो बर्सेनि बढिरहेको उच्च व्यापारघाटा। नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०८१/८२ को तथ्याङ्कअनुसार यो आर्थिक वर्षमा कुल २० खर्ब ८१ अर्ब १५ करोड २९ लाख बराबरको वैदेशिक व्यापारमा रु. १५ खर्ब २७ अर्ब ९ करोड २५ लाख व्यापार घाटा रहेको छ। उच्च व्यापार घाटाको कारण नेपालको अर्थतन्त्र नै जोखिमतर्फ धकेलिएको छ । ठूलो परिमाणमा रेमिट्यान्स नआएको भए देशको अर्थतन्त्रको हालत के हुन्थ्यो होला ? अनुमान मात्रै गर्दा पनि कहाली लाग्ने स्थिति छ । अब सरकारको ध्यान उद्योगलाई उकास्नतिर जानु आवश्यक छ । किनभने आर्थिक विकासका लागि औद्योगिक विकास अपरिहार्य नै छ।

**निष्कर्ष**

मुलुकको समग्र उन्नति र समृद्धि औद्योगिक क्षेत्रको विकाससँग प्रत्यक्षरूपमा जोडिएको हुन्छ। औद्योगिकीकरणले उत्पादन वृद्धि, रोजगारी सिर्जना, प्रतिव्यक्ति आयमा वृद्धि, आर्थिक असमानतामा कमी र वैदेशिक व्यापार सन्तुलनमा महत्वपूर्ण टेवा पुऱ्याउँछ । कृषिमा मात्रै निर्भर अर्थतन्त्रले सीमित उत्पादन र सीमित रोजगारी दिन सक्छ, तर उद्योगको विकासले बृहत् उत्पादन, बृहत् रोजगारी र स्वदेशमै उत्पादित कच्चा पदार्थलाई प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न मद्दत गर्छ। यसबाट मुलुकको कुल गार्हस्थ्य उत्पादन वृद्धिमा सहयोग पुग्छ।

बृहत् रोजगारी सिर्जनाले गरिबी न्यूनीकरणमा सघाउनुका साथै आर्थिक असमानता घटाउन र अरू धेरै सामाजिक समस्या निराकरणमा पनि उल्लेख्य मद्दत गर्छ। उद्योगको विकासले औद्योगिकीकरण र सडक, विद्युत र सञ्चारजस्ता पूर्वाधार विकासलाई प्रोत्साहन गर्छ र अर्थतन्त्रलाई गतिशील बनाउँछ। वस्तु उत्पादन वृद्धि गरी निर्यातलाई प्रोत्साहन र आयात प्रतिस्थापन गर्न सघाउँछ । अन्ततोगत्वा आर्थिक गतिविधिलाई तीव्रता दिएर अर्थतन्त्रलाई आत्मनिर्भरोन्मुख बनाउँछ । अतः आर्थिक विकासका निम्ति औद्योगिक विकासमा सरकारको नीति, कार्यक्रम तथा योजना केन्द्रित हुनु वान्छनीय हुनेछ। ♦♦

निबन्ध

# जीवनको तराजु



✍ **दशराज शाक्य**

आजको विज्ञान प्रविधि युगमा मनुष्य जीवनको गति यति तेज हुन गएछ कि मनुष्यहरूले लगभग हरेक कुरालाई लाभ र हानीको तराजुमा तौलिरहन्छन् । कुनै काम गर्नु भन्दा पहिले मनुष्यको मनमा पहिलो प्रश्न उठ्छ,-'यसबाट मलाई के फाइदा हुन्छ ?' यदी लाभ हुन्छ भने तुरुन्तै अगाडि सरेर फुर्तिसाथ काम गर्छ र हानी हुने काम भए त्यसबाट टाढा भाग्छ या पन्छिन खोज्छ । विस्तार विस्तारै त्यो सोच मनुष्य जीवनको हिस्सा बन्दै जान्छ । जीवनको हरेक कुरालाई लाभ-हानीबाट नाप्ने या जाँच्ने गर्नु सदा सम्भव छ त ? मनुष्यको नाता सम्बन्ध, भावनाहरू र मानवीय संवेदनाहरू पनि कुनै व्यापारिक हिसाब किताबको हिस्सा हुन सक्छ ? यदी मनुष्यले थोरै गहिरोसँग सोच्ने हो भने जीवनको सबभन्दा राम्रो हिस्सा त्यही हो जहाँ कुनै गणना या नापतौल हुने गर्दैन ।

यसको सबैभन्दा ठूलो उदाहरण आमा बुवाको माया हो । उनीहरूले आफ्नो बच्चाको लागि अनगिन्ती त्याग गर्छन् । आमा बुवाले आफ्नो बच्चाको लागि पढाइ, स्वास्थ्य, भविष्य इत्यादिको लागि दिन रात मेहेनत परिश्रम गर्छन्, गरेका पाइन्छन् । राति नसुतिकन पनि आफ्नो इच्छाहरू दबाएर कति मेहेनत गरेका हुन्छन् । त्यसको हिसाब आमा बुवाले कहिल्यै राख्ने गर्दैनन् । कहिल्यै यस्तो कुरा सोच्दैन कि बच्चाको पालन पोषणमा कति लगानी हुन्छ र त्यसबाट कति लाभ हुन्छ ? साँच्चै भन्ने हो भने आमा बुवाको लागि आफ्नो बच्चाको खुसी नै सबभन्दा ठूलो कमाई, आम्दानी हुन्छ । वास्तवमा आमा बुवाले नै आफ्नो बच्चाको लागि सच्चा माया सिकाइदिन्छन् जसमा कुनै स्वार्थ, लाभ र हानी हुँदैन । अर्को कुरा आमा बुवाले आफ्नो बच्चालाई अनाहकमा कुनै दुःख र तनाव पनि दिने गर्दैनन् ।

त्यसैगरी शिक्षक र विद्यार्थीको सम्बन्ध पनि केवल औपचारिक हुँदैन । एक जना सच्चा शिक्षकले केवल पाठ्यक्रम पूरा गर्नुमा मात्र आफ्नो कर्तव्य समाप्त भयो भन्ने ठान्दैन । उसले कमजोर विद्यार्थीलाई राम्रोसित सम्झाइ बुझाइ गरि प्रेरित गर्छ र विद्यार्थीको आत्मविश्वास जगाउने कार्य

समेत गर्छ। कैयौं पटक कक्षाको पाठपछि पनि समय दिएर विद्यार्थीलाई शंकाबाट बचाउँछन्। विद्यार्थीको जीवनसँग सम्बन्धित प्रश्नहरूमा मार्गदर्शन देखाइदिन्छन्। विद्यार्थीको उन्नति र सफलतामा नै सबभन्दा ठूलो सन्तोष मान्दछन्।

संगत पनि त्यस्तै प्रकारको भावना हो जसलाई हिसाबबाट नाप्न सकिँदैन। सच्चा साथीले कठिन र संकटको समयमा मद्दत गर्छ जुन बिर्सन नसकिने गुणमा दर्ता हुन्छ। संगतमा निःस्वार्थ भावनाले सम्बन्धलाई दरिलो र विश्वासमय बनाइदिन्छ। यदी स्वार्थ र लाभ हेरियो भने विश्वास धेरै टिक्दैन। मनुष्य जीवन कुनै व्यापारको किताब होइन। सत्य र विश्वासको विम्बले मनुष्य जीवनमा मिठो मुस्कान पनि छरिदिन्छ। जीवन एक अनौठो यात्रा हो जसले मनुष्यलाई नयाँ अनुभव, नयाँ चुनौतीहरू र नयाँ सम्भावनाहरूले भरिदिन्छ। समाजमा रहेका प्रत्येक आमा बुबा तथा अन्य वर्गहरू सबैले आ-आफ्नो कथा, निबन्ध लेखिरहेका हुन्छन् र सबैलाई राम्रो प्रेरणा दिइरहेका हुन्छन्। समाजका प्रत्येक मनुष्यलाई नियमहरूले बाँधिदिन्छन् र अनुशासित बनाइदिन्छन्। त्यस्तै आमा बुवाले आफ्ना बच्चाहरूलाई पनि अनेक प्रेरणादायी कथा, उपदेश सुनाएर अनुशासित र सभ्य र समाज बनाउन मार्गदर्शन दिइरहेका हुन्छन्। समाजमा रहेका प्रत्येक वर्गका मनुष्यहरूको जीवन एक चुनौती हो, एक अवसर हो र एक उपहार पनि हो। जीवनको आनन्द मनुष्यको स्वतन्त्रतामा रहने हुन्छ, रचनात्मकतामा हुन्छ र एक आपसमा मिलनसार हुन्छ। यति मात्र होइन, सफल जीवन बाँच्नको लागि आत्मनिर्भर बन्न पनि प्रत्येक आमा बुवाले प्रेरणा दिइरहेका हुन्छन्। आत्मनिर्भरता सबभन्दा राम्रो गुण हो जसले जीवनको लक्ष्य प्राप्त गर्नमा मद्दत गर्दछ। आत्मनिर्भरताको अर्थ पनि छ जुन मनुष्यको जीवनलाई आफैले नियन्त्रण गर्नु र आफै निर्णय गर्न सक्षम हुनु हो। सफल जीवनले स्वतन्त्रता र आत्मविश्वास प्राप्त गर्दछ। जीवनको तराजु यही हो। ♦

कविता

## फूलको बास्ना



✍ **प्र.स.ह.गोविन्द राज ओझा**

फूलको बास्ना यी पहाडमा छरियो,
मेरो आँखाभित्र तिम्रो माया भरियो।
दुई आत्माको मिलनको कथा बनेर,
सुन्दर सपनाले यो मन सजियो।

स्वर्गजस्तो देश मुस्कान बाँडिरहोस्,
शान्त र प्यारो नेपाल उज्यालो बनिरहोस्।
समृद्धिको यात्रामा फर्केर आउँदैछु,
"आमा, आउँदैछु" भन्दै घरतिर दौडिँदैछु।

अब देश बन्छ, हर गाउँ र नगरी,
इतिहास लेख्नेछौं हामी सबै मिली।

# धर्ती र आकाशको सामिप्यता



✍ **देवकी के.सी.**

धर्ती सिङ्गो पृथ्वी हो । एउटा सिङ्गो भूगोल हो । धर्तीमा हिमाल, पहाड, खोच, गल्ली, खोलानाला, समुन्द्र, समतल मैदान, पठार सबै छ । अनि यही धर्तीमा अडेको छ सम्पूर्ण वन्यजन्तु, चराचर, मानिस ढुङ्गा माटो खनिज लगायत सम्पूर्ण सजिव र निर्जिवहरूको अस्तित्व पनि ।

अन्नदाता हो धर्ती । प्राणदाता हो धर्ती । दुःख पीर बाँड्ने साथी हो धर्ती । रमाइलो गर्ने दौतरी हो धर्ती । पौरख र पसिना पोख्ने थलो हो धर्ती । सबैको साँझा घर हो धर्ती । आराम गर्ने बिछ्यौना पनि हो धर्ती । त्यसैले त धर्तीले जननी, माता, आमाजस्तो पवित्र शब्दहरूको उपमा पनि पाएको छ ।

यस अर्थले हेर्ने हो भने धर्ती एउटा भूगोल मात्र होइन । जननी, अन्नदाता, प्राणदाता, आश्रयदाता, गुनासो पोख्ने दौतरी, थकाई मार्ने चौतारी, शितल दिने छहारी, पौरख खन्याउने प्लेटफर्म सबै हो । हुन त धर्तीनै स्वर्ग हो । मरेपछि मात्र देखिने र टेकिने त्यो कल्पनाको स्वर्गभन्दा यर्थाथको उत्तम स्वर्ग हो धर्ती । पूण्यभूमि हो भनेर ढोग्ने थलो हो धर्ती । अनि लात बजार्ने र हात पसार्ने थलो पनि हो धर्ती ।

जसरी धर्तीका व्याख्यान गरे पनि वास्तवमा धर्ती सबैको साझा थलो हो भन्ने कुरो चाहिँ अकाट्य सत्य नै हो । त्यसो त यो विशाल धर्तीको महानतालाई दुई चार शब्द पोखेर विश्लेषण गर्न कहाँ सकिन्छ र ?

धर्तीको महानताको कुरा आउने बित्तिकै आकाशका पनि कुरा जोडिन्छ नै अवश्य पनि । हुन त धर्ती र आकाशलाई एकअर्कामा पूरा विपरीत र भिन्नको दृष्टिकोणले बुझ्ने र हेर्ने गरेका छन् । कतै उदाहरण दिनु परे पनि धर्ती र आकाशजस्तो अन्तर छ, कहाँको धर्तीको धुलो र आकाशको तारा भनेर भिन्नता केलाउने गर्छन् ।

वास्तवमा हेर्ने हो भने धर्तीको छानो हो आकाश । धर्ती माथिको खुल्ला ठाउँ हो आकाश जहाँ अनेकौ ताराहरूले झलमल्ल हुन्छ । ताराहरूको ताप र उज्यालोको जलन छेक्न आकाशलाई

बादलले साथ दिन्छ। आकाश माथि छ। धर्तीबाट धेरै नै माथि। धर्तीलाई हामीले कुल्चन, हिर्काउन, थर्काउन जसरी मन लाग्यो त्यसै गर्न सकेका छौं। त्यसैले पनि होला हामीले धर्तीलाई सानो देख्छौं। आफैले पाइला टेकेको धर्तीलाई सानो देख्नेले त्यो स्पर्शनै गर्न नसकिने आकाशलाई चाहिँ विशाल देख्छौं।

वास्तवमा भन्ने हो भने आकाश जतिकै धर्ती पनि त विशाल छ। जहाँसम्म आकाश फैलिएको छ त्यहाँसम्म धर्ती पनि फैलिएको छ। फरक यति हो धर्ती जसले जे गर्दा पनि धैर्यवान, सहनशील देखिन्छ। त्यसैले धर्तीलाई कमजोर ठान्छन्। सानो ठान्छन्।

आफू उभिएको धर्ती कमजोर सानो ठान्नेहरूले न त आकाशमा उभिएर कुल्चिएर वा लम्पसार परेर निदाउननै सकेका छन्। धर्तीमा कुल्चेर आकाश तिर फर्केर थुके त्यो एक थोपा थुक पनि आकाशमा पुग्न सक्दैन। आफै तिर फर्केर आउँछ। तैपनि मनिसहरू आकाशको महानता गाउन छाड्दैनन्। धर्तीलाई अपहेलना गर्न छाड्दैनन्।

स्पर्श गर्न नसकिने केवल देख्न सकिने त्यो आकाश धर्तीबाट धेरै टाढा भएकै कारण, माथि भएकै कारण विशाल ठान्छन् मान्छेहरू। एउटा पहलमान पुरूषजस्तै विशाल ठान्छन् आकाशलाई। जतिसुकै मै हुँ भनेर फूर्ति गरे पनि आजसम्म अकाशलाई नियन्त्रण र वशमा राख्ने तागत कसको छ र ? यो धर्तीनै कब्जा गरेर खरिद गर्न सक्छु भन्ने आँट गर्नेहरूले पनि आकाश कब्जा गर्ने र खरिद गर्ने सपना देख्नु भनेको त आकाशमा कति ताराहरू छन् भनेर गन्नुजस्तै असम्भव कुरो हो ? केवल मृत्युपश्चात एक मुस्लो धुँवा बनेर आकाशमा मिसिन बाहेक अरू बेला आकाशमा लम्पसार परेर आराम गर्ने सपना देख्नुलाई मानिसहरूको बौद्धिकपन भनेर विश्लेषण गर्न सकिन्न। यो त केवल मानिसहरूको अहमता मात्र हो।

तर वास्तवमा धर्तीलाई एउटा साझा घर मान्ने हो भने आकाश त्यो घरको छानो छो। अर्थात् आकाश धर्तीको रक्षा कवच हो। धर्तीमा ओत लाग्ने सबैलाई आकाशरूपी छानोले सुरक्षा प्रदान गरकै हुन्छ, वास्तवमा मानिसहरूले धर्ती र आकाशमा विशााल अन्तर देखे पनि धर्तीले आकाशको प्रतिक्षा गर्न छाडेको छैन। अनि आकाशले दुरविन र सिसि क्यामरा बनेर धर्तीको निगरानी गर्न छाडेको छैन।

धर्ती र आकाशले आजसम्म एकले अर्कालाई भेटेका छैनन्। स्पर्श गर्न पाएका छैनन्, तर पनि यिनीहरूको आत्मियपन कहाँ दुर भएको छ र ?

धर्तीविनाको आकाश र आकाश विनाको धर्ती हुन्छ र ? एक पटक कल्पना गरेर हेरौ त । असम्भव छ धर्ती विनाको आकाशको अस्तित्व । अनि असम्भव छ आकाशविना धर्तीको अस्तित्व पनि ।

आकाश जतिकै फैलिएर विशाल रूप लिएको धर्तीलाई कमजोर र स्पर्शीविनानै विशााल र शक्तिशाली अनुभव गर्ने आकाश बिच दुई विपरीत धुव्रजस्तै अन्तर देख्ने हाम्रा नजर बेइमानी हो । आकाश र धर्ती जसका आफ्ना आफ्नै भोगाइहरू छन् । हो ध्रुवसत्य कुरा यी दुई एक आपसमा भौतिक रूपमा एकै ठाउँमा समर्पित छैनन् तर एकले अर्काको अस्तित्व राम्रै सित स्वीकार गरेका छन् ।

धर्तीमा लाग्ने चोटमा आकाश अवश्य दुखेकै छ । आकाशमा आउने संकटले धर्ती प्रभावित भएकै छ । तसर्थ यो संसार रहेसम्म धर्ती र आकाश एकले अर्काको स्पर्शमा रमाउन सक्दैनन् अवश्य पनि । तर एक अर्काको अस्तित्वविना पनि बाँच्न सक्दैनन् । त्यसैले हामी सर्वश्रेष्ठ प्राणीमा गनिएका मानिसहरूले । धर्ती र आकाश बीचको विशाल अन्तर सिर्जना गरेर अनेकौ उपमा दिने होइन बरू एक अर्काको भौतिक सामिप्यता विना पनि एक अर्काको परिपुरक भएर सधैं साथ दिन सकिदो रैछ भन्ने गतिलो पाठ चाहिँ यो धर्ती र आकाशबाट सिक्नु महत्वपूर्ण हुन्छ । धर्ती र आकाश एक अर्काका सारथी हुन् भन्ने कुरा मनन गर्न सक्नुपर्छ । ♦

**गीत**

## शुभ रङ हाम्रो सिम्रीक....

**✍ ध्रुवनारायण जोन्छें**



शुभ रङ हाम्रो सिम्रीक, जनावरमा छ एउटै गाई
सबैलाई मन पर्ने जाति छ एउटै, उही वीर गोर्खाली

नयन विश्वको खोली, सगरमाथा चियाउँछ
मुलुकको शान राखी, नेपाली अगाडि लम्कन्छ ।

विश्वलाई प्यारो लाग्दछ, जपःतपः ध्यानको हिमाली
सबैलाई मन पर्ने जाति छ एउटै, उही वीर नेपाली

मुटुको ढुकढुकी एउटै छ हाम्रो, सर्वे भवन्तु सुखिनः
धारणा एउटै छ हाम्रो, आफू बाँची अरूलाई बचाउने ।

प्यारो लाग्छ सबलाई सधैं, शुभ बिहानीको लाली
सबैलाई मनपर्ने जाति छ एउटै, उही वीर गोर्खाली ।

लघुकथा

# बिहेभोज



✍ **रामप्रसाद धिताल**

'यसपालि छोराको विवाह भएकाले तलब अरु ढिला हुने भयो है', मालिकले आफूले होइन प्रतिनिधि मार्फत अनुरोध गरे, 'सहयोग गरिदिनुहोला है ।'

खै के भन्नु ! आर्थिक मन्दी लगायत बहाना बनाएर मालिकले तीन महिनादेखिको तलब रोकेर राखेका छन् । चौथो महिना पनि सकिने क्रममा थियो ।

तलब ढिलो हुने भए पनि बिहेको निम्तो वेलैमा आयो । १० दिनअघि नै सूचनापाटीमा टाँसियो, बिहेको सेड्यूल र सामूहिक निम्तो ।

साताव्यापी कार्यक्रम रहेछ । दुईवटा पाँचतारे र एउटा तीनतारे होटलमा वैवाहिक कार्यक्रम तय भएको थियो ।

सात दिनमध्ये हामी कर्मचारीलाई तीन दिनको निम्तो थियो । 'तलब वेलैमा नदिए पनि पार्टीमा इन्जोय गर्नुपर्छ', साथीहरू भन्दै थिए ।

पहिलो दिनको निम्तो मान्न साँझपख देशकै महँगो मानिएको होटल पुग्यौँ । नाम चलेका नेता, व्यापारी, समाजशास्त्र र कलाकारको जमघट छ ।

चर्चित विदेशी कलाकार गाना बजाना र नृत्य प्रस्तुत गरिरहेका छन् । निम्तालु अनेकौँ प्रकारका परिकारका प्लेट लिएर गफिइरहेका छन् । जीवनमा कहिल्यै नदेखेका महँगा रक्सीका बोतल चमचमाइरहेका छन् । एकाएक सम्झिएँ, महिना मर्न लाग्यो ।

घरपति एकाबिहानै ढोका ढकढक गर्न आउने वेला भयो । तिर्न नसकेको अघिल्ला दुई र आगामी एक सहितको बिल विद्यालयले छोराछोरीको झोलामा हालेर पठाइसकेको छ ।

बिहान निस्कने वेला श्रीमतीले भनेकी थिइन्, 'ग्यास र रासन सकिने वेला भो है, अगाडि लिएको उधारो नतिरे पसलतिरको बाटो हिँड्नै पर्दैन ।'

कहिल्यै पैसा नमाग्ने बुबाले गाउँबाट फोन गरेर भन्नुभएको छ, 'बाबु यसपालि अलिकति पैसा पठाइ देन है ।'

यी सबै सम्झेर मलाई एकाएक भाउन्न भयो । 'हामी पनि जाऔँ न खानाको लाइन लागौँ', साथीको आवाजले झस्किएँ ।

शौचालय जाने बहाना बनाएर एकैपटक होटल बाहिर पुगेँ। लामो सास फेरेँ र श्रीमतीलाई फोन गरेँ, 'मलाई पनि खाना बनाउनू है ।' ♦♦

# पर्या-पर्यटन के हो र किन ?



✍ **राजेशमान के.सी.**

पर्यावरणीय पर्यटनको बारेमा भन्नुपर्दा सामान्यतया पर्यटनको त्यस्तो स्वरूपलाई जनाउँछ जस अन्तर्गत प्राकृतिक वातावरण र जैविक विविधताको संरक्षण गर्दै दिगो पर्यटन विकासद्वारा स्थानीय बासिन्दाको सामाजिक र आर्थिक हितमा विशेष जोड दिइन्छ। अर्को अर्थमा भन्ने हो भने भौतिक विकासका गतिविधिहरूबाट हुने वातावरणीय क्षतिलाई न्यूनीकरण गर्दै प्रकृतिमा आधारित पर्यटकीय गतिविधिहरूको सञ्चालन गरी दिगो पर्यटनको विकास गर्नु नै वास्तवमा “पर्यावरणीय पर्यटन” हो भन्न सकिन्छ।

नेपालमा पर्यटन विकासका सम्भावनाहरू प्रशस्त छन्। स्वच्छ हिमालयको काखमा अवस्थित रमणीय स्थलहरू, मनोरम तालहरू, हिमालयबाट अविरल बगिरहने नदीनाला र झरनाहरू, तराइका हरिया फाँटहरूले कुन चाहिँ विदेशीको मन नलोभ्याउला र ? देशको उत्तरी सिमाना विश्वको सर्वोच्च शिखर सगरमाथा लगायत अग्ला-अग्ला र मध्यम उचाइका आकर्षक हिम शिखरहरूबाट ढाकिएको छ भने प्राकृतिक सौन्दर्य, अनुकूल हावापानी, विविध सांस्कृतिक सम्पदा, पवित्र धार्मिक तीर्थस्थलहरू र अझ त्यो भन्दा पनि महत्वपूर्ण कुरा नेपालीहरूको मिलनशील स्वभाव र मैत्रीपूर्ण व्यवहार पर्यटन विकासका दृष्टिकोणले महत्वपूर्ण पक्ष बन्न पुगेका छन्। त्यसमाथि नेपालका तीन प्रमुख सहरहरू काठमाडौँ, ललितपुर र भक्तपुरस्थित दरबार स्क्वायर, चाँगुनारायण, बौद्धनाथ र पशुपति क्षेत्र विश्व सम्पदा सूचीमा पर्न गएबाट नेपालमा पर्यटन विकासको सम्भावना यथेष्ट मात्रामा बढ्न गएको छ।

अर्कोतर्फ नेपाल जस्तो भूपरिवेष्ठित मुलुक जहाँ सामुद्रिक बन्दरगाहको सुविधा छैन, जहाँ प्रचुर मात्रामा प्राकृतिक खनीज साधनहरू छैन, जहाँ ठूलठूला उद्योगधन्दा र कलकार खानाहरूको अझै पनि अभाव छ र जहाँ विदेशी मुद्रा आर्जनको अर्को कुनै विकल्प छैन, त्यस देशका लागि पर्यटन उद्योगको आवश्यकताबारे उल्लेख गर्नु सायदै जरूरी होला । विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतका रूपमा रहेको पर्यटन उद्योगको

विकासबाट एकातिर विदेशी मुद्रा प्रशस्त आर्जन गर्न सकिन्छ भने अर्कोतिर रोजगारको अवसर, घरेलु उद्योग धन्दामा विकास र सांस्कृतिक आदान प्रदानमा पनि उत्तिकै टेवा पुग्न जाने कुरा स्पष्ट छ।

विश्वमा अहिले कतिपय वैज्ञानिक एवम् वातावरणविद्हरू भौतिक निर्माण र विकासको नाममा गरिने हेलचेक्र्याईंपूर्ण गतिविधिहरूबाट उत्पन्न हुन पुगेको बढ्दो वातावरणीय विनाशप्रति चिन्तित हुन थालेका छन् । खासगरी विश्वव्यापी बढ्दो तापक्रम र जलवायु परिवर्तनबाट उत्पन्न असरका कारण सिङ्गो विश्व आज पर्यावरणीय समस्याबाट ग्रसित बन्न पुगेको छ। जसको फलस्वरूप प्राकृतिक स्रोत र सम्पदाहरूको संरक्षण एवम् सम्बर्धन नै वातावरणविद्हरूको लागि अहिले प्रमुख समस्या र चुनौती बन्न पुगेको छ। यस अर्थमा विश्वमा अहिले बढ्दो तापक्रम र जलवायु परिवर्तनको असरबाट देखा परेको वातावरणीय विनाशको चुनौती तथा प्रकृति, कला, संस्कृति एवम् जैविक विविधताको संरक्षण सम्बर्धनप्रति बढ्दो चासो र अभिरूचीलाई पर्यावरणीय पर्यटनप्रतिको झुकावकै रूपमा लिन सकिन्छ।

पर्यावरणीय पर्यटनको कुरा गर्दा खासगरी पदयात्रा, साहसिक यात्रा, विभिन्न जीवजन्तु एवम् चराचुरूङ्गीहरूको अवलोकन, पर्वतारोहण, जलचरण आदि लगायत विभिन्न जातजातिका वनस्पतिहरूको वैज्ञानिक अध्ययन अनुसन्धान सम्बन्धी महत्वपूर्ण कार्यहरू समेत यस अन्तर्गत पर्ने र यी सबै कुराहरूको सम्भावना नेपालमा प्रचुर मात्रामा विद्यमान रहेको हुँदा विश्वमा ठूलो संख्याका पर्यावरणीय पर्यटकहरूले नेपाललाई एक किसिमबाट स्वप्नभूमिकै रूपमा हेर्ने र लिने गरेका छन् । यहाँ विद्यमान जैविक विविधता, सांस्कृतिक सम्पदाको प्रचुरता, प्राकृतिक स्रोत र साधनहरूको व्यापकताले गर्दा हाम्रो मुलुकलाई प्राकृतिक रूपमै अत्यन्त सम्पन्न र वैभवशाली तुल्याइदिएको छ । उदाहरणको लागि हाम्रो मुलुकका विभिन्न वनजंगल एवम् आरक्ष केन्द्रहरूमा पाइने जीवजन्तुहरू, चराचुरूङ्गी, पुतली, विभिन्न जातजातिका बोटविरूवाहरू, सेता र कन्चन हिमालय, नदीनाला, तालतलैया, झरना आदि विदेशी पर्यटकहरूका लागि अत्यन्त आकर्षित प्राकृतिक स्रोतका रूपमा स्थापित हुन पुगेका छन् । यसका साथै हाम्रो मुलुक धार्मिक, सांस्कृतिक एवम् आध्यात्मिक दृष्टिकोणले समेत महत्वपूर्ण स्थलको रूपमा विश्वभरि नै प्रसिद्धि पाएको हुँदा नेपालप्रति विश्वका धेरै भन्दा धेरै पर्यटकहरू आकर्षित हुने गरेका छन् ।

त्यसो त देशको संघीय राजधानी काठमाडौं मन्दिरै मन्दिरको सहरको रूपमा पनि विश्वमाझ परिचित छ। नेपाल एक

यस्तो मुलुक हो जहाँ १०० भन्दा बढी जनजातिहरू छन् भने ७० भन्दा बढी विभिन्न जातीय एवम् उपजातीय भाषाभाषीहरू छन् । जुन वैज्ञानिक अनुसन्धानकर्ता, समाजशास्त्री, मानवशास्त्री एवम् धार्मिक पर्यटकहरूका लागि पनि अध्ययन र आकर्षणको विषय बन्न पुगेको छ । यी सम्पूर्ण कुराहरूलाई मध्ये नजरमा राखेर हेर्दा नेपाललाई पर्यावरणीय पर्यटनको दृष्टिले विश्वको एउटा प्रमुख गन्तव्यस्थलकै रूपमा विकास गर्न सकिने सम्भावना यथेष्ट छ । तर विडम्बनाको कुरा के छ भने राज्यको सम्बद्ध निकायले अझै पनि पर्यावरणीय पर्यटनको दृष्टिले उपयोगी स्थलहरूको खोजी गरी यथोचित विकास गर्न सकिरहेको छैन । यस्ता पर्यटकीय स्थलहरूको खोजी गर्नुका साथै ती पर्यटकीय स्थलहरू वातावरणीय दृष्टिकोणले पनि स्वच्छ र व्यवस्थित रूपमा विकास हुनु आवश्यक छ । नेपालमा अहिले कतिपय सांस्कृतिक स्थल र सम्पदाहरू यथोचित संरक्षण हुन नसकी उपेक्षित अवस्थामा रहेका छन् । त्यसैले यस्ता उपेक्षित अवस्थामा रहेका क्षेत्रहरूको संरक्षण सम्बर्धन गर्नु पनि उत्तिकै आवश्यक छ । वास्तवमा पर्यावरणीय पर्यटनको विकासले नै हाम्रो प्राकृतिक वातावरण र जैविक विविधताको संरक्षणमा टेवा पुग्न जाने भएको हुँदा यसबाट दूर्लभ जीवजन्तु, वनस्पति एवम् सिमसार क्षेत्रको संरक्षण सम्बर्धनमा समेत महत्वपूर्ण योगदान पुग्न सक्ने देखिन्छ ।

समग्रमा भन्नु पर्दा देशमा पर्यटन क्षेत्रको समुचित विकास र व्यवस्थापनका लागि साझा राष्ट्रिय नीति र कार्यक्रमहरूको तर्जुमा गर्नु अति नै आवश्यक देखिन्छ । यसको लागि देशमा भित्रिने पर्यटकहरूका लागि शान्ति सुरक्षाको प्रत्याभूति पहिलो आवश्यकता हुन्छ । देशमा यदि शान्ति सुरक्षाको स्थिति नै चित्त बुझ्दो र भरपर्दो छैन भने विभिन्न भ्रमण वर्षको नाममा लाखौं पर्यटक भित्र्याउने महत्वाकांक्षी नारा घन्काउनुको कुनै अर्थ रहँदैन । यसतर्फ राज्यका सबै जिम्मेवार निकाय र राजनीतिक दलहरूले बेलैमा गम्भीर भएर सोच्ने हो कि ? ♦

## गीत



✍ **दिपकराज विश्वकर्मा**

आमा म त देश छोडि उडे विदेश तिर
खुसी छु म कत्ति पनि नगर्नु है पीर

भोक लाग्दा तिर्खा लाग्दा तिम्रै याद आउछ
सबै पाउछ परदेशमा आमा कहाँ पाउँछ
तिमी बिना यो मुटुमा उनिएको झिर

सपना कि नियतीले परदेशी भएँ
हिजो राती सपनीमा तिम्लाई सम्झि रोएँ
बुढेशकालमा आमा छोरा भयौं दुईतिर
खुसी छु म कत्ति पनि नगर्नु है पीर
आमा म त देश छोडि उडे विदेश तिर

संस्मरण

# त्यो सहयात्रा



✍ **विनोद नेपाल**

एकातिर रुस-युक्रेन युद्ध, अर्कोतिर अजरबैजान र अर्मेनियाबीच लामो समयदेखिको नागोर्नो-काराबाख विवाद अन्त्य भइनसकेको अवस्था । धेरैले धेरै किसिमका आशङ्का गरिरहेका थिए । कतिपयले त सुनेका समाचार र मानिसहरूले देखाएका डरका कारण 'बाकु जाने र यस्तो बेलामा ?' पनि भन्दै थिए ।

म भने दृढ भइसकेको थिएँ, पछि नहट्ने गरी एकोहोरिएको थिएँ । दुई वर्ष कोरोना महामारीका कारण हलचल गर्न नपाएकोमा गत वैशाख महिनामा लोमान्थाङ- कोरलासम्मको आन्तरिक पर्यटन पछि बाह्य पर्यटनका लागि जाने ठाउँको खोजीमा लागेको मैले बाकुलाई रोजेको थिएँ ।

ककेसस पहाडी शृङ्खलाको मुनि क्यास्पियन सागरको किनारामा अवस्थित मुलुक अजरबैजान र त्यसको राजधानी सहर बाकु प्राचीनता र आधुनिकताको सङ्गम हो भन्ने थाहा पाएदेखि नै त्यहाँ पुग्ने हुटहुटी ममा जागेको थियो । यस बाहेक भौगोलिक र ऐतिहासिक दृष्टिले मात्र होइन अजरबैजान धर्मनिरपेक्ष र महिलालाई मताधिकार प्रदान गर्ने पहिलो मुस्लिम मुलुकको पहिचान बनाएको देश समेत हुँदा पनि यहाँसम्म पुग्ने उत्कट चाहना म भित्र थियो । यसो हुँदा अरू सबै कुरालाई मैले गौण ठानेको थिएँ र जसरी पनि बाकु पुग्न आतुर थिएँ । खर्चको दृष्टिले पनि सार्वजनिक 'टुर प्याकेजरू' हरूमा तुलनात्मक रूपमा यो सस्तो नै थियो । यसैले मैले यसलाई एउटा अवसरको रूपमा उपयोग गर्न चाहेको थिएँ ।

पर्यटनलाई आफ्नो आयस्रोत बनाउने कुनै पनि मुलुकले पर्यटकको सुरक्षालाई प्राथमिकतामा राखेको हुन्छ । तीन वर्ष पहिले इजिप्ट अर्थात् 'मिश्रदेश' जाँदा यसको राम्रै अनुभव भएको थियो । पटकपटक पर्यटक लक्षित आक्रमण भएको त्यस मुलुकले पर्यटकको सुरक्षामा विशेष ध्यान दिएको रहेछ ।

त्यो कसरी थाहा पाइयो भने त्यतिखेर एकातिर हामीलाई बोक्ने बसको चालक पछिको अघिल्लो सिटमा हतियारधारी सुरक्षाकर्मी बसेका हुन्थे भने अर्कोतिर हाम्रो

बस जहाँ पुग्थ्यो त्यहाँ हामी पुग्नु अघि नै सुरक्षाकर्मीको टोली पुगिसकेको हुन्थ्यो ।

त्यो देखेको, भोगेको हुनाले अजरबैजान सरकारले पर्यटक आगमन खुला गर्नुका पछाडि सुरक्षा प्रत्याभूतिको सुनिश्चितता नै हो भन्ने मलाई लागेको थियो । सरकारले त्यस्तो कुराको प्रत्याभूति नगरी वा अनुमति नदिई उताका पर्यटन व्यवसायीले यताका पर्यटन व्यवसायीसँग तालमेल मिलाउने कुरै हुँदैन भन्ने पनि मलाई लागेको थियो । यसैले म सुरक्षाको विषयमा ढुक्क थिएँ । यसबारेमा हाम्रो भ्रमण व्यवस्थापकसँग मैले पटकपटक कुराकानी पनि गरेको थिएँ । अर्को कुरा, हुने कुरा हुँदै गर्छ, आफूले लिएको निर्णयबाट पछि हट्नु हुँदैन भन्नेमा पनि म थिएँ ।

यसपछि सँगै जाने भनेका साथीहरू जसले अरूबाट सुनेका कुरामा विभिन्न आशङ्का व्यक्त गरिरहेका थिए, ती पनि यात्राका लागि तत्पर भए । खासगरी नवराज घिमिरेजी र गोविन्द चापागाईं दाइले यात्राका लागि सहमति जनाउनुभएपछि हामी यात्रा प्रक्रियामा अगाडि बढ्यौं । आनन्द शर्मा जोडी पनि जोडिएपछि तीन जोडी र एक बिजोडी गरी हाम्रो सात जनाको टोली बन्यो ।

हामीले 'स्मार्ट होलिडेज्' मार्फत यात्रा योजना अगाडि बढाएका थियौं । प्रवेशाज्ञा देखि अन्य सबै आवश्यक कागजात तयार भइसकेका थिए । टिकट हाम्रो हातमा परिसकेको थियो । तय भएको दिन बिहान समयमै विमानस्थल पुग्यौं ।

हाम्रो उडान कुवेत हुँदै जाने गरी ३० सेप्टेम्बर, २०२२ का लागि तय भएको थियो । बिहान ७.३० को उडान समय भएपनि विमान एक घण्टा ढिलो गरी उड्यो ।

हामी जजिरा एयरवेजको एयरवस ३२०मा थियौं । पर्यटकको रूपमा अजरबैजानको राजधानी बाकु जाँदै थियौँ हामी । सिटको हकमा हामी एउटै समूहमा आएका सात जनाको सिटसँगै पारिदिन आग्रह गरेपनि बोर्डिङ पास दिने स्थानमा सोको सुनुवाई नभएका कारण हामी यताउता छरिएका थियौँ ।

खाडी क्षेत्र नेपाली युवाको वैदेशिक रोजगारीको प्रमुख गन्तव्य क्षेत्र हो र कुवेतमा त नेपालीको निकै ठूलो सङ्ख्या छ । यसैले कुवेत उड्ने विमानले बोक्ने भनेकै वैदेशिक रोजगारीमा खाडी मुलुक जाने र उताबाट आउने नेपाली हो । हामी सवार विमान लगभग भरिभराउ थियो र यस उडानमा पनि सबै नेपाली नागरिक त थियौँ नै, विमानमा हामीजस्तै घुम्नकै लागि बाकुतर्फ जाने अरू बीस-बाइस जना पनि थिए । झण्डै एकसय बहत्तर यात्रु क्षमताको त्यस विमानमा त्यसबाहेकका सबै नै वैदेशिक रोजगारीका लागि खाडी मुलुक

जाने युवा युवती थिए । ती मध्ये कोही पहिलोपटक जाँदै गरेका र कोही विदामा आइ फर्केका थिए ।

मसँगैको सिटमा बसेका थिए सामान्य कद र पातलो जिउ अनि मधेसी अनुहारका एक युवा । उनलाई देख्नासाथ मैले अनुमान गरिहालेँ 'यी पनि रोजगारीका लागि खाडी मुलुक पसेका हुन् ।' पहिलो पटक जाँदैछन् वा बिदा सकेर फर्केका हुन् त्यो भने अनुमान गर्न सकिरहेको थिइन ।

म अन्तर्मुखी स्वभावको छु । यात्रामा होस् वा अन्यत्र नै म हत्तपत्त कसैसँग पनि कुरा गरिहाल्न अघि सर्दिन । अझ व्यक्तिगत कुरा त कसैसँग पनि गर्दिन र अरुको व्यक्तिगत जीवनबारे पनि सोधपुछ गर्दिन । यसैले झट्ट साथी बनाउन पनि सक्दिन मैले ।

मलाई लाग्छ सबैको आफ्नै जीवन हुन्छ । सबैको आफ्नो आफ्नो सोचाइ, आ-आफ्नै आशा, अपेक्षा र भोगाइ हुन्छ, आफ्नै खुसी र पीडा हुन्छ । हुनसक्छ कसैको मनमा केही पीडा होस् र थामथुम पारेर सम्हालेर राखेको होस्, मनभित्र पीडा भएपनि बाहिर खुसी देखाएको होस् उसले, कुरैकुरामा त्यसै ठाउँमा छुन, चलाउन पुगियो भने उसलाई कस्तो पीडा होला ? खाटा बसेको घाउ बल्झिए जस्तो हुनसक्छ । यसैले व्यक्तिगत कुरामा पसेर कसैका बारे जान्ने बुझ्ने प्रयास वा अन्जानवश नै किन नहोस् कसैलाई अशान्त बनाउने वा कसै माथि पीडा थपिदिने काम मबाट नहोस् भन्ने चाहन्छु म । यसप्रति हरहमेसा सजग रहन्छु ।

तर मेरो अन्तरआत्माले मलाई यो सबै बन्धनबाट मुक्त हुन र ती युवासँग केही कुरा गर्न दबाब दियो एकाएक । यसपछि मैले उनीसँग उनका बारे थाहा पाउने प्रयास गरेँ ।

कुरा सुरु गरेँ सोधेर- 'कहाँ जान लागेको बाबु ?'

हल्का मुस्काउँदै शिष्टता पूर्वक उनले भने 'उही त हो अङ्कल, वैदेशिक रोजगारी ।' उनले सोधेँ-'तपाईँहरू त घुम्न हिँड्नु भएको होला होइन ?'

मैले 'हो' भनेँ ।

उनले सोधे- 'कुवेतमै घुम्न आउनुभएको ?'

'होइन, हामी बाकु जाँदैछौँ, अजरबैजान, यहाँबाट फेरि दुईघण्टा जति उड्नुपर्छ'- मैले भनें ।

'अनि तिमी कहाँ त ? कुवेत मै हो ?'-मैले सोधें । 'होइन अङ्कल,कतार हो, यहाँबाट कतार जाने' -उनले भने ।

उनको जवाफले म आश्चर्यमा परें । 'लौ उल्टो भयो नि यो त, कतार जान त यहाँबाट उतै पो फर्कनुपर्छ फेरि' मैले भनें । उनले जवाफमा भने 'के गर्नु अङ्कल, जताबाट पठायो उतैबाट जानुपरिहाल्यो,

यहाँ दुबई जानेहरू पनि आएका छन् ।'

उनको कुरा सुनेर म झनै आश्चर्यचकित भएँ। 'काशी जानु कुतीको बाटो भनेझैं भएन र यो त ?' मैले मनमनै आफैसँग भनेँ ।

त्यसो त वैदेशिक रोजगारीमा व्याप्त बेथितिबारे म अनभिज्ञ थिइन र छैन । यसबारेमा थुप्रै लेखहरू लेखेको छु । थुप्रैका पीडा सुनेको,पढेको छु। अनि यसमा हुने गरेको ठगी र त्यसले पारेको विचल्ली बारेमा पनि धेरै कुरा थाहा छ । वैदेशिक रोजगारीले समाजमा पारेका सकारात्मक-नकारात्मक असरबारे पनि म राम्रै जानकारी राख्छु । ठगेरै नवधनाढ्य बन्न सफल भएका सडकछापहरू पनि प्रशस्तै देखेको, चिनेको छु मैले । तिनका चुरीफुरी पनि देखेको छु।

सबैलाई जानकारी छ नेपालमा हरेक वर्ष झण्डै पाँच लाख युवा रोजगारीका लागि तयार हुन्छन् तर अवसर नगण्य छ, र त्यो 'हात्तिको मुखमा जिरा' हुन्छ। यसैले हामी कहाँ बेरोजगारी समस्या व्याप्त छ । यो वर्तमानको मात्र कुरा होइन, विगत झण्डै तीन दशक यता रोजगारीका लागि युवा विदेशिने क्रम जारी छ । यद्यपि सरकारी तथ्याङ्क ५० लाख पनि देखाउँदैन, तर वैध अवैध माध्यमबाट रोजगारीका लागि विदेश जाने युवाको सङ्ख्या ७० लाख नाघिसकेको छ।

लामो समयदेखि हाम्रो अर्थतन्त्र विप्रेषणले नै धानेको छ । अमेरिका, बेलायत वा अष्ट्रेलिया, जापान आदि मुलुकबाट होइन विप्रेषण आउने मूलतः खाडी, मलेसिया आदिबाट नै हो जहाँ ठूलो सङ्ख्यामा कामदार छन् । ती कामदार मध्ये अपवाद बाहेक सबै नै गरिब परिवारबाट ऋण-धन गरेर गएका हुन् भन्नेमा पनि कुनै सन्देह छैन । अर्को कुरा ती अदक्ष कामदार हुन् र तिनले पाउने पारिश्रमिक पनि न्यून नै छ । तिनमाथि विभिन्न तहमा शोषण भएको छ। पैसा पठाउँदा नै हुण्डीवालाको चङ्गुलमा पर्नुपर्ने अवस्था छ।

वैदेशिक रोजगारीले नै दलाल, विचौलिया आदिको ताउरमाउर बढेको छ। तिनलाई सत्तानिकट बनाएको छ, राजनीतिक दल र सत्ताले नै तिनको संरक्षण गरेको छ, विडम्बना ! यिनै युवाको पसिना जुन विदेशमा बगेको छ, त्यसबाट आर्जित विप्रेषण हाम्रो अर्थतन्त्रको मूल आधार हो र यसैले नेता देखि कर्मचारीसम्म पालेको छ।

सुख दिने सपना बोकेर विदेसिएका थुप्रै बाकसमा बन्द भएर फर्केका छन् आश्रितहरूलाई धरधरी रुवाउँदै । कोही अशक्त भएर र कोही हिंसा र उत्पीडनमा परेर फर्केका छन् । तर विप्रेषणमा रमाउने राज्य तिनका पीडामा तमासे बनेको छ, उसलाई कत्ति छुँदैन यो पीडाले । दलहरू स्वदेशमै रोजगारीलाई चुनावी नारा बनाउँछन्, तर तिनैले चलाउने

सत्ता स्वदेशमा रोजगारीका अवसरहरू उपलब्ध गराउन कुनै परिणामदायी योजना र कार्यक्रम अघि सार्दैन । जोसुकै सत्तामा पुगोस्, केवल नारा लगाउँछ, आश्वासन बाँड्छ , भ्रम छर्छ, देश यसैगरी चलिरहेको छ।

म वैदेशिक रोजगारीका सकारात्मक-नकारात्मक असरहरू सम्झन थाल्छु। यसका सामाजिक र पारिवारिक असरहरू सम्झन थाल्छु । वैदेशिक रोजगारीले निम्त्याएका दुःखद घटनाहरू सम्झन थाल्छु। लाउँलाउँ खाउँखाउँको उमेरमा परिवार छाडेर विदेशी भूमिमा पसिना बगाउन बाध्य युवा युवतीप्रति स्नेह र सहानुभूति जाग्दछ। तर एउटा व्यक्तिले के नै गर्न सक्छ र कठै ! भन्नु बाहेक ? राजनीतिक नेतृत्वले चासो राखे पो, नीति निर्माताले ध्यान दिए पो, कर्मचारीतन्त्र जिम्मेवार भैदिए पो !

जजिरा कुवेतमा दर्ता बजेट एयर लाइन्स हो । यस्ता उडानमा सामान्यतः यात्रुलाई खाना दिईंदैन, चाहेमा विमानभित्रै किनेर खान भने पाइन्छ । हामीचाहिँ 'टुर प्याकेज'का यात्रु भएकाले हाम्रा लागि भने यस उडानमा पनि हल्काफुल्का खानाको व्यवस्था गरिएको थियो ।

यत्तिकैमा हाम्रो खाना र पानी आइपुग्यो। सुमित्रा र म दुईजना सँगै छौँ। हामीले दुईवटा पोका पार्यौं। मैले उनलाई हामीले पाएको दुई मध्ये एक पानीको बोतल र आलु चिप्सको पोका दिँदै खान भनें। उनले खुसी हुँदै समाए र खान थाले। यसपछि मैले उनीबाट उनका कुरा बुझ्ने कोसिस गरेँ। मेरो जिज्ञासामा सकारात्मक हुँदै उनी आफ्ना कुरा भन्न थाले।

नाम सुरेन्द्र दास । २८ वर्षीय रहेछन् उनी। वैदेशिक रोजगारीमा विद्यमान ठगीका बारे उनको असन्तुष्टि थियो । कति पैसा बुझायौ ? भन्दा 'धेरै बुझाएँ अंकल', भन्दै उनले 'भने १ लाख ७० हजार बुझाएको छु, तर एजेण्टले कत्ति पनि बुझाएको छैन भन्नु भनेको छ।'

'अनि अचेल त फ्रि भिसा फ्रि टिकट भन्छन् नि हैन र ?'

मेरो प्रश्नमा उनले भने 'त्यो त भनाइ मात्रै हो, त्यसरी जान पाउने कोही छैनन्, बाध्यता छ नगई नहुने, देशमा केही अवसर छैन के गर्नु ?'

उनले आफू ८ वर्ष अघि मलेसिया गई तीन वर्ष काम गरेर फर्केको भन्दै सुनाए 'त्यतिबेला १ लाख ३५ हजार खर्च भएको थियो,तर कसैले सोधेमा भन्नुपर्ने चाहिँ ८० हजार मात्रै।'

उनले आफ्ना दुःख सुनाउन थाले।

उनी कम्पनी नै बन्द भएको कारण तीन वर्ष मलेसिया बसी घर फर्केका रहेछन् । त्यसपछि बिहेबारी गरी घरतिरै बसेछन् । रौतहटका उनको घरबाट भारतीय सीमा आठ किलोमिटर पर पर्ने रहेछ। घर बसेका बेला सीमावर्ती भारतीय

बजारमा गई सामान ल्याउने र बिक्री गर्ने गर्न थालेछन् । त्यसो गर्दा प्रहरीले दिएको दुःख सुनाउँदै उनले भने 'एकदिन तीन बोरा प्याज मोटरसाइकलमा ल्याउँदै थिएँ, प्रहरीले समायो र पैसा माग्न थाल्यो । माग्दामाग्दा यति माग्यो कि प्याजको मूल्य भन्दा बढी थियो त्यो, कहाँबाट दिनु मैले ? अनि प्याज नै छाडेर हिँडेँ ।' घुमुवाले उस्तै दुःख दिने गरेको उनको भनाई थियो । 'सानो काम गरेर जिउ पाल्ने हामीलाई अनाहकमा दुःख दिन्छन्, ठूलाठुला तस्करले तिनकै सहयोगमा कमाइरहेका छन्, के गर्नु ?' उनले असन्तुष्टि पोखे ।

उनले यस्ता धेरै अनुभव र पीडा सुनाए । उनले भने 'ससाना र थोरै सामान ल्याएर बेच्ने हामीजस्ताले मात्रै हो दुःख पाउने, ठूला र धेरै ल्याउने, धेरै कमाउनेले सेटिङ मिलाएका हुन्छन्, कुनै दुःख हुँदैन, के गर्नु ? त्यसपछि त्यो काम छाडेँ ।'

'अनि त्यस्तो अवैध काम पनि गर्नु हुन्छ त ?' मैले भनेँ ।

जवाफमा उनले भने 'के गर्नु खानलाई केही त गर्ने पऱ्यो, बाबु आमा छन्, श्रीमती र छोरा पनि छन् जग्गाको उब्जनीले खान पुग्दैन, केही न केही त नगरी भएन । यतै रोजगारी पाए न इन्डिया गएर पुलिसको आँखा छलेर सामान ल्याएर बेच्नुपर्थ्यो, न विदेश नै जानु पर्थ्यो । बाध्यता छ अङ्कल, के गर्नु ? फेरि यो वैध अवैध पनि हामीजस्तालाई मात्रै हो, सबैलाई एउटै नियम लाग्ने भए पो ।' यसो भनिरहँदा उनको मुहार अँध्यारिएको थियो । म उनको मनोभाव बुझ्न सक्थेँ ,उनको अनुहारमा उनीभित्रको पीडा सहजै पढ्न सक्थें ।

उनको कुरामा सत्यता थियो । यो हरेक नेपालीले महसुस गरेको यथार्थ हो । स्वदेशमै रोजगारीको अवसर भए को नै पो विदेश जान्छ र ? सुरेन्द्रको भोगाइ र भनाईले मलाई धेरै कुरा सोच्न बाध्य गरायो ।

शिक्षाको बारे सोध्दा '१२ कक्षा पास गरेको छु' भन्थे उनी । उनी जुन समाज र सामाजिक परिवेशमा हुर्किए त्यसमा यो पढाइ कम होइन । केही समय लघुवित्तमा काम गरेको पनि सुनाए उनले ।

'त्यहाँ पनि एकातिर गरीबको शोषण अर्कोतिर त्यसबाट पनि आफ्नो परिवार धान्न सक्ने अवस्था देखिन, अनि जतिसुकै खर्च लागेपनि जान्छु भनेर यता लागेको हुँ ', उनले भने ।

मसँग सबै कुरा खोलिसकेकाले मलाई उनको पारिश्रमिक सोध्न गाह्रो भएन । मैले सोधेँ 'अनि कति हुन्छ भनेको छ त यहाँ तलब ?'

उनले उताको मुद्राको सटही दर हिसाब गर्दै भने - 'महिनाको नेपाली ४० हजार रूपियाँ जति हुन्छ होला ।'

उनको यस हिसाबले रौतहटबाट

काठमाडौँ आउजाउ देखि एजेण्ट-दलाललाई बुझाएको रकम समेत जोड्दा झण्डै दुई लाख रुपियाँ खर्च गरेर उनी वैदेशिक रोजगारीका लागि जाँदै रहेछन् । काममा लागेको पाँच महिना त उनलाई खर्च उठ्नै लाग्ने भयो, अझ ऋण लिएर गएको हकमा त्यसको ब्याज उठ्न अर्को एक महिना, गर्दा ६ महिनाको कमाइ त यसमै जाने देखियो । त्यसपछिको कमाइ चाहिँ उनको वास्तविक कमाइ हुनेछ ।

हामी उडिरहेको विमानमा हामी पर्यटकका रूपमा अजरबैजान जान लागेका झण्डै तीस जना बाहेक सबै नै वैदेशिक रोजगारीका लागि खाडी मुलुक हिँडेका युवायुवती थिए । ती सबैका अनुहारमा आशासँगै आशङ्का पनि झल्कन्थ्यो । कोही निर्धक्क र ढुक्क छन् जस्तो लाग्दैनथ्यो, उनीहरूमा एकप्रकारको अज्ञात भय छ भन्ने महसुस गरिरहेको थिएँ म ।

हामी उडिरहेको विमान कुवेती समय बिहान १०:४० बजे कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लियो । विमानबाट निस्केपछि सुरेन्द्र उनकै समूहमा मिसिए र बाटो लागे भने हामी हाम्रो समूहमा मिसिइ आफ्नो बाटो लाग्यौँ । हाम्रो सहयात्रा यहीँ टुङ्गियो ।

यात्रा करिब पाँच घण्टाको भएपनि यो सहयात्राले मनभित्र गहिरो र अमिट छाप छाड्यो । उनी छ आफ्नो बाटो लागे तर मेरो आँखाभरि उनको अनुहार नाचिरहेको थियो भने मनमा उनको भविष्यप्रतिको प्रश्न सलबलाइरह्यो ।

यो सुरेन्द्र दासको मात्र कुरा होइन, उनको मात्र भोगाइ र यथार्थ होइन यो वैदेशिक रोजगारीका लागि खाडी-मलेशिया जाने सम्पूर्ण नेपालीको भोगाइ हो । उनी ती सबैका प्रतिनिधि पात्र हुन् । नवविवाहित पत्नीलाई घरमै छाडेर विदेसिने पुरुषहरू, दुधेबालक छाडेर विदेशिने महिलाहरू, जीविकाको लागि विदेसिन बाध्य लाउँलाउँ खाउँखाउँको उमेरका युवा-युवतीहरूको भोगाइ हो यो । तर यसलाई व्यवस्थित गर्न, सहज, सुरक्षित र सम्मानित ढङ्गबाट रोजगारीमा जान पाउने व्यवस्था कहिले पो हुने होला यो देशमा ? अहिलेसम्मको परिदृश्यले आखिर युवा निर्यातबाटै अझै केही दशक यो देश चल्नेछ भन्ने कुरा घाम झैँ छर्लङ्ग नै छ ।

हामीसँग यति धेरै सम्भवना छन् कि विदेशीहरूलाई आकर्षित गर्न सकेमा पर्यटन क्षेत्रले नै हामीलाई धेरै अघि बढाउन सक्छ, हामीकहाँ उद्योग धन्दा कलकारखानाको स्थापना गर्न सकेमा यहीं नै रोजगारीका प्रशस्त अवसर उपलब्ध हुन्छ, जलविद्युतका क्षेत्रमा होस् वा कृषि कर्मप्रति आकर्षित गर्ने कुरा, त्यसतर्फ ध्यान दिन सकियो भने तिनमै अथाह सम्भावना छ ।

अवसर र सम्भावना नभएको होइन तर जसले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने हो त्यसले नै बेवास्ता गरेका कारण सुरेन्द्र दासहरू ठगीको चपेटामा पर्नु परिरहेको छ । आफैसँग भएको कस्तुरीको मेसो नपाएर सुवास खोज्दै अन्यत्र धाउनु परेको छ । थिति बसाल्न सके यहीँ सुन फल्थ्यो ।

के गर्नु, बेथितिले सुरेन्द्र दासहरूलाई विचौलिया र दलालका चङ्गुलमा फँस्न र विदेसिन बाध्य हुनु परेको छ, आफ्नो सक्रिय उमेर परिवार भन्दा टाढा रहनुपरेको तथा निष्क्रिय र अशक्त अर्थात् काम नलाग्ने भएपछि स्वदेश फर्कनुपर्ने बाध्यता परेको छ । कस्तो विडम्बना ? ◆◆◆

कविता

# व्यस्तताको मजा



✍ स.प्रा.गोबिन्द बहादुर कुँवर

सधैँ घडीसँग दौडिरहन्छु,
कामकै बाटोमा हराइरहन्छु ।
घरको आँगन टाढा जस्तै,
परिवारसँग भेट हुनै मुस्किल छ यस्तै ।
साथीभाइले बोलाउँछन् बेला-बेला,
"कहाँ हरायो?" भनी गर्छन् हेला ।
तर समयले साथ दिँदैन मलाई,
कामको भेलले बगाइरहन्छ जहिल्यै ।

बिहानदेखि साँझसम्म दौड मात्रै,
आराम भन्ने शब्द छैन कतै ।
मनोरञ्जन पनि सपना जस्तै,
हाँसो कहिलेकाहीँ आउँछ मात्रै ।
हाकिमको रिस छुट्टै कहानी,
गल्ती भयो भने बढ्छ हैरानी ।
काम बिग्रिने डरले सताउँछ राति,
मनमा बल्छन् अनेकन बाती ।

बिदा लिन पनि डर लाग्छ कहिलेकाहीँ,
आफ्नै जिम्मेवारी भारी लाग्छ त्यहीँ ।
एक दिन छुटेपछि काम थुप्रिन्छ फेरि,
आराम खोज्दा झन् बढ्छ ढेरी ।

तर पनि गुनासो छैन जीवनसँग,
रमाएको छु आफ्नै संघर्षसँग ।
यो व्यस्तता केवल बोझ होइन,
मेरो कर्तव्य हो, सपना पनि यही नै हो ।
थाकेको शरीर, तर मन उज्यालो,
भोलिको आशाले बनाउँछ बलियो ।
चिन्ता छैन, गुनासो छैन कतै,
व्यस्ततामै भेटेको छु आफ्नै खुसी यतै ।

# सडक सुरक्षा र जिम्मेवार यातायात व्यवसायः साझा चुनौती, राष्ट्रिय दायित्व



✍ **प्र.व.ना.नि.बिष्णु थापा**

नेपालको भौगोलिक बनावट, आर्थिक संरचना र सामाजिक जीवनको केन्द्रबिन्दु सडक यातायात नै हो । हिमाल, पहाड र तराईलाई जोड्ने सडक सञ्जालले केवल मानिस र वस्तुको आवागमन मात्र सहज बनाएको छैन, यसले राष्ट्रिय एकता, आर्थिक गतिविधि र विकासको गति समेत निर्धारण गरेको छ । तर दुर्भाग्यको कुरा, विकासको मेरुदण्ड बन्नुपर्ने यही सडक प्रणाली, आज हजारौँ नेपालीका लागि अकाल मृत्यु, पीडा र अपूरणीय क्षतिको कारण बन्दै गएको छ ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म सडक दुर्घटनामा २,२७२ जनाले ज्यान गुमाएका छन् भने ६,८४७ जना गम्भीर घाइते भएका छन् । दुर्घटनामा मृत्यु हुने र गम्भीर घाइते हुनेहरूमध्ये ठूलो हिस्सा १५ देखि ४० वर्ष उमेर समूहका युवा जनशक्ति हुनु झन् चिन्ताको विषय हो । एउटा दुर्घटनाले केवल एक व्यक्तिको जीवन मात्र समाप्त गर्दैन; यसले एउटा परिवारको आशा, समाजको उत्पादनशील जनशक्ति र राष्ट्रको विकास सम्भावनामाथि समेत गम्भीर क्षति पुऱ्याउँछ। त्यसैले सडक सुरक्षा अब केवल ट्राफिक व्यवस्थापनको विषय मात्र नभई राष्ट्रिय विकास, सार्वजनिक स्वास्थ्य र मानव सुरक्षासँग प्रत्यक्ष जोडिएको राष्ट्रिय प्राथमिकताको विषय बनेको छ।

सडक दुर्घटनाको प्रभाव मानवीय क्षतिमा मात्र सीमित रहँदैन । उपचार खर्च, उत्पादक श्रमशक्तिको ह्रास, दीर्घकालीन अपाङ्गता, पारिवारिक तनाव र सामाजिक-आर्थिक दायित्वका कारण यसले राष्ट्रिय अर्थतन्त्रमा समेत गम्भीर असर पुऱ्याउँछ । विश्व बैंकको अध्ययनअनुसार नेपालले सडक दुर्घटनाका कारण वार्षिक रूपमा कुल गार्हस्थ्य उत्पादन (GDP) को करिब ३ प्रतिशत बराबरको आर्थिक क्षति व्यहोर्दै आएको छ । यस अर्थमा सडक दुर्घटना केवल यातायात क्षेत्रको समस्या होइन, आर्थिक विकासको समेत चुनौती हो ।

विशेषगरी सार्वजनिक यातायातका

साधनहरू दुर्घटनामा पर्दा त्यसको क्षतिको आकार अझ भयावह हुन्छ । बस, ट्रक वा माइक्रोबस दुर्घटनामा एकैपटक दर्जनौँ यात्रुको ज्यान जान सक्छ वा धेरै यात्रु घाइते हुन सक्छन् । पछिल्ला वर्षहरूमा भएका ठूला बस दुर्घटनाहरूले सार्वजनिक यातायात व्यवस्थापनमा विद्यमान कमजोरीलाई स्पष्ट रूपमा उजागर गरेका छन् । यस्ता घटनाले एउटा स्पष्ट सन्देश दिन्छन् - यातायात व्यवसायको वास्तविक परीक्षा नाफा कमाउँदा होइन, यात्रुको जीवन सुरक्षित राख्दा हुन्छ ।

वास्तवमा यातायात व्यवसाय कुनै सामान्य व्यापार होइन । यो प्रत्यक्ष रूपमा मानवीय जीवनसँग जोडिएको सेवा क्षेत्र हो । यात्रुले आफ्नो जीवनको सुरक्षा चालक, सवारी साधन र व्यवसायीको जिम्मेवारीमा सुम्पेका हुन्छन् । त्यसैले यातायात व्यवसायको केन्द्रमा नाफा होइन, यात्रुको सुरक्षा हुनुपर्छ । व्यवसायिक सफलताको वास्तविक मापन सुरक्षित यात्राको सुनिश्चितताले मात्र हुन्छ ।

दुर्घटनाका अधिकांश कारण मानवीय त्रुटिसँग सम्बन्धित देखिन्छन् । अत्यधिक गति, लापरबाही, थकान, मादक पदार्थ सेवन, लागु पदार्थको प्रयोग तथा असुरक्षित ड्राइभिङ संस्कारले दुर्घटनाको जोखिम बढाउँछ । त्यसैले चालकको व्यवहार, स्वास्थ्य अवस्था र आचरण माथि नियमित निगरानी आवश्यक छ । चालकलाई केवल सवारी चलाउने कर्मचारीको रूपमा नभई यात्रुको जीवनको संरक्षकका रूपमा बुझ्न सक्नुपर्छ । मानसिक तनाव, पारिवारिक समस्या वा अस्वस्थ अवस्थाले चालकको निर्णय क्षमतामा प्रत्यक्ष वा परोक्ष प्रभाव पार्न सक्छ । त्यसैले व्यवसायीहरूले चालकको क्षमता परीक्षणसँगै मानसिक स्वास्थ्य र कार्य वातावरण प्रति पनि संवेदनशील हुनुपर्छ । आरामको पर्याप्त समय, नियमित स्वास्थ्य परीक्षण र मनोसामाजिक परामर्शलाई समेत यातायात व्यवस्थापनको अभिन्न अङ्ग बनाउन आवश्यक छ ।

यात्रुसँगको व्यवहार पनि सुरक्षित यातायात संस्कृतिको महत्वपूर्ण पक्ष हो । यात्रुले गाडीभित्र सुरक्षित, सम्मानित र विश्वस्त महसुस गर्नुपर्छ । यात्रुका गुनासा सुनुवाइ गर्ने प्रणाली, सेवा मूल्याङ्कन संयन्त्र तथा जवाफदेही व्यवस्थाको विकास आजको आवश्यकता हो । दुर्भाग्यवश, धेरै जसो अवस्थामा दुर्घटनापछि सम्बन्धित व्यवसायी वा समितिहरू जिम्मेवारीबाट पन्छिन खोजेको देखिन्छ । दुर्घटनाको समयमा सम्पर्क विहीन हुने वा उत्तर दायित्वबाट भाग्ने प्रवृत्तिले सार्वजनिक विश्वास कमजोर बनाउँछ । दुर्घटना भएमा उद्धार, उपचार र राहत व्यवस्थापनमा सक्रिय भूमिका खेल्नु नै व्यवसायिक

नैतिकताको आधारभूत मापदण्ड हुनुपर्छ ।

सडक सुरक्षाको अर्को महत्वपूर्ण पक्ष सवारी साधनको प्राविधिक अवस्था हो । नियमित मर्मत सम्भारको अभाव, पुराना सवारी साधनको प्रयोग, ब्रेक प्रणालीको कमजोरी, टायरको जीर्ण अवस्था तथा अन्य यान्त्रिक त्रुटिका कारण समेत दुर्घटना हुने गरेका छन् । विशेषगरी पहाडी तथा जोखिमयुक्त मार्गमा सञ्चालन हुने सवारी साधनहरूको प्राविधिक परीक्षण अझ कडा हुनुपर्छ । सवारीको नियमित स्वास्थ्य परीक्षण नगरी सडकमा सञ्चालन गर्नु भनेको यात्रुको जीवनलाई जोखिममा राख्नु सरह हो ।

यातायात व्यवस्थापक वा कम्पनीको भूमिका पनि पुनःपरिभाषित हुन आवश्यक छ । विगतमा रुट व्यवस्थापन र सञ्चालन अनुमति केन्द्रित रहेका समिति/कम्पनीहरू अब सुरक्षा, सेवा गुणस्तर र व्यवसायिक अनुशासनका केन्द्र बन्नुपर्छ । टाइम कार्डको प्रभावकारी कार्यान्वयन, चालकको नियमित तालिम, यात्रु गुनासो व्यवस्थापन, भाडादर पारदर्शिता, सवारी साधन भित्र सूचना प्रणाली र सरसफाइ व्यवस्थापन जस्ता विषयलाई संस्थागत प्राथमिकता दिनुपर्छ । नियम उल्लङ्घन गर्ने चालक वा कर्मचारीमाथि आवश्यक कारबाही गर्ने साहस समितिहरूले पनि देखाउनैपर्छ ।

यसका साथै, सडक सुरक्षामा राज्यको दायित्व पनि उत्तिकै महत्त्वपूर्ण छ । जर्जर सडक, खाल्डाखुल्डी, कमजोर संरचना, अपर्याप्त ट्राफिक संकेत चिन्ह र जोखिमयुक्त सडक डिजाइनले दुर्घटनाको सम्भावना बढाउँछन् । यातायात व्यवसायीहरू राज्यका प्रमुख करदाता भएकाले सरकारलाई सुरक्षित पूर्वाधार निर्माणप्रति थप जिम्मेवार बनाउन आवाज उठाउने अधिकार र दायित्व दुवै उनीहरूसँग छ । सुरक्षित सडक बिना सुरक्षित यातायात सम्भव हुँदैन ।

सडक सुरक्षामा यात्रुहरूको आफ्नै सजगता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । कोचाकोच गुडिरहेका गाडीमा जबरजस्ती कोचिएर यात्रा गर्ने, छतमा बस्ने, वा चालकले लापरबाही र तीव्र गतिमा सवारी चलाउँदा मौन बस्ने बानी यात्रुले त्याग्नुपर्छ । चालकले नियम मिचेमा तत्काल प्रतिवाद गर्ने वा प्रहरीको हटलाइन (१००/१०३) मा खबर गर्ने चेतना नागरिक स्तरमा विकास हुन जरुरी छ ।

वर्तमान डिजिटल युगमा प्रविधिको प्रभावकारी प्रयोग सडक सुरक्षा अभिवृद्धिको महत्त्वपूर्ण माध्यम बन्न सक्छ । सार्वजनिक सवारी साधनमा जीपीएस (GPS) ट्र्याकिङ, चालक निगरानी प्रणाली (Driver Monitoring System), ड्यास

क्यामेरा (Dash Camera), डिजिटल ट्याकोग्राफ (Digital Tachograph), गति नियन्त्रक उपकरण (Speed Governor) तथा सीसीटीभी निगरानी प्रणाली जडान गर्नु आजको आवश्यकता बनेको छ । यी प्रविधिले सवारीको गति, चालकको व्यवहार तथा सञ्चालनसम्बन्धी गतिविधिको डिजिटल अभिलेख राख्न मद्दत पुऱ्याउँछन्, जसले दुर्घटनाको जोखिम न्यूनीकरण गर्नुका साथै दुर्घटनापछिको अनुसन्धान र जवाफदेहिता सुनिश्चित गर्न पनि सहयोग पुऱ्याउँछ । विकसित मुलुकहरूले सफलतापूर्वक अपनाएका यस्ता प्रविधिमैत्री अभ्यासलाई नेपाली सन्दर्भ अनुकूल विस्तार गर्दै लैजानु समयको माग हो ।

सडक सुरक्षा कुनै एक निकायको एकल जिम्मेवारी होइन । यसका लागि सरकार, नेपाल प्रहरी, यातायात व्यवसायी, चालक, परिचालक र यात्रु सबैको साझा प्रतिबद्धता आवश्यक हुन्छ । दुर्घटना हुन एउटा गल्ती नै पर्याप्त हुन्छ, तर त्यसलाई रोक्न सबैको जिम्मेवार भूमिका अपरिहार्य हुन्छ । यही कारणले सडक सुरक्षा एक साझा चुनौती मात्र होइन, राष्ट्रिय दायित्व पनि हो ।

जीवनभन्दा मूल्यवान् सम्पत्ति संसारमा अर्को छैन । त्यसैले सडकमा गुड्ने प्रत्येक पाङ्ग्राले विकासको गति त बढाओस्, तर कुनै परिवारको जीवनयात्रा कहिल्यै नरोकोस् । सुरक्षित सडक र सुरक्षित यात्रा केवल नारा होइन; यो राज्य, यातायात व्यवसायी, चालक, यात्रु र प्रत्येक नागरिकको साझा दायित्व र अटल प्रतिबद्धता हो । यातायात व्यवसायको सफलता केवल आम्दानी, यात्रुको संख्या वा नाफाले मापन हुँदैन । यसको वास्तविक सफलता तब प्रमाणित हुन्छ, जब यात्रुको जीवन सर्वोच्च प्राथमिकता बन्छ, सुरक्षाको संस्कृतिले संस्थागत रूप लिन्छ र व्यावसायिक निर्णयको केन्द्रमा मानवीय संवेदना रहन्छ । सडकमा गुड्ने प्रत्येक सवारीले केवल यात्रु बोकेको हुँदैन; त्यसले असंख्य सपना, परिवारको भरोसा र राष्ट्रको भविष्य बोकेको हुन्छ ।

त्यसैले सुरक्षित यात्रा संयोगले होइन, जिम्मेवार निर्णय, व्यावसायिक अनुशासन, प्रभावकारी नियमन र सबै सरोकारवालाको साझा प्रतिबद्धताबाट सुनिश्चित हुन्छ । जब सुरक्षालाई व्यवहार र संस्कृतिको अभिन्न हिस्सा बनाउन सकिन्छ, तब मात्र हाम्रा सडकहरू दुर्घटनाका थलो होइन, सुरक्षित यात्रा, विश्वास, विकास र समृद्धितर्फ डोऱ्याउने जीवनमार्ग बन्नेछन् । किनकि प्रत्येक सुरक्षित यात्राले एउटा परिवारको भविष्य जोगाउँछ र प्रत्येक जोगिएको जीवनले राष्ट्रको समृद्धिको जग बलियो बनाउँछ । ◆◆◆

कथा

# पैताला



✍ बिन्दु अधिकारी ढकाल

आफ्नो ललाटमा लेखिएको टर्दैन । श्रीस्वस्थानी व्रत कथाभित्र सात वर्षकी गोमाको विहे ७० वर्षको वृद्ध पुरुषसँग भएको वृतान्त छ । म सानो छँदा बुबाले स्वस्थानी छिचोल्न सुरु गर्दा मेरो कलिलो मगज दुख्थ्यो । त्यो अध्यायले खिन्न हुन्थ्यो, रोप्थ्यो । त्यो चाहिँ भाग किन आउछ, नआवोस् । जादुले जसरी ती अक्षर बदलिए कति राम्रो हुन्थ्यो भनेर म मनमनै कल्पना र प्राथना गर्थें ।

मलाई छियाछिया बनाउने स्वस्थानी कथाबारे बुवासँग प्रश्नोत्तर गर्न सक्दिनँ थिएँ । आमासँग पनि कुरो गरिनँ । स्कुलमा भने छलफल हुन्थ्यो, गोमालाई सम्झेर । उसको बिछट्टै माया लाग्छ, म भन्थें । उसका आमाबुवा कति नबुझ्ने रहेछन् भन्ने पनि हुन्थ्यो । घरमा हजुरआमा, हजुरबा, काकाकाकी र फुपू कोही रहेनछन् ? थिए भने आड भरोसा हुन्थ्यो कि ? गोमाको लागि थुप्रै तर्कना गरेर छटपटिन्थें ।

"बुबा, मैले आफैँलाई सम्हालेँ र सम्झाएँ पनि । म एक्लै रोएँ, एक्लै हाँसेँ तर मन कमजोर पारिनँ । धाँजो जमिनजस्तो त्यो घरको व्यवहारलाई मैले पैतालामुनी हालेँ । एक पटक जे भयो, सकियो । मैले खान नपाएको अर्थात् मलाई खाना नदिएको त्यो रात म मरिनँ । बाहिर खाटमा लामखुट्टेको बिगबिगी हुनाले शरीरको खुन रित्याउलान् भन्ने चिन्ता थियो तर म बिहान जागेँ । सियोको सारथी धागो सिलाइबुनाइ जान्नु हो भने कति डिजाइनदार कपडा बन्छन् । सकारात्मक यही भाव म बिहान आफ्नै डेरा फर्के । त्यस उप्रान्त पनि ओहोर दोहोरमै थिएँ !" अतितको पानाबाट मैले भनेँ ।

"अरु त अरु दसैँको टीका थाप्न आफ्नो घर आएकी चेलीलाई त्यस प्रकारको व्यवहार असह्य हैन त ? कुरो सुन्दा मलाई पनि ज्यादै नरमाइलो लागेको हो । छोरी, मेरो मनभित्र घाउको कुनिउँ उभिएको छ । हुन त मलाई त्यो भाइ अझै बच्चाजस्तो लाग्छ । यसकारण रिस बोकेर पनि भएन तर बुहारीको आनीबानीसँग म नजिक थिइनँ । तिमी नै नजिक थियौ । राम्रो कुरो गर्थ्यौ तर एकाएक केके सुन्नु परो । तिम्री आमा र मैले तिमेरलाई बढाउन र ठाउँमा राखेर पढाउन कति दुःखभुक्त खट्यौं ? त्यसै खिएका छैनन्, यी पैताला ।"

पढन्ते मेरो लागि त्यो समय बुबाआमाको सङ्घर्ष बयान गरी साध्य थिएन। खान लगाउन कोहीभन्दा कम भएर हिँड्नु परेन तर हेपाइको शिकार जीवन रहेसम्म निको नहुने घाउ भयो। यद्यपि जब म उभिन सक्षम हुन्छु, सियो मानसिकताको आँखा अगाडि वर्तुन थपिएको दियोजस्तै झलल हुन मैले पढाइ पूरा गर्नु थियो।

"बुबा, त्यो अपमानको पराकाष्ठ बयान गर्न थाले दिन जान्छ । तपाईँको स्वास्थ्य के होला ? अर्को, दाजुभाइबीचको सम्बन्ध पानी बाराबार नहोला भन्न सक्दिनँ। यसकारण जो भोग्नु थियो, मैले भोगेँ। जो खप्नु र सहनु थियो, मैले खपेँ र मैले नै सहेँ। कुरो नकोट्याउँदै ठिक हैन र ?" आँसुको बाँध लुकाएर मैले प्रश्न गरेकी थिएँ।

"हैन छोरी, खुद काकीले क्षमा मागिन्। परिवारभित्रको कुरो बाहिर नजाओस् भनिन्। तिमीसँग नजिक हुन उसलाई अखण्ड रहर छ, यसकारण एकपल्टलाई छोटो बुद्धि नगर्ने हो कि ? फोन गर, समय मिलाऊ र भेट ।" विनम्र स्वरमा बुबाले मलाई सम्झाउने प्रयास गर्नुभयो । म मौन रहेँ । मेरो त्यो मौनताको साक्षी आमा हुनुहुन्थ्यो। म आमाको नजिक सरेँ।

"हामीले खाइनखाइ छोराछोरीको लागि दुःख गर्‍यौँ । गाउँको बास त्यो खेतबारीसँग कति जुध्यौँ। पानीको अभाव काकाकुल ठाउँमा घाँटी भिजाउन कत्रो सकस हुन्थ्यो तै पनि पछि हटेनौँ । मेरो ख्यालमा सहरिया त्यो घरको वातावरण सुनामी चाल लाग्यो ! मान्छेको चित्र चरित्रलाई जति बिर्सन खोज्छु, झन् नजिक अझै वर मैले नै खपे जसरी याद आउछ। अझ उनीहरूकै पासमा छोरी छोडेका भए कुन हालत हुने रहेछ ? एक दिन एक छिन्, साँझको पाहुना हाम्री छोरी तिनीहरूको आँगनमा नअटेकी...!" घुमाउरो पारा आमा तात्नु भयो। बुवा र मैले चुपचाप सुन्यौँ।

"त्यो दिन घनघोर वर्षा भएको थियो । आकाशको रुवाइले गर्मी त पखाल्यो तर थाले मधेसमा डुबान सुरु भयो । घरबेटी आमालाई छोरीले सुरक्षित स्थानतिर लगिन् । कोठाभाडा बस्ने अरु पनि साइड लागेँ । तिनीहरू कहाँ गए, कसकोमा शरण पाए ? मलाई पत्तो भएन । आफूलाई कसरी सुरक्षित राख्नु ? मैले केही सोच्न सकिरहेकी थिइनँ !"

मेरा केही साथीहरू म जसरी नै डेरा बसेर पढ्थे । कोही झुम्का, विराटचोक र खोर्सानेबाट धाउथे । तेस्रो दर्जाका साथी रैथाने अर्थात् स्कुल-कलेज त्यहीँ बानी परे। बाहिर विशेषतः पहाडबाट आएकासँग संगत गरियो भने आधामासु घट्छ झैँ गर्थे। यद्यपि जोजस्ता हुन्, एउटै कक्षा पढ्ने आखिर साथी त साथी नै हुन्। मेरो डेरा नजिक माध्यामिक कक्षा पढ्नेहरू थिए। तिनीहरूको संगत कलेज पढ्ने (म)

सँग नजिक हुन रुचाउँथे । हजुरआमाका छिमेकी पनि हुन्, ती बहिनीहरू। निकै सरल स्वभावका थिए । हामी साँझमा हिँड्थ्यौँ, घाम डुब्न लाग्दाको त्यो क्षितिजलाई हेरेर र अनेक कल्पना गर्थ्यौं । बिहानको बच्चा घाम बुढो मानिस मरे जसरी अस्ताउन लाग्यो, यस्तै-यस्तै कुरो गर्थ्यौं ।

त्यो दिन पानीको सतह आँगनमा आइपुग्यो । मलाई डर कहाँ जानु र बाँच्नु जत्तिकै भएँ । अर्को मनले ठाउँ खोज्यो र भेटायो- काकाको घर ! यस्तै बेलामा चाहिन्छ, आफन्तको भर ! त्यो त हो तर मेरो परीक्षा नजिक आइसकेको हुनाले कलेज छुट्ने हो कि ? शिर-पैताला डर भरियो । पुनः सोचेँ काकी सुत्केरी हुनुहुन्छ, नयाँ बैनी देखेकै छैन । यही बहाना त्यता जाऊ ? हैन, म गएर कुनै अप्ठ्यारो होला कि ?

"ओहो, वर्षात् कम भो तर रातिको मौसम कस्तो हुन्छ ? यो घरमा म एक्लै कसरी बस्नु ? घरबेटी आमा र अरु कोठा बस्नेहरू पनि छैनन् । सबै कतै सुरक्षित भइसके । हुनसक्छ, यही मौका म पनि किन भेटघाट नगरौँ ? यो सुन्दर संसारमा आएकी सानी बैनीलाई किन नबोकौँ ? मनमनै गदगद टुहुरोजस्ती म काकाको घरतर्फ हिँडेँ ।"

मेरो नाकमा मगमग बासना चल्यो । सायद, झरी मनाउन मासुभात पाक्दै थियो । हुन त सुत्केरी घरमा नमिठो पनि मिठो हुन्छ । बिहे गरेको दशकपछि त्यस घरमा नयाँ सदस्यको आगमन जो भएको थियो । म जति नजिक पुग्छु, मिठासको गति झन्झन् तेज भयो । 'सुत्केरीको निहुँ गरी टाउको मैले खाएँ' यो गीत पनि गुनगुनाउदै मेरा पैताला गन्तव्य पुगेँ । "मैले काकाको घरको मूलढोका ढकढक गरेँ । भित्र झ्यालबाट पुलुक्क हेरी एकताले र ढोका खोलिदिएर दौडिदै भित्र पसी ।" मैले आमाबुबालाई यति भनेँ ।

"छोरी, बोलिन ऊ ? त्यो एकता भन्ने ।" बुबाले सोध्नु भयो । "काकीकी बैनी नातामा म सानी हुँ । मैले नमस्कार गरेँ तर उसले फर्काइन ।" यति भनेर मैले लामो सास फेरेँ । बुबाका हात मुड्की बाँधिएको देखेँ । "हात्ती छिरो पुच्छर अड्कियो किन गर्नु ? घरभित्रको वातावरण मलाई झैँ बुबालाई पनि बताऊ ।" आमाले कौतुहल जन्माउनु भयो ।

मेरी बैनी जसको न्वारनै भएको थिएन, ऊ जोड-जोडले रोइरहेकी थिई । काकाले छोरी फकाउन हार मान्नुभएको कुरो उहाँको अनुहारमा पढेँ । काकी वाथरुममा ऐयाआथा आवाजले घर हल्लिएको थियो । प्रसवपीडाको घाउ सन्च भइनसकेको कुरो खोतल्नै परेन । मैले हातखुट्टा धोएर बैनीलाई बोकेकी थिएँ, ऊ लुटुक्क मेरो काखमा सुती । उसलाई काखेबानी नलगाउन मैले विस्तारै ओछ्यानमा सुताएँ ।

"काका ! काका ! मैले बाहिर

बाट धेरै बोलाएँ तर भित्रको चानोमानो हरायो । चर्को बोलौँ बैनी उठ्ली र रोली भन्ने पीर ! घरभन्दा पर खेतमा भ्यागुत्ताको ट्वार, ट्वार आवाज जुनेली रातलाई बादलले छोपेको थियो । पहिला मैले बोलाएँ, धेरै पटक अनुनय गरेँ तर पछि चिन्ता भयो, मलाई थाहा पाउलान् कि ? भनेर । वास्तवमा त्यो दिन मैले एक गिलास पानी पिएकी थिइनँ । हो, झरी आतङ्क साक्षी थियो । अन्ततः मेरो बुझाइ गलत सावित भो- काकाको घर आफ्नै घर !"

बिहान ६ बजेदेखि क्लास हुन्थ्यो। त्यो सकेर कोठामा पुगेर खाना पकाएर खान १२ बज्थ्यो । अनि, जुठाभाँडा मस्काएर नोट लेख्न सुरु गर्थें । यदि त्यो काम छुट्यो भने जोड्न मुस्किल पर्थ्यो । ढिलो खाना खाएपछि खाजा खान मन हुन्नथ्यो । चिया पिउ गर्मीमा तातो ! बरु साँझ नपर्दै खाना पकायो, खायो र समयमा सुत्यो । फेरि, बिहान उसरी नै पैताला अघि बढ्थे ।

"बैनी सुतेपछि म ब्रस किन्न गएकी थिएँ । दुई मिनेट अन्तरमा ढोका बन्द भयो । हे भगवान् ! अब यो बाहिर कसरी रात काट्नु ? पेटमा मुसाको दौड थियो । म छटपटीमा परेँ । मैले पैताला ख्याउँदै आएर/धाएर सुत्केरी स्यार्न सघाइन भनेर हो ? आखिर किन ? अघि काकाले मेरो नमस्कार पनि फर्काउनु भएन ? मान्छे मरेको घरमा पो नमस्कार चल्दैन भन्थे तर बढेको त उत्सव हैन र ? बैनीको हातमा पाँच सयको नोट थमाएर मैले मुख हेरेँ । त्यो दृश्य बच्चाकी आमाको आँखामा कैद भइसकेको थियो ।"

सायद, मै गलत थिएँ, अचानक ढोका ढकढक्याउन पुगेँ । त्यो पनि मासुभात खाने समयमा । धिक्कार होस्, मधेस बासीलाई बोझ बनाउने अधिकार गाउँकी पाखे मलाई कसले दियो ! त्यो भारी वर्षात्ले कि त्यो डुबानले ? यद्यपि जसरी सियोलाई धागो चाहिन्छ, धागोलाई पनि सियो चाहिन्छ । यही बुझेर समयसँगै सबै कुरो पैताला मुनी हालिसकेकी थिएँ । भनौँ, पानी परेपछिको आकाश खुलेझैँ मैले मनलाई आफ्नै पारा सङ्ल्याइसकेकी थिएँ ।

"जब घरमा छोरीज्वाई पुग्यौ । उता, तिमीहरू बाटो नलाग्दै मैले फोन गरेँ र 'भाइ, घरमा पाहुना आउँदैछन्, कता छौ ? कि फुर्सद छैन ?' सोधेँ । उसैले 'छोरीज्वाई खाना खानेगरि आउन्' भनेको हुनाले बाटो लागेका थियौ, हैन त ? हेर त मानको अपमान ! एकता, उही साली हैन ? दिदी चै सुत्केरी हुँदाकी भान्से, भण्डारे ! त्यो र त्यसका परिवारलाई चौरासी व्यञ्जनले सत्कार गर्दा ज्वाई सहित पुगेकी चेलीलाई भने स्टीलका पाप्रामा हड्डी भात खुवाउनु । त्यो पनि उही डायनिङमा बसाएर कुन तरिका हो ? छोरी फुलमाया, म त छाड्गाबाट खसेँ ! हाम्री छोरीलाई हेप्नु भनेको मलाई हेप्नु, जिउँदै

मेरो शिर छेदन गर्नु हो ! छोरी, दुःख पऱ्यो भने बरु पैताला खियाएर भिख माग्नु तर उप्रान्त तिनीहरूका ढोकामा नचिहाउनु !" यति भनेर बुवा स्तब्ध हुनु भयो ।

"बुबा, मेरो त्यो बालापनमा म श्रीस्वस्थानीकी गोमाका परिवार खोज्थेँ तर सबै भ्रम रहेछ। अरुको लाख आमाको काख ! बाँकी सबै मिथ्या रहेछ । एउटा सकारात्मक पक्ष म भोकै सुतेको त्यो रातले यी पाखुरामा बल भरियो । मनमा आँटको मूल उम्रियो र तनको ध्येय चन्द्र छुनु रह्यो ! आपत् विपत्मा एक्लै लड्न भिड्न त्यो भोको रातले नै सघाएको छ, मलाई । मेरो मनको फाट झन् फराक र हरियाली हुनमा त्यो रातको ठुलो हात छ । मलाई त्यही रातले विपनामा सपनालाई साकार बनाउन प्रेरणा दियो ! यदि चोटको खाडल खिल बनेको थिएन भने म सङ्घारभित्रै थन्किन बेर थिएन। मेरो नाम र कामको सुवास...!"

बुबालाई गाह्रो हुन्छ, मैले भनेकै थिएँ । फोहोरको खाडलतिर नलागौँ भनेर तर मान्नु भएन । आमाको पालो बुवाका पैतालामा भिक्स घसेर मालिस थाल्नु भयो। म भान्साकोठाभित्र तातोपानी तताउन गएँ। "छोरी फुलमाया, झट्ट बाहिर आइज । बुबालाई अस्पताल लैजानु पऱ्यो, म कागजपत्रको झोला तयार गर्दैछु बरु भाइ बैनीलाई फोन...! बुबा ! ए, बुवा ! अहिलेको अहिल्यै तपाईँलाई के भयो ? हत्केलाको फेद थाके जस्तो छ, यी पैताला नै चिसा भए !" त्यहाँ छिनकोछिन रुवाबासी चल्यो ! ♦

कविता

## परिवेश सम्झन्छु



✍ **लक्ष्मी पोखरेल**

आज म आफ्नै ठाउँ सम्झन्छु,
मनको गहिराइमा मेरो प्यारो गाउँ सम्झन्छु।
बाल्यकालका ती मिठा दिनहरू,
साथीसङ्गीका हाँसो सम्झन्छु।

आँगन र डगरमा धुलोसँग खेलिएका खेल
पोखरीको शीतल जल सम्झन्छु।
पिपल चौतारीमा बसेर गाएका गीतसङ्गै
आत्मियताको सुगन्धित पल सम्झन्छु।

आमाको माया बाबुको प्रेरणा
दशैं तिहारको उत्साह सम्झन्छु।
सुख-दुःखमा एकै साथ उभिने,
त्यो गाउँको अपनत्व चाह सम्झन्छु।

झरिमा हरियो बनेका खेतबारी,
हिउँदको पारिलो घाम सम्झन्छु।
चाडपर्वमा रामलीला हेर्दै रमाएको अनि
मादलको मधुर ताल सम्झन्छु।

सोचमग्न त्यो मेरो बाल्यकाल सम्झन्छु
साथीसङ्गी र विद्यालयको आँगन सम्झन्छु
आफन्त बिच रमाएको परिवेश,
आफू जन्मे हुर्केको त्यो ठाउँ सम्झन्छु।

# नेपालमा सार्वजनिक सेवा प्रवाहको महत्त्व-समस्या समाधानका उपायहरु



✍ **गम्भीर बहादुर हाडा**

सार्वजनिक सेवा राज्यको दायित्व, आधारभूत कार्य र नागरिकको अधिकारको रुपमा रहेको पाइन्छ। जनतालाई प्रभावकारी सेवा प्रवाह गर्नु नै सरकारको कार्य हो । सार्वजनिक सेवा नागरिक र सरकार जोड्ने एउटा पुल वा माध्यम हो । सरकार वा सरकार मातहतका निकायबाट प्रदान गरिने वा उपलब्ध गराइने शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी, शान्ति सुरक्षा, सञ्चार, यातायात, रोजगारीहरू नै सार्वजनिक सेवा हुन् । सरकार, सार्वजनिक निकाय वा पदाधिकारीद्वारा व्यक्ति तथा नागरिकको आधारभूत, आकस्मिक र विकासात्मक आवश्यकतालाई परिपूर्ति गर्न उत्पादन, प्रवाह र वितरण गर्ने सेवालाई बुझिन्छ। यसमा तीन पक्ष रहेका हुन्छन् । जस्तैः सार्वजनिक सेवा अन्तर्गत (क) नीति निर्माता (ख) सेवा प्रदायक (ग) नागरिक तथा सेवाग्राही र ग्राहक । यो सबैको सरोकार, हित र भलाईसँग सम्बन्धित छ। सरकारले आफैं, नीजि क्षेत्र वा समुदायबाट समेत प्रदान गर्न सक्छ। यो सशुल्क वा निःशुल्क पनि हुन सक्छ। यद्यपि जनताले शुल्क तिर्न नसके पनि कतिपय सेवाहरूबाट जनतालाई वञ्चित गराउन सक्दैन । सन् १९८० को दशकपूर्व सार्वजनिक सेवाको परम्परागत मान्यता प्रचलित थियो । सन् १९८० को दशक पश्चात् आधुनिक सार्वजनिक सेवाको मान्यता विकास भयो। सन् १९९१ मा बेलायतका प्रधानमन्त्री John Major ले नागरिक बडापत्रको प्रारम्भ गरी नागरिकमुखी सेवाको मान्यता अगाडि बढाएको पाइन्छ।

राज्य र सरकारले आफ्ना नागरिकहरूलाई निःशुल्क, सशुल्क वा अन्य कुनै प्रकारले उपलब्ध गराउने सेवा सुविधालाई सार्वजनिक सेवा भनिन्छ । जनतालाई अधिकतम सेवा दिनु आधुनिक राज्य व्यवस्थाको प्रमुख उद्देश्य हो । राज्यद्वारा प्रवाहित सेवा नागरिकको रोजाइ, आवश्यकता, प्राथमिकता र राज्यको क्षमतामा भर पर्दछ। सेवा प्रवाहको पद्धति, देशको भौगोलिक स्थिति, आर्थिक, सामाजिक र राजनैतिक परिवेशबाट निर्देशित हुन्छ। यस्तो

सेवाको दायरा व्यापक हुनुका साथै प्रत्यक्ष वा अप्रत्यक्ष प्रकारको हुन्छ । नागरिकले सुपथ, सुलभ र समय सापेक्ष यथेष्ठ सेवा पाउनु नै सार्वजनिक सेवा प्रवाहको मुख्य उद्देश्य हुन्छ । सरकारले विभिन्न तवरले सार्वजनिक सेवाको व्यवस्थापन गर्न सक्दछ।

सार्वजनिकः सबैको सरोकार भएको, सबैका लागि उपयोगी/आवश्यक, सबैका लागि हित हुने, सबै जनतासँग सम्बन्धित छ । सेवाः सर्वसाधारणको हित हुने काम, सरकारी वा गैरसरकारी तहबाट गरिने गतिविधि, सार्वजनिक सुविधा उपलब्ध गराउने काम, नाफाको उद्देश्य नराखिएको निःस्वार्थ सेवा। प्रवाहः बहने काम वा प्रक्रिया, गति वा चाल, अटुट क्रम, निरन्तरता, नैरन्तर्यता तथा नियमितता। सारांशमा यसको अर्थ के हो भने सार्वजनिक सेवा प्रवाह भनेको आम नागरिकको हितका लागि सरकार तथा तिनका निकायबाट निरन्तर रुपले प्रदत्त सेवा, सुविधा तथा गतिविधिहरूको समष्टि हो।

सार्वजनिक सेवा अन्तर्गत मुख्यतया निम्न सेवाहरू पर्दछन्- आधारभूत सेवाहरू, क्षमता विकाससम्बन्धी सेवाहरू, कल्याणकारी सेवाहरू, पूर्वाधार विकास सम्बन्धी सेवाहरू, पेसा र व्यवसायसम्बन्धी सेवाहरू, सामाजिक न्याय, सुरक्षा र कल्याणसम्बन्धी सेवाहरू, मनोरञ्जनसम्बन्धी सेवाहरू आदि।

सार्वजनिक सेवा प्रवाहभित्र, सेवाको पद्धति, लक्षित सेवाग्राही, सेवा प्रदान गर्ने निकाय, सेवा प्राप्त गर्ने स्थान, लागत मूल्य, सेवा प्रक्रिया वा तरिका अवलम्बन गरिएको हुन्छ।

सार्वजनिक सेवा वितरणका उद्देश्यहरूमा राज्यको तर्फबाट जनताको संरक्षण गर्ने, नागरिक माग र राज्यको दायित्व पूरा गरी सुशासनको प्रत्याभूति दिने, सेवा प्रवाहको सहजतालाई सुनिश्चितता गर्ने, पूर्वनिर्धारित समयमा पारदर्शी, गुणस्तरीय सेवा दिई जनविश्वास अभिवृद्धि गर्ने र सेवा सुविधाको समन्यायिक वितरण व्यवस्थित गर्ने।

जनता नै शासन व्यवस्थाको आधार र हिमायती भएकोले जनताको हकहित र संरक्षण अभिवृद्धि गरी आर्थिक एवम् सामाजिक जीवनस्तर उच्च बनाउन, सरकारी सेवालाई प्रभावकारी बनाउन सेवा प्रदायकको निम्नलिखित भूमिका हुन आवश्यक छ। सेवाग्राहीको आवश्यकताको पहिचान गर्ने, सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने, सेवा प्रवाहमा पारदर्शिता र निष्पक्षता कायम गर्नु, स्रोत साधनको प्रभावकारी परिचालन गर्नु। नागरिक बडापत्र, ऐन नियमको परिपालना गर्ने, गुनासो सुनुवाई, हेल्पडेस्कको व्यवस्था, क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको व्यवस्था लगायत, नागरिक

बडापत्रको परिपालना गर्ने, राज्यका नीति तथा प्रक्रियाको बारेमा जानकारी हासिल गर्ने, तोकिएका कागजातहरू पेस गर्ने, आफ्ना अधिकार र सीमाको जानकारी हासिल गर्नु । शान्त र सालीन व्यवहार प्रदर्शन गर्ने, राजनैतिक तथा अवाञ्छनीय प्रभाव पार्न नखोज्ने, निर्दिष्ट तोकिएका प्रक्रिया तथा नियमहरूको अवलम्बन गर्ने, सेवा प्राप्त हुन नसकेमा वा केही गुनासो भएमा तोकिएको पदाधिकारी वा निकायमा उजूरी गर्ने, निर्धारित समयको पालना गर्ने र तोकिएको समयमा उपस्थित हुने आदि ।

**सार्वजनिक सेवा प्रवाह गर्ने माध्यमहरूः** सरकारले आफ्ना नागरिकहरूलाई विभिन्न माध्यम तथा उपायहरूबाट सेवा प्रदान गर्ने गर्दछ । १. सरकारी माध्यम वा निकाय २. निजी माध्यम ३. गैरसरकारी माध्यम वा निकाय ४. नागरिक समाज ५. सरकारी निजी साझेदारी माध्यम ६. अन्यः संसद्, सरकार, प्रशासन, नागरिक समाज, सामाजिक संघसंस्था, दातृराष्ट्र, कर्मचारी आदि ।

आर्थिक सर्वेक्षण २०८२/८३ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा सुशासन र प्रशासन विकासको कार्यमा राज्यले सुशासन र प्रभावकारी सेवा प्रवाहलाई प्रमुख मार्गदर्शक नीतिको रुपमा आत्मसात गरेको छ । पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्न डिजिटल प्रविधिमार्फत् सार्वजनिक सेवा प्रवाह गर्ने कार्यले तीव्रता पाएको छ । राष्ट्रिय परिचयपत्रको साथै एकीकृत डाटाबेस निर्माणमार्फत् राष्ट्रिय अभिलेख व्यवस्थापनलाई सुदृढ गरी राष्ट्रिय एकता, राष्ट्रिय सुरक्षा, सार्वजनिक नीति र सेवा प्रवाह कार्यान्वयन हुँदै आएका छन् । नेपाललाई वित्तीय कारबाही कार्यदल (FATF) ले २०८१ फागुनदेखि नेपाललाई Jurisdictions under Increased Monitoring मा राखे पश्चात मुलुकलाई ग्रे-लिष्टबाट बाहिर ल्याउन ग्रे-लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ तथा प्राथमिक कार्यको तालिका स्वीकृत भई कार्यान्वयनमा आएको छ ।

विगत तीन आर्थिक वर्षको तुलनात्मक अध्ययन गर्दा स्थानीय तह (सङ्घीय मामिला) सम्बन्धी उजुरी कुल उजुरीको एक तिहाईभन्दा बढी रहेको छ भने प्रत्येक आर्थिक वर्षमा सबैभन्दा बढी उजुरीसमेत यही तहसँग सम्बन्धित रहेका छन् । आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय मन्त्रालय तथा निकाय, प्रदेश मन्त्रालय तथा निकाय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको समेत गरी रु.९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न भएकोमा यसबाट रु.९१ अर्ब ५९ करोड ७९ लाख बेरुजु कायम भएको छ । आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय

सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको समेत गरी रु.९४ खर्ब ८४ अर्व ५१ करोडको लेखापरीक्षण सम्पन्न भएकोमा यसबाट रु.८८ अर्व ९ करोड ११ लाख बेरुजु कायम भएको छ। सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्था समेत गरी २०८२ असारसम्म लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रु.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख पुगेको छ।

नेपालले मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिबाट सिर्जित दायित्वलाई संविधान, नीति, कानुन तथा कार्यक्रममार्फत् आन्तरिकीकरण गर्दै आएको छ। सोही क्रममा विषयगत समितिमा प्रतिवेदन पेस गर्ने तथा अन्तर्राष्ट्रिय मञ्चमा सक्रिय सहभागिता जनाउने कार्य हुँदै आएको छ। अध्ययनबाट प्रायः आवधिक प्रतिवेदन नियमित रूपमा पेस भए पनि केही प्रतिवेदन लामो समयदेखि पेस हुन बाँकी रहेको छन्। प्रतिवेदन तयारीमा सरकार परिवर्तन, संस्थागत निरन्तरताको कमी, अन्तरनिकाय समन्वयको कमजोरी, तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण प्रणालीको कमजोरी मुख्य चुनौतीका रूपमा देखिएका छन्। अध्ययनले प्रतिवेदन तयारीलाई समयबद्ध, एकरूप र प्रभावकारी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा सम्बन्धित मन्त्रालयको सहभागितामा स्थायी प्रकृतिको समन्वय संयन्त्र गठन गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

सन्धि प्रतिवेदन सूचक (Treaty Reporting Indicator) तयार गरी प्रतिवेदनमा प्रयोग हुने तथ्याङ्क, भाषा र विषयवस्तुमा एकरूपता कायम गर्नुपर्ने, सूचना प्रविधिमा आधारित अभिलेख प्रणाली विकास गर्नुपर्ने, प्रतिवेदन तयारीमा संलग्न जनशक्तिको क्षमता विकास गर्नुपर्ने तथा समितिबाट प्राप्त सिफारिसको कार्यान्वयनलाई प्राथमिकतामा राख्नुपर्ने निष्कर्ष यस अध्ययन प्रतिवेदनको रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारका विभिन्न निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई निजामती सेवा अन्तर्गतका विभिन्न सेवा, समूह र श्रेणीतर्फ ५० हजार ७ सय ६८ दरबन्दी कायम भएको छ। यस्तो दरबन्दी सङ्ख्या २०८२ असारमा ५१ हजार ४ सय ५ रहेको थियो।

सरकारी सेवामा महिला कर्मचारीको सङ्ख्या वृद्धि हुँदै गएको छ। २०६५ असारसम्म निजामती सेवामा महिलाको सङ्ख्या १२.० प्रतिशत रहेकोमा २०८२ फागुनसम्म निजामती किताबखानामा दर्ता

भएका तीन तहका सरकारी निकायमा कार्यरत महिला कर्मचारीको सङ्ख्या ३०.० प्रतिशत पुगेको छ। नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीमध्ये ५४.७ प्रतिशत महिला र ४५.३ पुरुष कर्मचारी रहेका छन् । संवैधानिक पदाधिकारीतर्फ महिलाको सहभागिता १०.४ प्रतिशत रहेको छ। २०८२ फागुनसम्म निजामती किताबखानामा दर्ता भएका कर्मचारीमध्ये संघमा कार्यरत कर्मचारी ४६.८ प्रतिशत, प्रदेशमा कार्यरत १६.२ प्रतिशत र स्थानीय तहमा कार्यरत ३७.० प्रतिशत कर्मचारी रहेका छन्।

आर्थिक वर्ष २०८१/८२ मा ८ जिल्लाका २१ सङ्घीय कार्यालयको सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न भएको थियो । चालु आर्थिक वर्षको फागुनसम्म १५ सरकारी कार्यालयको सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न भएको छ। आर्थिक वर्ष २०८१/८२ मा लोकसेवा आयोगबाट कुल सिफारिस सङ्ख्या २ हजार ५ सय ९२ मध्ये सम्बन्धित समावेशी समूहका विज्ञापनबाट १ हजार ५६ (४०.७ प्रतिशत) र खुला विज्ञापनबाट १ हजार ३ सय ४० (५९.३ प्रतिशत) सङ्घीय निजामती सेवामा प्रवेश गरेका छन् । चालु आर्थिक वर्षको फागुनसम्म विभिन्न सेवा समूहमा सिफारिस भएका १ हजार १ सय ४७ जना मध्ये ४ सय ८४ जना समावेशी समूहतर्फ सिफारिस भएका छन् । समावेशी पदपूर्ति व्यवस्था लागु भएको आर्थिक वर्ष २०६४/६५ देखि २०८१/८२ सम्म विभिन्न समावेशी समूहको विज्ञापनबाट जम्मा २६ हजार २ सय ७४ जना उम्मेदवार सिफारिस भएका छन्।

आर्थिक सर्वेक्षण २०८२/८३ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा परराष्ट्र र कूटनीतिको विकास कार्यमा चालु आर्थिक वर्षको फागुनसम्म नेपालका विदेशस्थित ३१ राजदूतावास, ३ स्थायी नियोग र १० महावाणिज्य दूतावास समेत ४४ नेपाली नियोग रहेका छन् । नेपालले पेस गरेको सङ्कल्प प्रस्ताव "International Wellness Day" लाई संयुक्त राष्ट्रसङ्घको ८० औं महासभाले पारित गर्दै प्रत्येक वर्ष १५ अप्रिललाई अन्तर्राष्ट्रिय आरोग्य दिवसका रुपमा मनाउने घोषणा गरेको छ। दक्षिण एसियाको पहिलो राष्ट्रको रूपमा २०७८ मङ्सिर १ गतेदेखि विद्युतीय राहदानी जारी गर्न सुरु भएपश्चात हालसम्म ५५ लाख १६ हजार ३ सय ९८ थान राहदानी जारी भएका छन् । आर्थिक वर्ष २०८१/८२ मा १३ लाख १३ हजार २ सय ५४ थान विद्युतीय राहदानी जारी गरिएकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या ८ लाख १९ हजार ४ सय ३४ रहेको छ। आर्थिक वर्ष २०८१/८२ र चालु आर्थिक वर्षको फागुनसम्म अन्य लिङ्गका क्रमशः १० र ३ को राहदानी

विवरण सम्बन्धित आर्थिक वर्षको पुरुषको सङ्ख्या मा समावेश गरिएको छ। आर्थिक वर्ष २०८१/८२ देखि पन्ववाचक राहदानीको तथ्याङ्क समावेश गरिएको छैन। चालु आर्थिक वर्षको फागुनसम्म जारी भएका राहदानीमध्ये पुरुषतर्फ (अन्य लिङ्गका सहित) ६८.२ प्रतिशत र महिला ३१.८ प्रतिशत रहेका छन्। गत आर्थिक वर्ष यस्तो हिस्सा क्रमशः ७०.६ प्रतिशत र २९.४ प्रतिशत रहेको थियो।

यस आर्थिक वर्षमा शान्ति सुरक्षाको विकास कार्यमा आर्थिक वर्ष २०८१/८२ सीमा सुरक्षातर्फ सशस्त्र प्रहरीबाट ४६० स्थानमा सीमा क्षेत्रका पूर्वाधार सुधार र ४९८ सीमा स्तम्भको मर्मत/पुनर्निर्माण कार्य सम्पन्न भएको छ। विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (FNMIS), विद्युतीय यात्रा अनुमति (Electronic Travel Authorization), अन्तर्राष्ट्रिय कार्ड भुक्तानी (International Card Payment) र अनलाइन पदयात्रा अनुमति (Trekking Permit) प्रणाली लागु भएको छ। मकवानपुर थाहा नगरपालिकामा क्षेत्रीय एकीकृत बहुप्रकोप प्रारम्भिक सतर्कता प्रणाली (REMIS) सँगको सहकार्यमा चट्याङ पूर्व-सूचना प्रणाली सञ्चालनमा आएको छ। पश्चिम नेपाल भुकम्प र वि.सं. २०८१ को मनसुनजन्य विपद् पश्चात १ लाख २० हजार ९ सय १३ संरचना क्षतिग्रस्त भई अनुमानित रु.१ खर्ब ९ अर्ब २२ करोड ९६ लाख लागतको पुनर्लाभ योजना २०८१-८२/२०८३-८४ तयार भएको छ। सन् २०२५ मा अध्यागमन विभागबाट विभिन्न प्रकारका ८ लाख ६३ हजार ३ सय ६९ भिषा जारी भएका छन्। जारी भएका भिषामध्ये पर्यटक भिषा ९६.१ प्रतिशत रहेको छ। सन् २०२४ मा ८ लाख ३३ हजार ६ सय १ भिषा जारी भएका थिए।

सार्वजनिक निकायबाट हुने अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रबाट आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म ६१० उजुरी फछ्र्यौट भएका छन्। आर्थिक वर्ष २०७९/८० मा ६६७ उजुरी फछ्र्यौट भएका थिए। यस आर्थिक वर्षदेखि स्थानीय तहको न्यायिक समितिका लागि विवाद निरूपणसम्बन्धी प्रशिक्षण सामग्री तथा निर्देशिका, २०७९ तयार भई कार्यान्वयनमा आएको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेका २६ हजार ३७० उजुरीमध्ये ५३.२ प्रतिशत उजुरी फछ्र्यौट भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा ४९.७ प्रतिशत उजुरी फछ्र्यौट भएका थिए। यस आर्थिक वर्षको फागुनसम्म आयोगबाट विशेष अदालतमा ११६ मुद्दा दायर भएका छन्। गत आर्थिक

वर्षको सोही अवधिमा १०२ मुद्दा दायर भएका थिए । पछिल्लो तीन वर्षको प्रदेशगत उजुरीको आधारमा मधेस प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशका विभिन्न सरकारी/सार्वजनिक निकाय विरूद्ध बढी तथा गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका यस्ता निकाय विरूद्ध कम उजुरी परेका छन् ।

सरकारी सेवामा महिला कर्मचारीको सङ्ख्या वृद्धि हुँदै गएको छ । २०६५ असारसम्म निजामती सेवामा महिलाको सङ्ख्या १२.० प्रतिशत रहेकोमा २०८० फागुनसम्म २८.५ प्रतिशत पुगेको छ । नेपाल स्वास्थ्य सेवामा महिलाको सङ्ख्या सबैभन्दा बढी रहेको छ । यस सेवामा कार्यरतमध्ये ४९.७ प्रतिशत महिला रहेका छन् । संवैधानिक पदाधिकारीतर्फ महिलाको सहभागिता ८.५ प्रतिशत रहेको छ । लोक सेवा आयोगबाट २०६४ सालदेखि तोकिएको समावेशी समूहका उम्मेदवारबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति हुँदै आएको छ । यसअनुरूप, गत आर्थिक वर्ष समावेशी समूहबाट १,४६० व्यक्ति निजामती सेवामा प्रवेश गरेका थिए ।

सार्वजनिक सेवा प्रवाह र सुशासनको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नमा देखा परेका समस्या, बाधा तथा चुनौतीहरूमा सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबारे अनुसन्धान तथा विकासमा लगानी वृद्धि गर्नु, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समयसापेक्ष प्रयोग गर्नु, दुर्गम बस्तीमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको पहुँच विस्तार गर्नु, नागरिकको प्रविधिमाथिको आर्थिक पहुँच सुनिश्चित गर्नु, विद्युतीय कारोबारलाई सर्वसुलभ, सुरक्षित र प्रभावकारी तुल्याउनु, एकीकृत अनलाइन पोर्टल मार्फत एकीकृत सेवा प्रवाहको अवधारणालाई मूर्तता प्रदान गर्नु, आमसञ्चारका माध्यममा प्रसारित समाचार मर्यादित र विश्वसनीय बनाउनु साथै भ्रामक समाचारको नियमन एवम् नियन्त्रण गर्नु । सेवाहरू लक्षित वर्गसम्म पुग्न नसक्नु, सेवाहरू जनताको आवश्यकता अनुसारको नहुनु, सेवाको गुणस्तर कमजोर हुनु, सेवा प्रक्रियामुखी वा केन्द्रमुखी हुनु, सेवाग्राहीको सहभागिता न्यून भएको देखिन्छ ।

सेवा वितरण कार्यलाई भ्रष्टाचारले दुषित तुल्याउनु, सेवाग्राही मूल्याङ्कन व्यवस्था नहुनु, पारदर्शिता, जवाफदेहिता, प्रतिस्पर्धाको कमी हुनु, नातावाद, कृपावाद हावी भएको छ । कर्मचारीमा जनसेवाको भाव कम हुन गएको देखिन्छ । सबै कार्यालयमा सूचना प्रविधि प्रयोगमा नल्याइनु, सबै स्थानमा पूर्वाधारको कमी हुँदा जनताले प्रभावकारी सेवा प्राप्त गर्न नसक्नु लगायत, के गरेमा सार्वजनिक

सेवाको प्रभावकारितामा वृद्धि हुन्छ, सेवाको गुणस्तर निर्धारण गर्ने, निष्पक्ष व्यवहार गर्ने, पूर्ण र खुला सूचनाको प्रवाह गर्ने, छलफल र संलग्नता, पहुँच विस्तार, गल्ती कमजोरीको सुधार, स्रोत साधनको उच्चतम उपयोग नभएको पाइन्छ।

सार्वजनिक सेवा प्रवाह तथा सुशासनको समस्या, बाधा तथा चुनौतीलाई हटाउने उपायहरूमा सेवा नागरिकको अधिकारहरूमा स्थापित हुनुपर्दछ । सेवा दिनेको अनुकूल होइन, लिनेको अनुकूलमा हुनुपर्दछ। सेवा गुणस्तरीय र मितव्ययी पनि हुनुपर्दछ। सेवा प्रवाह गर्दा जनसहभागितालाई ध्यान दिन सकेमा बढी प्रभावकारी हुन्छ। जनताले रोजेको, खोजेको र आवश्यकता ठहऱ्याएको सेवा प्रवाह हुनुपर्दछ । सेवाग्राहीलाई सेवा छनोटको पर्याप्त अवसर हुनुपर्दछ। सार्वजनिक सेवाले सामाजिक न्याय दिन सक्नुपर्दछ । सेवा वितरण गर्ने प्रणाली छरितो हुनुपर्दछ। सेवा तोकिएको समयमा प्राप्त हुनुपर्दछ । सेवा वितरणलाई प्रभावकारी बनाउन विभिन्न क्षेत्रको जिम्मेवारी बहन गर्नुपर्छ। राज्यले प्रदान गर्ने गरी बाध्यकारी सेवा सुविधाहरू जस्तो शान्ति सुरक्षाको व्यवस्था गर्नुपर्दछ। नागरिक हित प्रवर्द्धन गर्न र जनताको क्षमता, दक्षता अभिवृद्धि गर्न उपलब्ध गराउने जस्तो शिक्षा, स्वास्थ्य, तालिम, रोजगारी, सूचना आदिको प्रवाह गरिनु आवश्यक छ।

सोह्रौं योजना आर्थिक वर्ष (२०८१/८२-२०८५/८६) मा सार्वजनिक तथा वैकल्पिक वित्तीय स्रोतहरू (सार्वजनिक-निजी साझेदारी, सहलगानी, लागत साझेदारी, हरित जलवायु वित्त) को प्रभावकारी परिचालन, वस्तुगत विनियोजन, खर्च क्षमता अभिवृद्धि तथा वित्तीय सुशासन कायम गर्न नीतिगत, संरचनागत तथा कानुनी सुधार गर्ने, यातायात पूर्वाधारका क्षेत्रमा सम्भावनाका आधारमा सार्वजनिक निजी साझेदारी पद्धतिको कार्यान्वयन गर्ने; सडक मर्मत खर्च प्रणालीलाई तहगत सरकारहरूमा लागु गर्दै जाने र सडक बोर्डलाई स्रोत परिचालनका लागि स्वायत्त रूपमा स्रोत प्राप्त हुने व्यवस्था गर्ने, विद्युत र जलाशययुक्त आयोजनाको विकासलाई वैदेशिक लगानीमैत्री बनाउँदै सार्वजनिक निजी साझेदारीको अवधारणालाई कार्यान्वयन गर्ने; जलाशययुक्त आयोजनालाई विद्युत विकासको दीर्घकालीन रणनीतिको रूपमा अङ्गिकार गर्ने आदि जस्ता कार्यक्रमहरू राखिएको पाइन्छ।

सार्वजनिक प्रशासनको संरचनागत, कार्यात्मक र व्यवहारगत सुधार एवं सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्धन गरिने कार्यक्रम राखिएको छ। आगामी आर्थिक वर्ष सार्वजनिक उत्तर दायित्व र स्वार्थको द्वन्द्वसम्बन्धी कानुन

तर्जुमा गरिने नीति लिइएको छ । सूचना प्रविधिको अधिकतम उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्धन गरिने नीति लिइएको छ । साथै बजेटका पाँच रुपान्तरणकारी क्षेत्र देहायबमोजिम रहेका छन्ः कृषि क्षेत्र रुपान्तरण, ऊर्जा क्षेत्र विकास, सूचना प्रविधि विकास, पर्यटन प्रवर्धन र उद्यमशीलता र औद्योगिक विकास ।

सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन तथा कार्यक्रम राम्रोसँग व्यवस्थित रुपमा सञ्चालन गर्न सके स्थानीय तहको सेवा प्रवाह थप प्रभावकारी भएको हुने, सामाजिक परिचालनको माध्यमबाट सुशासनको प्रवर्द्धन भएको हुने, समावेशी तथा लक्षित कार्यक्रमहरूको प्रभावकारितामा अभिवृद्धि भई विपन्न, पिछडिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएको हुने, सामाजिक सुरक्षा कार्यक्रम थप व्यवस्थित भएको हुने, स्थानीय तहमा विद्युतीय सुशासन लागु भएको हुने र वित्तीय सुशासन कायम हुन सक्ने अवस्था सिर्जना हुने धेरै सम्भावना रहन्छ । नेपालको संविधान २०७२ ले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरूको समेत स्पष्ट निर्धारण गरेको छ । यस्तो व्यवस्थाबाट सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जना भएको छ ।

वर्तमान अवस्थामा स्थानीय निकायको जवाफदेहिता कमजोर हुनु, स्थानीय निकायहरूको समय सापेक्ष पुनर्संरचना र क्षमता विकास गर्नु, सङ्घीय संरचनाअनुसार प्रदेश र स्थानीय तहमा कर्मचारीहरूको व्यवस्थापन गर्नु, विषयगत निक्षेपणको कार्य प्रभावकारी बनाउनु, नयाँ घोषणा भएका नगरपालिकाहरूको क्षमता विकास गर्नु, स्थानीय निकायलाई नयाँ संवैधानिक व्यवस्थाअनुरूप स्थानीय सरकारमा रूपान्तरण गरी राजनीतिक, आर्थिक, प्रशासनिक सेवा प्रवाह र विकास व्यवस्थापनको दृष्टिले सक्षम एकाइको रूपमा स्थापित गर्नु प्रमुख चुनौतीहरू हुन् । संविधान जारी भएपश्चात् जनताको विश्वासका साथ विकास कार्य अगाडि बढ्ने वातावरण तयार हुनु, केन्द्रीयस्तरका कार्यक्रमहरू क्रमशः स्थानीयस्तरमा कार्यान्वयन हुने गरेबाट अनुभव र दक्षता वृद्धि हुनु, स्थानीय स्वायत्त शासनको अभ्यासले जनतामा शासनप्रतिको सचेतना, सहभागिता तथा अधिकारप्रतिको चासो बढ्दै जानु, विकास प्रक्रियामा स्थानीय जनताको सहभागिता र स्वामित्व बढ्नुजस्ता अवसर रहेका छन् । ◆◆


# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०४६ साल अङ्क, १ को **प्रहरी द्वैमासिक प्रकाशनमा** प्रकाशित **प्र.स.नि. बुद्धकुमार राईद्वारा लिखित 'तालीम र यसको महत्त्व'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

*-सम्पादक*

विज्ञान प्रविधिको चरम सीमामा पुगेको आजको मानव पृथ्वीमा बसी-बसी विभिन्न ग्रहहरूको क्रियाकलापको अध्ययन गर्न सक्छ । समुन्द्रको गहिराइमा डुबेर विभिन्न रहस्यहरूको रहस्योद्‌घाटन गर्न सक्छ । नक्षत्र युद्धको तयारी गर्न सक्छ । साथै मानवले चन्द्रमामा बसोबास गराउने लक्ष्य राखेको छ । तर यी सबै प्रगति भौतिक उन्नति र मानिसले जादुगरको जादु जस्तो फूमन्तरमा प्राप्त गरेको होइन । यसको लागि मानिसले धेरै लगनशील भएर दक्षताकासाथ गरेको परिश्रमको ठूलो भूमिका रहेको छ ।

कुनै पनि क्षेत्रहरू चाहे राजनैतिक, औद्योगिक, सामाजिक या विभिन्न क्षेत्रहरू होस्, प्रगति तब मात्र सम्भव छ जब त्यसमा लागेका व्यक्तिहरू आफ्नो व्यवसायप्रति दक्ष हुन्छन् । दक्षता बिनाको कार्य, रंग बिनाको रेखाचित्र जस्तो हुन्छ । यसै कारण आज विश्वमा दक्षताको आधारमा श्रम-विभाजनको सिद्धान्त अपनाइएको छ । यसरी आफ्नो व्यवसायप्रति दक्षता हासिल गर्नको लागि व्यवसायिक तालीमको आवश्यकता पर्दछ । त्यसमाथि पनि प्रहरीको जस्तो पेशामा पेशागत तालीमको ठूलो आवश्यकता छ । समाजका विभिन्न स्तरका मानिसहरूको वीचमा तालमेल कायम राख्ने र अपराध र अपराधीहरूको बारेमा अन्वेषण र अनुसन्धान गर्ने सजिलो कुरा होइन । देशको शान्ति सुरक्षा र अमन चैन कायम राख्न सदैव सक्रिय र तत्पर रहनु पर्ने यस सेवामा यदि प्रहरी कर्मचारीहरूमा दक्षताको कमी आयो भने शान्ति सुरक्षा र अमन चैनका कडीहरू छिन्नभिन्न हुन जान्छन् । अपराधीहरू केवल लाटा, मूर्ख मात्र होइन, बुद्धिजीवी व्यक्तिहरू पनि हुन्छन् । त्यसकारण उनीहरूको अपराध कार्यविधिमा पनि आकाश पातालको अन्तर हुन्छ । विज्ञानले आविष्कार गरेको साधनहरू अपराधीहरूले अपराध कार्यमा पनि प्रयोग गर्दछन् । त्यसकारण अपराध कार्यविधिमा अपराधीहरूले विशिष्टता हासिल गरेका छन् । त्यसमाथि आज विश्वमा यातायातको सुबिधाले गर्दा विभिन्न देशका मानिसहरूलाई आवत-जावत गर्न सरल हुन पुगेको छ । यसरी आवत-जावत गर्ने मानिसहरू सबै सज्जन हुन्छन् भन्न सकिन्न । उनीहरूको कार्यविधि पनि फरक हुन सक्छ ।




**एउटा बच्चा एउटा किताब एकदम ध्यान दिएर पढिरहेको थियो जसको शिर्षक थियो 'बच्चाहरूको पालन पोषण कसरी गर्ने'**

**आमा** : हैन तैले यो किताब किन पढ्दै छस् ?

**छोरो** : म यो जान्न चाहन्छु कि मेरो पालन पोषण राम्रोसँग भइरहेको छ कि छैन भनेर ।

♦ ♦ ♦

मुन्द्रे सब्जी किन्न बजारतिर गएछ । सब्जिवाला सागमा पानी छम्किदै थियो । मुन्द्रेले पर्खेछ । जब निक्कै बेर भयो मुन्द्रेले सब्जिवालालाई भनेछ :

साहुजी... त्यो सागलाई होस आयो भने १ केजी जोख्दिनुस न मलाई अलि हत्तार छ क्या !

♦ ♦ ♦

एउटा भ्यागुता ज्योतिषकोमा गएछ र आफ्नो भविष्य हेरिदिनु भनेछ ....

**ज्योतिषः** तेरो जीवनमा एउटी राम्री केटी आउनेछ अनि तेरो मुटु चोरेर लानेछे.....!

**भ्यागुताः** (खुसी हुँदै) त्यो केटी कहाँ भेट्छु त मैले ......?

**ज्योतिषः**Biology को Practical Lab मा .....

भ्यागुता त ठाउँको ठाउँ बेहोस....

♦ ♦ ♦

एकदिन शेरे भगवानको तपस्या गर्दै रैछ । अचानक भगवान प्रकट भएछन् अनि भनेछन् ।

**भगवान** : त के चाहन्छस् माग...?

**शेरेः** एउटा जागिर, ठुलो गाडी र त्यसमा धेरै केटी नै केटी....!

**भगवानः** तथास्तु...!

बिचरा शेरे आज एउटा Girl's school मा बस ड्राइभर छ !

♦ ♦ ♦

**संकलनः– प्र.ज.अभिन गुरुङ**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.सं. २०५२ जेठ १ गते सामुदायिक प्रहरी सेवाको उद्घाटन गरिएको थियो ।

➲ वि.स. २०७९ साउन १६ गते तत्कालीन प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले सुदूरपश्चिम प्रदेश अस्पताल (शाखा) को समुद्घाटन गर्नुभएको थियो ।

➲ वि.स. २०७९ माघ १२ गते तत्कालीन प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले नेपाल प्रहरी अस्पताल स्कुल अफ हेल्थ साइन्सेज शैक्षिक कार्यक्रम तथा जेष्ठ प्रहरी अतिथि गृह भवन उद्घाटन गर्नुभएको थियो ।

➲ वि.सं. २०८२ साउन १९ गते तत्कालीन प्रहरी महानिरीक्षक दिपक थापाले ने.प्र.प्र.का. परिसर भित्र 'Unisex Salon' को समुद्घाटन सुसम्पन्न गर्नु भएको थियो ।

**संकलनः– प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**अच्युत प्रसाद खरेल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौँ समेत,** (**ने.का.प. २०६७ अंक ६ नि.नं.** ८३८४, **उत्प्रेषण/परमादेश**) कुन समयमा र कति संख्यामा बच्चा जन्माउने भन्ने निर्णय गर्ने सम्पूर्ण अधिकार महिलाको प्रजनन् अधिकारअन्तर्गत पर्ने भएकाले यस प्रकारको अधिकार प्रयोग गर्दा प्रसूति भएको संख्याको आधारमा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रयोगमा संकुचन गर्न नमिल्ने ।

पहिलो सन्तानको मृत्यु भएमा वा विकलाङ्ग बच्चा जन्मेमा तेस्रो चौथो पटकसम्म पनि प्रसूति हुने इच्छा वा प्रसूति हुनुपर्ने परिस्थिति महिलामाथि सिर्जना हुनसक्ने अवस्था भएमा दुई पटकभन्दा बढी प्रसूति बिदा नदिने व्यवस्थाले महिलाको संविधान प्रदत्त प्रजनन् अधिकारको संरक्षण गर्न नसक्ने ।

प्रसूति बिदाको सुविधा लिनकै निमित्त मात्र पटक-पटक महिला कर्मचारी सुत्केरी हुने र त्यसबाट सो सुविधाको दुरुपयोग हुने सम्भावना रहेको भन्न स्वाभाविक र त्यस्तो अनुमान गर्न नमिल्ने ।

**मदन नारायण श्रेष्ठ विरुद्ध प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं समेत,** (**ने.का.प.** २०७५ **अंक** ८ **नि.नं.** १००६९, **उत्प्रेषण/परमादेश**) निवेदकलाई कर्तव्य ज्यान तथा जबरजस्ती करणी मुद्दामा लागेको कसुर कायम हुन नसकी यस अदालतबाट सफाइ पाएको प्रहरी कर्मचारीलाई मुद्दाको कारणबाट निलम्बनमा राखी बर्खास्त गरेकोमा सफाइ पाएपछि स्वतः पदमा पुनर्स्थापनाको हक रहिरहने ।

निवेदकको उमेर ४८ वर्ष पूरा भइसकेकोले निज स्वतः अवकाश भइसकेकोले निजलाई साबिक पदमा पुनर्बहाली गरी हाजिर गराई रहनु पर्ने नदेखिने । निलम्बन भएका मितिदेखि अवकाश मितिसम्मको तलबभत्ता तथा अन्य सुविधासमेत दिनु पर्ने ।

**संकलनः– प्र.व.ना.नि. प्रमोद उपाध्याय पण्डित**

**रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमबार र बिहिबार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेबसाइट WWW.nepalpolice.gov.np मा समेत सुन्न सकिने छ ।**